नेपाल धितोपत्र बोर्ड

आर्थिक वर्ष २०८३।८४ को पूँजी बजार नीति

नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर।

२०८३ असार

नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

आर्थिक वर्ष २०८३।८४ को पूँजी बजार नीति, सार्वजनिक घोषणा

आदरणीय लगानीकर्ता, निजी क्षेत्रका प्रतिनिधिहरू, वित्तीय क्षेत्रका सरोकारवाला, धितोपत्र बजारसँग सम्बन्धित सम्बद्धपक्षहरू, विकास साझेदार, सञ्चारकर्मी तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

नेपालको पूँजी बजार आज नयाँ परिवर्तनको चरणमा प्रवेश गरेको छ । पछिल्ला वर्षहरूमा लगानीकर्ताको संख्या, डिजिटल कारोबार, सार्वजनिक निष्कासन तथा बजार सहभागितामा उल्लेखनीय वृद्धि भएको छ। तथापि, बजारको गहिराइ, वित्तीय साधनहरूको विविधता, संस्थागत लगानी, कर्पोरेट सुशासन, लगानीकर्ता संरक्षण, प्रविधि, बजार अनुशासन तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकताका क्षेत्रमा अझै महत्वपूर्ण सुधार आवश्यक रहेको छ। यस यथार्थलाई आत्मसात् गर्दै नेपाल धितोपत्र बोर्डले आर्थिक वर्ष २०८३।८४ को पूँजी बजार नीति सार्वजनिक गरेको छ। यो नीति केवल वार्षिक कार्यक्रमहरूको सूची मात्र नभई यो नेपालको पूँजी बजारलाई विश्वसनीय, प्रतिस्पर्धी, समावेशी, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रियस्तरको आधुनिक वित्तीय प्रणालीका रूपमा विकास गर्ने मार्गचित्र हो। यस नीतिले पूँजी बजारलाई राष्ट्रिय बचत परिचालन, उत्पादनशील लगानी प्रवर्द्धन, पूर्वाधार विकास, निजी क्षेत्रको विस्तार, रोजगारी सिर्जना तथा दिगो आर्थिक विकासको प्रमुख वित्तीय आधारका रूपमा स्थापित गर्ने स्पष्ट प्रतिबद्धता व्यक्त गर्दछ।

यस नीतिको केन्द्रबिन्दु विश्वसनीय नियमन, लगानीकर्ता संरक्षण, बजार विस्तार, वित्तीय नवप्रवर्तन तथा संस्थागत सुशासन हो। नियामक प्रणालीलाई पारदर्शी, उत्तरदायी, जोखिममा आधारित तथा प्रविधिमैत्री बनाइनेछ। कानूनी तथा नियामकीय सुधारलाई तीव्रता दिइनेछ, सेवा प्रवाहलाई डिजिटल बनाइनेछ र नियामकीय प्रक्रियालाई **सरल, पूर्वानुमानयोग्य तथा लगानीमैत्री** बनाइनेछ।

पूँजी बजारको विस्तार तथा विविधीकरणलाई यस नीतिको अर्को प्रमुख प्राथमिकता बनाइएको छ। आगामी दिनमा कर्पोरेट ऋणपत्र बजारलाई सुदृढ गर्दै दीर्घकालीन वित्तीय स्रोत परिचालन गरिनेछ। सरकारी, प्रदेश तथा स्थानीय तहका विकास आयोजनाका लागि ऋणपत्र बजारको विस्तार गरिनेछ । गैर आवसीय नेपालीहरूलाई नेपालको धितोपत्रको दोस्रो बजारमा लगानी गर्न सक्ने वातावरण मिलाईनेछ । साना तथा मझौला उद्यम, स्टार्टअप तथा नवप्रवर्तनमा आधारित व्यवसायहरूलाई पूँजी बजारमार्फत वित्तीय पहुँच उपलब्ध गराइनेछ। निजी इक्विटी, भेञ्चर क्यापिटल तथा वैकल्पिक लगानी कोषहरूको विकासलाई प्रोत्साहन दिइनेछ।

वस्तु विनिमय बजार तथा जोखिम व्यवस्थापनमा आधारित आधुनिक वित्तीय उपकरणहरूको चरणबद्ध विकासमार्फत नेपालको पूँजी बजारलाई थप गहिरो र विविधिकरण (Diversified) बनाइनेछ।

लगानीकर्ताको विश्वास नै पूँजी बजारको सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने मान्यताका आधारमा लगानीकर्ता संरक्षणलाई विशेष प्राथमिकता दिइएको छ। **वित्तीय साक्षरता विस्तार, लगानीकर्ता शिक्षा, प्रभावकारी गुनासा व्यवस्थापन, पारदर्शी सूचना प्रणाली तथा निष्पक्ष बजार अभ्यासलाई संस्थागत गरिनेछ।** भित्री कारोबार, बजार हेरफेर तथा धितोपत्रसम्बन्धी वित्तीय अपराधविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। कर्पोरेट सुशासन, समयमै सूचना प्रवाह तथा व्यवसायिक उत्तरदायित्वलाई अझ सुदृढ बनाइनेछ।

डिजिटल रूपान्तरण यस नीतिको अर्को प्रमुख आधार हो। नेपाल धितोपत्र बोर्डलाई प्रविधिमा आधारित आधुनिक नियामक संस्थाका रूपमा विकास गरिनेछ। कृत्रिम बुद्धिमत्ता, डेटा विश्लेषण, RegTech, SupTech तथा साइबर सुरक्षामा आधारित नियामकीय प्रणाली विकास गरिनेछ। पूँजी बजारका सबै प्रमुख सेवाहरूलाई क्रमशः पूर्ण डिजिटल प्रणालीमा रूपान्तरण गर्दै सेवा प्रवाहलाई छिटो, सुरक्षित, पारदर्शी र सहज बनाईनेछ।

यस नीतिले नेपालको पूँजी बजारलाई अन्तर्राष्ट्रिय वित्तीय प्रणालीसँग क्रमशः आबद्ध गर्ने स्पष्ट दिशा निर्देश गरेको छ। विदेशी संस्थागत तथा पोर्टफोलियो लगानीलाई वित्तीय स्थायित्व र राष्ट्रिय हितलाई ध्यानमा राखी चरणबद्ध रूपमा आकर्षित गरिनेछ। अन्तर्राष्ट्रिय असल अभ्यास, कर्पोरेट सुशासनका उच्च मापदण्ड तथा विश्वव्यापी नियामकीय अनुभवलाई नेपालको आवश्यकताअनुसार आत्मसात् गरिनेछ।

त्यसैगरी, हरित वित्त, दिगो विकास तथा सामाजिक उत्तरदायित्वलाई पूँजी बजार विकाससँग जोड्दै हरित ऋणपत्र, दिगोपन ऋणपत्र तथा अन्य वातावरणमैत्री वित्तीय साधनहरूको विकासलाई प्रोत्साहन गरिनेछ। जलवायु परिवर्तन, नवीकरणीय ऊर्जा, दिगो पूर्वाधार तथा समावेशी आर्थिक विकासमा पूँजी बजारको योगदान विस्तार गरिनेछ।

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट संस्थागत जिम्मेवारी, अन्तर—निकाय समन्वय, डिजिटल अनुगमन प्रणाली तथा परिणाममा आधारित कार्यसम्पादन सूचक निर्धारण गरिएको छ। प्रत्येक सुधार कार्यक्रमको नियमित समीक्षा, सार्वजनिक प्रतिवेदन तथा आवश्यक नीतिगत परिमार्जनमार्फत सुधार प्रक्रियालाई निरन्तर अघि बढाइनेछ। यसले नीति कार्यान्वयनलाई उत्तरदायी, पारदर्शी तथा परिणाममुखी बनाउनेछ।

नेपाल धितोपत्र बोर्डको एकल प्रयासबाट मात्र पूँजी बजारको विकास सम्भव हुँदैन भन्ने तथ्यलाई गम्भिरतापूर्वक आत्मसात गर्दै नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज,, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, सूचीकृत कम्पनी, धितोपत्र व्यवसायी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, संस्थागत लगानीकर्ता, निजी क्षेत्र, सञ्चार माध्यम, शैक्षिक संस्था तथा सम्पूर्ण लगानीकर्ताको सक्रिय सहकार्य र साझा प्रतिबद्धताबाट मात्र यस नीतिका उद्देश्यहरू हासिल गर्न सकिनेमा बोर्ड पूर्ण विश्वस्त रहेको छ ।

बोर्डले आगामी दशकका लागि **"नेपालको पूँजी बजार विकास मार्गचित्र, २०८३"** लाई मार्गदर्शक अवधारणाका रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ । उक्त मार्गचित्रको लक्ष्य पूँजी बजारलाई केवल शेयर कारोबारको माध्यममा सीमित नराखी राष्ट्रिय बचत परिचालन, उत्पादनशील लगानी, पूर्वाधार विकास, नवप्रवर्तन, उद्यमशीलता, हरित आर्थिक रूपान्तरण तथा समग्र आर्थिक समृद्धिको प्रमुख वित्तीय आधारका रूपमा स्थापित गर्नु हो।

बोर्ड सबै सरोकारवालालाई यस ऐतिहासिक सुधार यात्रामा सहभागी हुन हार्दिक आह्वान गर्दछ । पारदर्शिता, सुशासन, प्रविधि, नवप्रवर्तन र लगानीकर्ताको विश्वासलाई केन्द्रमा राख्दै नेपालको पूँजी बजारलाई नयाँ उचाइमा पुऱ्याउन बोर्ड दृढ संकल्पकृत रहेको व्यहोरा समेत व्यक्त गर्दछ ।

विश्वसनीय पूँजी बजार-समृद्ध नेपालको आधार।

धन्यवाद।

नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

पूँजी बजार नीति

आर्थिक वर्ष २०८३/८४

"विश्वसनीय, समावेशी, प्रविधिमैत्री र प्रतिस्पर्धी पूँजी बजारः समृद्ध नेपालको वित्तीय आधार"

अध्यक्षको मन्तव्य,

नेपालको पूँजी बजार विगत तीन दशकमा संस्थागत विकास, लगानीकर्ता विस्तार तथा प्रविधिगत आधुनिकीकरणका दृष्टिले महत्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएको छ। धितोपत्रको विद्युतीय अभिलेखीकरण (Demat), मेरो शेयर (Mero Share), C-ASBA प्रणाली, अनलाइन कारोबार प्रणाली (NOTS & TMS), विद्युतीय सार्वजनिक निष्कासन प्रक्रिया तथा दोस्रो बजार कारोबारमा आएको विस्तारले नेपालको पूँजी बजारलाई नयाँ चरणमा प्रवेश गराएको छ।

यद्यपि, वर्तमान अवस्थामा नेपालको पूँजी बजारले अझै धेरै संरचनात्मक चुनौतीहरूको सामना गरिरहेको छ। बजारको आकार र गहिराइ सीमित हुनु, बैंक तथा वित्तीय संस्थाको अत्यधिक प्रभुत्व, संस्थागत लगानीकर्ताको न्यून सहभागिता, कर्पोरेट ऋणपत्र बजारको अविकसित अवस्था, नयाँ वित्तीय उपकरणहरूको अभाव, सीमित सूचीकरण, बजारमा सूचना प्रवाहमा असमानता, भित्री कारोबार (Insider Trading) तथा बजार हेरफेर (Market Manipulation) सम्बन्धी चुनौती, सुचीकृत संगठित संस्था तथा धितोपत्र व्यवसायीको कमजोर सुशासन अवस्था, प्रविधिगत जोखिम तथा लगानीकर्ता शिक्षाको कमीले पूँजी बजारको दीर्घकालीन विकासलाई प्रभावित गरिरहेको छ। साथै, अर्थतन्त्रलाई सही अर्थमा योगदान दिन सकिरहेको छैन।

यसका लागि योजनाबद्ध रुपमा पूँजी बजारको विकास विस्तार गर्ने उद्देश्यले नेपालको पूँजी बजार विकास मार्गचित्र २०८३ तयार गरिएको छ । उक्त मार्गचित्रमा समावेश भएका विषयहरुलाई कार्यान्वयन गर्न आधार वर्षको रुपमा आर्थिक वर्ष २०८३/८४ लाई लिइएको छ।

नेपालको अर्थतन्त्रलाई तीव्र, दिगो तथा समावेशी विकासतर्फ अग्रसर गराउन पूँजी बजारलाई बैंकिङ प्रणालीको पूरक मात्र नभई दीर्घकालीन पूँजी परिचालनको प्रमुख माध्यमका रूपमा विकास गर्नु आजको आवश्यकता हो। ऊर्जा, पूर्वाधार, कृषि, उत्पादन, सूचना प्रविधि, पर्यटन तथा नवप्रवर्तनमुखी उद्योगहरूमा दीर्घकालीन वित्तीय स्रोत उपलब्ध गराउन आधुनिक तथा विविधीकृत पूँजी बजार अपरिहार्य छ।

यही परिप्रेक्ष्यमा आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीति सार्वजनिक गरिएको छ। यस नीतिले नियामकीय सुधार, बजारको विविधीकरण, संस्थागत लगानीको विस्तार, प्रविधिमैत्री पूँजी बजार निर्माण, लगानीकर्ता संरक्षण, हरित तथा दिगो वित्त, गैर आवसीय नेपाली तथा विदेशी लगानी आकर्षण, निजी इक्विटी तथा उद्यमशील पूँजीको विकास, पूँजी बजार पूर्वाधार सुदृढीकरण तथा प्रभावकारी बजार अनुगमनलाई प्राथमिकतामा राखेको छ।

यस नीतिको मूल उद्देश्य नेपालको पूँजी बजारलाई विश्वसनीय, पारदर्शी, प्रतिस्पर्धी, समावेशी तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी राष्ट्रिय बचतलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवस्थामा पुर्याउनु रहेको छ ।

यस नीति कार्यान्वयनमा नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. सूचीकृत कम्पनीहरू, मर्चेन्ट बैंकर, धितोपत्र दलाल व्यवसायी, निक्षेप सदस्य, संस्थागत लगानीकर्ता, निजी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण लगानीकर्ता समुदायको सक्रिय सहकार्य अपेक्षित छ।

डा. गोपाल प्रसाद भट्ट

अध्यक्ष

२०८३ असार २९

अध्याय-एक
पृष्ठभूमि

१.१. नेपालको संविधानले समावेशी तथा दिगो आर्थिक विकासको परिकल्पना गरेको छ। यस परिकल्पनालाई व्यवहारमा रूपान्तरण गर्न निजी क्षेत्रको सुदृढीकरण, उत्पादनशील क्षेत्रमा लगानी विस्तार तथा दीर्घकालीन पूँजीको प्रभावकारी परिचालन अत्यावश्यक हुन्छ। विश्व अर्थतन्त्रको अनुभवले बैंकिङ्ग प्रणाली मात्रमा आधारित वित्तीय संरचनाले तीव्र आर्थिक रूपान्तरण सम्भव हुँदैन भन्ने तथ्य स्पष्ट उजागर गरेको छ। उत्पादन, ऊर्जा, पूर्वाधार, सूचना प्रविधि, पर्यटन, कृषि व्यवसाय तथा नवीन उद्यमहरूका लागि आवश्यक दीर्घकालीन वित्तीय स्रोत उपलब्ध गराउन सक्षम पूँजी बजारको विकास अपरिहार्य हुन्छ।

१.२. नेपालको वित्तीय प्रणालीमा बैंक तथा वित्तीय संस्थाको प्रभुत्व अझै अत्यधिक रहेको छ। निजी क्षेत्रको अधिकांश लगानी बैंक ऋणमा निर्भर छ भने पूँजी बजारको उपयोग मुख्यतः शेयर निष्कासन तथा दोस्रो बजार कारोबारमा सीमित रहेको अवस्था छ। प्राथमिक बजारमार्फत् नियामकीय प्रावधानका कारण बैंकहरुले ऋणपत्रको निष्काशन गरिरहेको भएतापनि यसको दोस्रो बजार अझै विकास विस्तार हुन सकिरहेको छैन । हालको संरचनाले दीर्घकालीन परियोजनाको वित्तपोषण, जोखिम पूँजी (Risk Capital) को उपलब्धता, नवीन उद्योगको विकास तथा वित्तीय स्रोतको विविधीकरणमा अपेक्षित योगदान दिन सकिरहेको छैन। फलस्वरूप, आर्थिक वृद्धिका लागि आवश्यक दीर्घकालीन लगानी र वित्तीय स्थायित्वबीच सन्तुलन कायम गर्न पूँजी बजारको व्यापक विकास अपरिहार्य भएको छ।

१.३. विगत तीन दशकमा नेपालको पूँजी बजारले महत्वपूर्ण संस्थागत विकास गरेको छ। नेपाल धितोपत्र बोर्डको स्थापना, नेपाल स्टक एक्सचेञ्जको सञ्चालन, सिडीएस एण्ड क्लियरिङ लिमिटेडको स्थापना, डिम्याट प्रणाली, मेरो शेयर, सी-आस्वा, अनलाइन कारोबार प्रणाली तथा विद्युतीय सार्वजनिक निष्कासन प्रक्रियाले बजारलाई आधुनिक बनाएका छन्। लगानीकर्ताको संख्या उल्लेखनीय रूपमा बढेको छ, धितोपत्र बजारमा प्रविधिको प्रयोग विस्तार भएको छ र आम नागरिकको सहभागिता पनि विगतको तुलनामा व्यापक भएको छ। यी उपलब्धिहरूले नेपालको पूँजी बजारलाई आधुनिक वित्तीय प्रणालीतर्फ अग्रसर गराएका छन्।

१.४. यद्यपि पूँजी बजारको वर्तमान अवस्था अझै अपेक्षाअनुसार परिपक्व हुन सकेको छैन। बजार पूँजीकरण सीमित क्षेत्रहरूमा केन्द्रित छ। उत्पादन तथा उत्पादनमूलक उद्योग, सूचना प्रविधि, कृषि व्यवसाय, पर्यटन, सेवा तथा अन्य वास्तविक क्षेत्रसँग सम्बन्धित कम्पनीहरूको सूचीकरण न्यून छ। कर्पोरेट

ऋणपत्र बजार प्रभावकारी रूपमा विकास हुन सकेको छैन। निजी इक्विती तथा भेञ्चर क्यापिटल प्रारम्भ अवस्थामा रहेको, पूर्वाधार कोष, रियल इस्टेट इन्भेष्टमेन्ट ट्रस्ट (REIT), एक्सचेञ्ज ट्रेडेड फण्ड (ETF), डेरिभेटिभ, कमोडिटी एक्सचेञ्ज तथा अन्य वैकल्पिक वित्तीय साधनहरूको शुरुवात हुन सकिरहेको छैन। यसका अतिरिक्त संस्थागत लगानीकर्ताको सीमित सहभागिता, बजारमा तरलताको कमी, अनुसन्धान संस्कृतिको अभाव, भित्री कारोबार तथा बजार हेरफेरसम्बन्धी चुनौती, सूचीकृत संगठित संस्था तथा धितोपत्र व्यवसायीको कमजोर संस्थागत सुशासनको अवस्था, साइबर सुरक्षाको जोखिम र लगानीकर्ता शिक्षाको अपर्याप्तताले बजारको गुणात्मक विकासलाई सीमित बनाएको छ।

१.५. अन्तर्राष्ट्रिय रूपमा पूँजी बजारको स्वरूप तीव्र रूपमा परिवर्तन भइरहेको छ। कृत्रिम बुद्धिमत्ता, ब्लकचेन, बिग डेटा, क्लाउड कम्प्युटिङ तथा डिजिटल पूर्वाधारले विश्वव्यापी पूँजी बजारलाई अझ पारदर्शी, सुरक्षित र प्रभावकारी बनाइरहेका छन्। दिगो वित्त(Sustainable Finance), हरित ऋणपत्र (Green Bonds), सामाजिक ऋणपत्र (Social Bonds), ESG मा आधारित लगानी, फिनटेक तथा डिजिटल सम्पत्तिसम्बन्धी बहसले वित्तीय क्षेत्रको स्वरूप परिवर्तन गरिरहेको छ। नेपालले पनि अन्तर्राष्ट्रिय अभ्यास तथा प्रवृत्तिसँग समन्वय गर्दै आफ्नो पूँजी बजारलाई क्रमिक रूपमा आधुनिक, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउनु आवश्यक छ।

१.६. आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीति यिनै राष्ट्रिय आवश्यकता, अन्तर्राष्ट्रिय अभ्यास र प्रवृत्ति तथा विगतका अनुभवहरूको समग्र विश्लेषणका आधारमा तयार गरिएको छ। यस नीतिको मूल उद्देश्य पूँजी बजारलाई केवल शेयर कारोबारको माध्यममा मात्र सीमित नराखी राष्ट्रिय आर्थिक विकास, औद्योगिकीकरण, पूर्वाधार निर्माण, नवप्रवर्तन, उद्यमशीलता तथा वित्तीय समावेशिताको प्रमुख आधारका रूपमा विकास गर्नु रहेको छ । प्रस्तुत नीतिले नियामकीय सुधार, बजार पूर्वाधारको आधुनिकीकरण, लगानीकर्ता संरक्षण, बजारको उपकरण तथा सेवामा विविधीकरण, प्रविधिमा आधारित नियमन, संस्थागत लगानीको विस्तार तथा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धात्मक पूँजी बजार निर्माणलाई आगामी वर्षको प्रमुख प्राथमिकताका रूपमा अघि सारेको छ।

१.७. नेपाल धितोपत्र बोर्ड विश्वास गर्दछ कि नेपाल सरकार, निजी क्षेत्र, वित्तीय संस्था, विकास साझेदार तथा सम्पूर्ण बजार सहभागीहरूको साझा प्रतिबद्धता र सहकार्यबाट नेपालको पूँजी बजारलाई दक्षिण एशियाकै गतिशील, विश्वसनीय तथा उत्पादनमुखी वित्तीय प्रणालीका रूपमा विकास गर्न सकिन्छ।

***

अध्याय-दुई
आर्थिक वर्ष २०८२/८३ को पूँजी बजारको समीक्षा

२.१. आर्थिक वर्ष २०८२/८३ मा समष्टिगत रुपमा सन्तोषजनक आर्थिक अवस्था, वित्तीय प्रणालीमा बढ्दो स्थायित्व तथा नेपाल सरकारले देशमा सुशासन कायम गर्न चालेको कदमबाट आम नागरिकमा विश्वास पुनःस्थापना भइरहेको पृष्ठभूमि भएतापनि सोही अनुरुपको लगानीकर्ताको आत्मविश्वास धितोपत्र बजारमामार्फत प्रस्फुटित हुन सकिरहेको छैन । विगत केही वर्षको अस्थिरता, केही वर्ष अघिसम्मको उच्च ब्याजदर, तरलता अभाव तथा लगानीकर्ताको मनोबलमा आएको कमीबाट क्रमशः बाहिरिँदै अर्थतन्त्रका सूचकहरुमा आएको सुधारसँगै पूँजी बजारमा पुनः विस्तारको आधार तयार हुने आम अपेक्षा रहेको थियो । तथापि पूँजी बजारमा अपेक्षाकृत संस्थागत तथा संरचनात्मक सुधार हुन सकेन । यद्यपि, यस अवधिमा प्राप्त उपलब्धिहरूलाई दीर्घकालीन रूपमा संस्थागत गर्न तथा पूँजी बजारलाई राष्ट्रिय आर्थिक विकासको प्रभावकारी वित्तीय पूर्वाधारका रूपमा स्थापित गर्न अझै व्यापक संरचनागत सुधार आवश्यक रहेको स्पष्ट भएको छ। त्यसैले बजार सुधारको कार्यलाई संस्थागत गर्दै पूँजी बजारलाई राष्ट्रिय आर्थिक विकासको प्रभावकारी वित्तीय पूर्वाधारका रूपमा स्थापित गर्न अझै व्यापक संरचनागत सुधार आवश्यक रहेको छ ।

२.२. आर्थिक वर्ष २०८२/८३ मा निजी क्षेत्रको लगानी विस्तार अपेक्षित रूपमा हुन नसक्नु, पूँजीगत सरकारी खर्च कमजोर रहनु, वस्तु तथा सेवाको माग बढ्न नसकी औद्योगिक उत्पादनमा सुस्तता आउँदा समग्र लगानीकर्ताको मनोबल बढ्न नसकी पूँजी बजारले अपेक्षित गति लिन नसकेको देखिन्छ। तथापि नेपालको समष्टिगत अर्थतन्त्रका केही महत्वपूर्ण सूचकहरुमा सकारात्मक संकेतहरू देखिएका छन्। मुद्रास्फीति नियन्त्रणको दायरामा रहनु, विदेशी विनिमय सञ्चितिमा उल्लेखनीय सुधार हुनु, विप्रेषण आय निरन्तर बढ्नु तथा बैंकिङ प्रणालीमा पर्याप्त तरलता उपलब्ध हुनुले लगानीको पर्याप्त वातावरण तयार भएको छ। बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप लागत क्रमशः घट्दै जाँदा कर्जाको ब्याजदरमा पनि कमी आएको छ। यसले वैकल्पिक लगानीका क्षेत्रको खोजीमा रहेका लगानीकर्तालाई पुनः पूँजी बजारतर्फ आकर्षित गर्ने देखिन्छ।

२.३. प्राथमिक धितोपत्र बजारमा यस अवधिमा सार्वजनिक निष्कासन प्रणाली अझ व्यवस्थित र डिजिटल हुँदै गएको छ। सार्वजनिक निष्कासनमा C-ASBA, मेरो शेयर तथा विद्युतीय आवेदन प्रणालीको व्यापक प्रयोगका कारण देशभरका लगानीकर्ताको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ। सार्वजनिक निष्कासनमा सहभागी हुने लगानीकर्ताको संख्या विगतको तुलनामा उल्लेखनीय रूपमा बढेको छ, जसले पूँजी बजारप्रति आम नागरिकको आकर्षण अझै कायम रहेको देखाउँछ। यद्यपि प्राथमिक

बजारको संरचना अझै सीमित रहेको छ। अधिकांश सार्वजनिक निष्कासन जलविद्युत्, बैंक तथा वित्तीय संस्था र बीमा क्षेत्रमै केन्द्रित रहँदा उत्पादन, कृषि व्यवसाय, सूचना प्रविधि, पर्यटन, स्वास्थ्य सेवा, शिक्षा, उत्पादनमूलक उद्योग तथा नवीन प्रविधिमा आधारित उद्यमहरूको सहभागिता अत्यन्त न्यून रह्यो। यसले पूँजी बजारले वास्तविक अर्थतन्त्रका सबै क्षेत्रलाई समान रूपमा प्रतिनिधित्व गर्न नसकेको अवस्था स्पष्ट पार्दछ।

२.४. यसैगरी, संस्थागत ऋणपत्र बजारले अपेक्षित गति लिन सकेन। विकसित पूँजी बजार भएका देशहरूमा निजी क्षेत्रको दीर्घकालीन वित्तीय आवश्यकताको महत्वपूर्ण स्रोतका रूपमा रहेको Corporate Bond Market नेपालमा अझै प्रारम्भिक अवस्थामै सीमित रहेको छ। अधिकांश संस्थाहरूले बैंक ऋणलाई नै प्रमुख वित्तीय स्रोतका रूपमा प्रयोग गरिरहेकाले पूँजी बजारमार्फत दीर्घकालीन पूँजी परिचालनको सम्भावना पर्याप्त रूपमा उपयोग हुन सकेको छैन। हरित ऋणपत्रको निष्काशन शुरूवात भए पनि नगर ऋणपत्र, पूर्वाधार ऋणपत्र तथा परियोजना आधारित वित्तीय उपकरणहरू नेपालको पूँजी बजारमा भित्र्याउनुपर्ने अवस्था देखिन्छ ।

२.५. दोस्रो बजारतर्फ हेर्दा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार हुने कम्पनीहरूको संख्या तथा लगानीकर्ताको सहभागिता विस्तार भए तापनि बजारको गहिराइ अपेक्षाकृत कमजोर नै रह्यो। बजार पूँजीकरण केही सीमित क्षेत्र र सीमित कम्पनीहरूमा केन्द्रित रहेको देखियो। दैनिक कारोबारमा ठूलो उतारचढाव, सीमित तरलता तथा केही कम्पनीहरूको शेयरमा अत्यधिक कारोबार केन्द्रित हुने प्रवृत्तिले बजारको मूल्य निर्धारण प्रणालीलाई पूर्ण रूपमा प्रभावकारी बनाउन सकेन। बजारमा संस्थागत लगानीकर्ताको न्यून सहभागिता तथा बजार निर्माता (Market Maker) प्रणालीको अभावका कारण मूल्य स्थायित्व कायम राख्न कठिनाइ भएको अनुभव गरियो। दीर्घकालीन लगानीभन्दा छोटो अवधिको सट्टेबाजी प्रवृत्तिले पनि बजारको स्वस्थ विकासमा चुनौती सिर्जना गरिरहेको देखिन्छ ।

२.६. आर्थिक वर्ष २०८२/८३ सम्म नेपालको पूँजी बजारको डिजिटल रूपान्तरणले उल्लेखनीय गति लिएको छ। धितोपत्रको विद्युतीय अभिलेखीकरण, मेरो शेयर प्रणाली, अनलाइन कारोबार, डिजिटल लाभांश वितरण तथा विद्युतीय सार्वजनिक निष्कासन प्रक्रियाले लगानीकर्ताको पहुँचलाई सहज बनाएको छ। प्रविधिको प्रयोगका कारण कारोबार प्रक्रिया छिटो, पारदर्शी तथा कम लागतयुक्त भएको छ। तथापि अन्तर्राष्ट्रियस्तरमा प्रयोग भइरहेका कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) मा आधारित बजार निगरानी, बिग डेटा विश्लेषण, ब्लकचेन प्रविधि, वास्तविक समयको जोखिम व्यवस्थापन (Real-time Risk Monitoring) तथा साइबर सुरक्षा प्रणालीको विकास अझै प्रारम्भिक चरणमा रहेको छ।

डिजिटल पूर्वाधारको तीव्र विस्तारसँगै साइबर सुरक्षा तथा डेटा संरक्षणसम्बन्धी जोखिम व्यवस्थापनलाई थप सुदृढ बनाउनु आवश्यक भएको छ।

२.७. नेपाल धितोपत्र बोर्डले नियामकीय सुधारका क्षेत्रमा पनि केही महत्वपूर्ण पहलहरू अघि बढाएको छ। धितोपत्र निष्कासन प्रक्रियामा पारदर्शिता अभिवृद्धि, सूचना प्रवाह व्यवस्थामा सुधार, जोखिममा आधारित सुपरिवेक्षण प्रणालीको विकास तथा डिजिटल नियमन तर्फका प्रारम्भिक प्रयासहरू उल्लेखनीय उपलब्धि हुन्। तथापि बजारमा भित्री कारोबार (Insider Trading), बजार हेरफेर (Market Manipulation), कृत्रिम कारोबार (Artificial Trading), सम्बन्धित पक्षबीचको अनुचित कारोबार तथा सूचना असमानता नियन्त्रण गर्न अझ प्रभावकारी अनुसन्धान, प्रबलीकरण तथा दण्ड प्रणाली आवश्यक रहेको अनुभव गरिएको छ। नियामकीय क्षमता तथा प्रविधिमा थप लगानी नगरी पूँजी बजारमा दीर्घकालीन विश्वास कायम गर्न कठिन हुने तथ्य यस अवधिले स्पष्ट रूपमा देखाएको छ।

२.८. लगानीकर्ता सहभागिताका दृष्टिले आर्थिक वर्ष २०८२/८३ उत्साहजनक रह्यो। नयाँ डिम्याट खाता, मेरो शेयर प्रयोगकर्ता तथा डिजिटल माध्यमबाट बजारमा प्रवेश गर्ने युवा लगानीकर्ताको संख्या निरन्तर बढेको छ। विदेशमा कार्यरत नेपालीहरूले समेत डिजिटल प्रणालीमार्फत पूँजी बजारमा लगानी गर्न थालेका छन्। यद्यपि लगानीकर्ताको उल्लेखनीय हिस्सा अझै आधारभूत वित्तीय विश्लेषणभन्दा सामाजिक सञ्जाल, अफवाह तथा अल्पकालीन मूल्य उतारचढावबाट प्रभावित हुने प्रवृत्तिमा रहेको देखिन्छ। यसले वित्तीय साक्षरता, लगानीकर्ता शिक्षा तथा अनुसन्धानमा आधारित लगानी संस्कृतिको विकासलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने आवश्यकता अझ स्पष्ट भएको छ।

२.९. संस्थागत लगानीकर्ताको भूमिकातर्फ हेर्दा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनी तथा सामूहिक लगानी कोषहरूले पूँजी बजारमा योगदान पुऱ्याइरहेका भए तापनि कुल कारोबार तथा दीर्घकालीन लगानीको दृष्टिले उनीहरूको भूमिका अझै अपेक्षाकृत सीमित छ। विकसित पूँजी बजारहरूमा बजार स्थायित्व तथा मूल्य अन्वेषण प्रक्रियामा संस्थागत लगानीकर्ताको प्रमुख भूमिका रहने भए पनि नेपालमा यस्तो अवस्था अझै निर्माण हुन सकेको छैन। निजी इक्विटी, भेञ्चर क्यापिटल तथा वैकल्पिक लगानी कोषको विकास पनि प्रारम्भिक चरणमै सीमित रहँदा नवप्रवर्तनमुखी उद्योग तथा स्टार्टअप कम्पनीहरूले आवश्यक जोखिम पूँजी प्राप्त गर्न कठिनाइ भोगिरहेका छन् ।

२.१०. समग्र रूपमा आर्थिक वर्ष २०८२/८३ ले नेपालको पूँजी बजारमा सकारात्मक सम्भावना र विद्यमान संरचनागत चुनौती दुवैलाई स्पष्ट रूपमा उजागर गरेको छ। डिजिटल पूर्वाधारको विस्तार, लगानीकर्ताको बढ्दो सहभागिता तथा नियामकीय सुधारको प्रारम्भिक आधारले भविष्यका लागि

आशावादी वातावरण सिर्जना गरेको छ। तर बजारको आकार, वित्तीय उपकरणको विविधता, ऋणपत्र बजार, संस्थागत लगानी, गैर आवसीय नेपाली तथा विदेशी लगानी आकर्षण, अनुसन्धान संस्कृति, प्रविधिमा आधारित नियमन तथा लगानीकर्ता संरक्षणका क्षेत्रमा अझै व्यापक सुधार आवश्यक रहेको तथ्य यस अवधिको समीक्षाले स्पष्ट रूपमा देखाएको छ।

२.११. यस समीक्षाबाट प्राप्त अनुभवले आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीतिले केवल कारोबार विस्तारमा मात्र होइन, पूँजी बजारको संरचनागत रूपान्तरण, संस्थागत सुदृढीकरण, वित्तीय नवप्रवर्तन, लगानीकर्ता विश्वास अभिवृद्धि तथा राष्ट्रिय आर्थिक विकाससँग प्रत्यक्ष जोडिने सुधार कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने आवश्यकता स्पष्ट गरेको छ। यही आधारमा आगामी वर्षको प्रस्तुत नीति समष्टिगत सुधारको मार्गचित्र हुने गरी तयार गरिएको छ।

***

अध्याय–तीन

नीतिको सोच, दृष्टि, उद्देश्य, लक्ष्य तथा रणनीतिक आधार

३.१ नेपालको पूँजी बजार अहिले विकासको एक महत्वपूर्ण मोडमा उभिएको छ। विगत तीन दशकमा बजारले संस्थागत विकास, डिजिटल प्रविधिको प्रयोग, लगानीकर्ताको पहुँच विस्तार तथा नियामकीय संरचनाको विकासका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको भए पनि यसको समग्र योगदान राष्ट्रिय अर्थतन्त्रको आवश्यकताअनुसार हुन सकेको छैन। पूँजी बजारको आकार, गहिराइ, वित्तीय साधनहरूको विविधता, संस्थागत लगानीकर्ताको भूमिका, कर्पोरेट ऋणपत्र बजारको विकास तथा उत्पादनमूलक क्षेत्रसँगको अन्तरसम्बन्ध अझै सीमित रहेको अवस्था छ। परिणामस्वरूप नेपालको वित्तीय प्रणाली अझै बैंक केन्द्रित रहँदा दीर्घकालीन पूँजी निर्माण, औद्योगिकीकरण तथा पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोतको विविधीकरण हुन सकेको छैन ।

३.२ विश्वव्यापीरूपमा पूँजी बजारले राष्ट्रिय आर्थिक रूपान्तरण, औद्योगिक प्रतिस्पर्धात्मकता, नवप्रवर्तन, हरित वित्त, दिगो विकास तथा अन्तर्राष्ट्रिय लगानी आकर्षणका लागि रणनीतिक वित्तीय पूर्वाधारका रूपमा आफ्नो भूमिका स्थापित गरिसकेको छ। विकसित तथा उदीयमान अर्थतन्त्रहरूको अनुभवले सुदृढ, पारदर्शी तथा विविधीकृत पूँजी बजारले आर्थिक वृद्धि, उत्पादकत्व वृद्धि, निजी क्षेत्रको विस्तार तथा रोजगारी सिर्जनामा प्रत्यक्ष योगदान पुर्‍याउने तथ्य प्रमाणित गरेको छ। नेपालले पनि यही अनुभवबाट सिक्दै आफ्नो पूँजी बजारलाई आधुनिक, प्रतिस्पर्धी, लगानीकर्तामैत्री तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

३.३ आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीति यही दीर्घकालीन सोचका आधारमा तयार गरिएको हो। यो नीतिले तत्कालीन बजार सुधारका कार्यक्रमहरूलाई प्राथमिकता दिदैं नेपालको **Capital Market Development Blueprint of Nepal, 2083** को पहिलो कार्यान्वयन चरणका रूपमा काम गर्ने उद्देश्य राखेको छ। प्रस्तुत नीतिले वार्षिक सुधार कार्यक्रमलाई दीर्घकालीन रणनीतिसँग आबद्ध गर्दै पूँजी बजारलाई राष्ट्रिय आर्थिक विकासको प्रमुख वित्तीय स्तम्भका रूपमा स्थापित गर्ने स्पष्ट दिशा प्रदान गर्दछ।

३.४ यस नीतिले नेपाल सरकारको १६ औं पञ्चवर्षीय (२०८३-२०८७) योजना, वित्तीय क्षेत्र विकास रणनीति तथा कार्यनीतिहरू, नेपाल सरकारको आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२, पूँजी बजार सुधार सुझाव कार्य दल, २०८२, नेपाल सरकारको सुशासन मार्गचित्र, २०८२, नेपाल सरकारको शासकीय सुधार एक सय कार्यसूचिमा उल्लिखित कार्यक्रम एवं नेपाल सरकारको आर्थिक वर्ष

२०८३।८४ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरिएका पूँजी बजार विकास तथा सुधारसँग सम्बन्धित कार्यक्रमहरुलाई प्रमुख आधारको रुपमा लिएको छ।

३.५ यस नीतिको **दृष्टि (Vision)** नेपालको पूँजी बजारलाई **विश्वसनीय, पारदर्शी, समावेशी, प्रविधिमैत्री, प्रतिस्पर्धी तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी राष्ट्रिय बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने अग्रणी वित्तीय प्रणालीका रूपमा स्थापित गर्नु** रहेको छ। यस दृष्टिले पूँजी बजारलाई उत्पादन, पूर्वाधार, ऊर्जा, कृषि व्यवसाय, पर्यटन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा नवीन उद्यमहरूका लागि दीर्घकालीन पूँजीको प्रमुख स्रोतका रूपमा विकास गर्ने लक्ष्य राखेको छ ।

३.६ यस नीतिको **ध्येय (Mission)** पूँजी बजारमा लगानीकर्ताको विश्वास अभिवृद्धि गर्दै, निष्पक्ष तथा पारदर्शी बजार प्रणाली स्थापना गर्नु, वित्तीय साधनहरूको विविधीकरण गर्नु, संस्थागत लगानीकर्ताको सहभागिता विस्तार गर्नु, डिजिटल प्रविधिमा आधारित नियमन प्रणाली विकास गर्नु तथा राष्ट्रिय अर्थतन्त्रका सबै उत्पादनशील क्षेत्रलाई पूँजी बजारसँग आबद्ध गराउनु हो। यसका साथै निजी क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धि, नवप्रवर्तनमुखी उद्योगहरूको वित्तीय पहुँच विस्तार तथा विदेशी संस्थागत लगानी आकर्षित गर्न आवश्यक वातावरण निर्माण गर्नु पनि यस नीतिको प्रमुख ध्येय रहेको छ।

३.७ उक्त नीति देहायका पाँच आधारभूत रणनीतिक सिद्धान्तमा आधारित रहेको छ।

१) पहिलो, **विश्वसनीयता र सुशासनः** पूँजी बजारको दिगो विकासका लागि पारदर्शी सूचना प्रणाली, प्रभावकारी नियमन तथा प्रबलीकरण र सबै लगानीकर्ताप्रति समान व्यवहार सुनिश्चित गर्ने,

२) दोस्रो, **विविधीकरण र नवप्रवर्तनः** पूँजी बजारलाई साधारण शेयर कारोबारमा सीमित नराखी कर्पोरेट ऋणपत्र, नगर ऋणपत्र, हरित ऋणपत्र, REITs, Exchange Traded Funds (ETFs), Private Equity, Venture Capital, Commodity Exchange तथा Derivatives जस्ता आधुनिक वित्तीय साधनहरूको विकासलाई प्राथमिकता दिने,

३) तेस्रो, **प्रविधिमैत्री पूँजी बजारः** कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence), बिग डेटा विश्लेषण, डिजिटल नियमन, साइबर सुरक्षा तथा ब्लकचेन प्रविधिको क्रमिक प्रयोगमार्फत बजारलाई सुरक्षित, प्रभावकारी तथा विश्वसनीय बनाउने,

४) चौथो, **लगानीकर्ता केन्द्रित विकासः** लगानीकर्ता संरक्षण, वित्तीय साक्षरता, गुनासो व्यवस्थापन तथा बजार अनुशासनलाई नियामकीय सुधारको केन्द्रमा राखिने,

५) पाँचौं, **अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकताः** नेपालको पूँजी बजारलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गर्दै विदेशी संस्थागत लगानी, अन्तर्राष्ट्रिय सहकार्य तथा क्षेत्रीय वित्तीय एकीकरणका लागि आवश्यक नीतिगत आधार तयार गरिने।

३.८ आर्थिक वर्ष २०८३/८४ को यस नीतिले पूँजी बजारको संरचनागत रूपान्तरणलाई प्राथमिकता दिनेछ। सूचीकरणको दायरा विस्तार गरी उत्पादनमूलक उद्योग, सूचना प्रविधि, पर्यटन, कृषि व्यवसाय, पूर्वाधार तथा सेवा क्षेत्रका सक्षम कम्पनीहरूलाई पूँजी बजारमा आकर्षित गरिनेछ। कर्पोरेट ऋणपत्र बजारलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, निजी इक्विटी तथा भेञ्चर क्यापिटल उद्योगलाई संस्थागत गर्ने, गैर आवसीय नेपालीलाई धितोपत्र बजारमा प्रवेश गराउने, साना तथा मझौला उद्यम (SMEs) र स्टार्टअपका लागि वैकल्पिक पूँजी बजार विकास गर्ने तथा संस्थागत लगानीकर्ताको सक्रिय सहभागिता बढाउने दिशामा विशेष पहल गरिनेछ। यसका अतिरिक्त बजार पूर्वाधारको आधुनिकीकरण, कृत्रिम बुद्धिमत्तामा आधारित बजार निगरानी प्रणाली, साइबर सुरक्षा सुदृढीकरण तथा पूँजी बजार अनुसन्धानलाई पनि समान महत्व दिइनेछ।

३.९ यस नीतिले आर्थिक वर्ष २०८३/८४ लाई **"संरचनागत सुधार तथा संस्थागत सुदृढीकरणको वर्ष"** का रूपमा परिभाषित गरेको छ। आगामी वर्षमा नियामकीय सुधारलाई तीव्रता दिँदै धितोपत्र बजारमा पारदर्शिता, उत्तरदायित्व तथा प्रविधिमैत्री व्यवस्थापनलाई संस्थागत गरिनेछ। बजारमा हुने भित्री कारोबार, मूल्य हेरफेर तथा अन्य अनुचित गतिविधिमाथि प्रभावकारी नियन्त्रण गर्दै निष्पक्ष तथा विश्वासयोग्य बजार वातावरण निर्माण गरिनेछ। यससँगै वित्तीय समावेशिता अभिवृद्धि गर्दै युवा, महिला, वैदेशिक रोजगारीमा रहेका नेपाली तथा ग्रामीण क्षेत्रका नागरिकलाई पूँजी बजारमा सहभागी गराउने कार्यक्रम सञ्चालन गरिनेछ।

३.१० यस नीतिको रणनीतिक आधार स्पष्ट छ 'नेपालको पूँजी बजारलाई केवल धितोपत्र कारोबार गर्ने सीमित संरचनाबाट बाहिर निकालेर राष्ट्रिय आर्थिक रूपान्तरण, औद्योगिकीकरण, पूर्वाधार विकास, नवप्रवर्तन, उत्पादनशील लगानी तथा दिगो आर्थिक समृद्धिको प्रमुख वित्तीय पूर्वाधारका रूपमा स्थापित गर्ने। प्रस्तुत नीति यही दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने पहिलो वार्षिक कार्यान्वयन दस्तावेज हो र यसले आगामी दशकमा नेपालको पूँजी बजारलाई दक्षिण एशियाकै आधुनिक, विश्वसनीय तथा प्रतिस्पर्धी वित्तीय प्रणालीका रूपमा विकास गर्ने मार्ग प्रशस्त गर्ने विश्वास लिइएको छ।

***

अध्याय-चार
आर्थिक वर्ष २०८३/८४ का प्रमुख नीतिगत व्यवस्था

नेपालको पूँजी बजार विकास तथा सुधारका लागि आर्थिक वर्ष २०८३/८४ का लागि प्रमुख नीतिगत व्यवस्था तथा सुधारका क्षेत्रहरू निम्न रहेका छन् ।

प्रथम सुधार क्षेत्र : नियामकीय तथा संस्थागत सुधार

४.१ धितोपत्र बजारको कानूनी तथा नियामकीय सुधार

नेपालको पूँजी बजारलाई विश्वसनीय, पारदर्शी तथा प्रतिस्पर्धी वित्तीय प्रणालीका रूपमा विकास गर्न सक्षम, समसामयिक र अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको कानूनी तथा नियामकीय संरचना अपरिहार्य छ। पछिल्ला वर्षहरूमा बजारको आकार, कारोबार प्रणाली, डिजिटल प्रविधिको प्रयोग तथा लगानीकर्ताको सहभागितामा उल्लेखनीय विस्तार भएको भए पनि विद्यमान कानूनी व्यवस्था बजारको तीव्र परिवर्तन, नयाँ वित्तीय उपकरण, डिजिटल कारोबार तथा अन्तर्राष्ट्रिय अभ्याससँग पूर्ण रूपमा अनुकूल हुन सकेको छैन। आधुनिक पूँजी बजारले अपेक्षा गर्ने जोखिम व्यवस्थापन, प्रविधिमा आधारित नियमन, प्रभावकारी प्रबलीकरण तथा लगानीकर्ता संरक्षणका लागि नियामकीय सुधारलाई उच्च प्राथमिकता दिनुपर्ने आवश्यकता महसुस गरिएको छ।

उद्देश्य

धितोपत्र बजारको कानूनी तथा नियामकीय संरचनालाई आधुनिक, पारदर्शी, उत्तरदायी तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नु, बजार अनुशासन सुदृढ बनाउनु तथा पूँजी बजारलाई आर्थिक विकासको प्रभावकारी वित्तीय माध्यमका रूपमा स्थापित गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा नेपाल धितोपत्र बोर्ड सम्बन्धी ऐन, धितोपत्र बजार व्यवस्थापन र कसूर तथा सजाय सम्बन्धी ऐन तथा वित्तीय क्षेत्र सम्बन्धी ट्रष्टी ऐनको मस्यौदा तयार गर्नुका साथै धितोपत्र नियमावली तथा सम्बन्धित नियामकीय व्यवस्थाको समग्र पुनरावलोकन गरी समयानुकूल सुधार प्रक्रिया अघि बढाइनेछ।

२) नियामकीय व्यवस्थालाई अन्तर्राष्ट्रिय प्रतिभूति आयोगहरूको संगठन (IOSCO) का सिद्धान्त, OECD का कर्पोरेट सुशासन मापदण्ड तथा विकसित पूँजी बजारहरूको असल अभ्याससँग क्रमशः समन्वय गरिनेछ।

३) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा संशोधन गरी प्राथमिक बजारमा निष्काशन व्यवस्थालाई थप पारदर्शी, प्रतिस्पर्धी, विश्वसनीय र व्यवस्थित बनाईनेछ ।

४) सूचीकरण, दोस्रो बजार कारोबार, पारदर्शी सूचना प्रवाह, संस्थागत सुशासन तथा कानून प्रबलीकरणसँग सम्बन्धित व्यवस्थालाई सरल, स्पष्ट, पूर्वानुमानयोग्य बनाइनेछ।

५) जोखिममा आधारित सुपरिवेक्षण प्रणालीलाई संस्थागत गरिनेछ। धितोपत्र सम्बन्धी कसूर तथा अन्य अवाञ्छित गतिविधिविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी अनुसन्धान, कारबाही तथा दण्ड प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

६) पूँजी बजारको विकासलाई प्रोत्साहन गर्ने र लगानीकर्ताको हितलाई सर्वोच्च प्राथमिकतामा राख्ने नियामकीय वातावरण निर्माण गर्न आवश्यक नीतिगत तथा कानूनी सुधार तथा विकासका लागि नेपाल सरकारसँग समन्वय र सहकार्य गरी अघि बढिनेछ।

७) स्वार्थको द्वन्द्वको स्पष्टता तथा कार्य क्षेत्र विस्तार लगायतका विषयहरू सम्बोधन हुने गरी पूँजी बजारसँग सम्बन्धित नियमावलीहरूको संशोधन कार्य अगाडि बढाइनेछ ।

४.२ नेपाल धितोपत्र बोर्डको संस्थागत सुदृढीकरण

नेपालको पूँजी बजारको दिगो, सुरक्षित तथा विश्वसनीय विकासका लागि सक्षम, स्वायत्त, उत्तरदायी तथा प्रविधिमैत्री नियामक संस्थाको भूमिका निर्णायक हुन्छ। पूँजी बजारको आकार, कारोबारको जटिलता, वित्तीय उपकरण तथा सेवाको विविधीकरण, डिजिटल प्रविधिको तीव्र प्रयोग तथा अन्तर्राष्ट्रिय वित्तीय प्रणालीसँग बढ्दो अन्तरसम्बन्धका कारण नियामक निकायको कार्यक्षेत्र निरन्तर विस्तार भइरहेको छ। यस परिवर्तित परिवेशमा नेपाल धितोपत्र बोर्डलाई परम्परागत अनुमतिप्रदाता (Rule-based Regulator) को भूमिकाबाट अगाडि बढाई विकासमुखी, जोखिममा आधारित, तथ्याङ्क निर्देशित तथा प्रविधिसक्षम नियामक संस्थाका रूपमा रूपान्तरण गर्नु आवश्यक भएको छ। यसले पूँजी बजारको विकास र लगानीकर्ता संरक्षणबीच सन्तुलन कायम गर्दै समग्र वित्तीय प्रणालीप्रति सार्वजनिक विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

उद्देश्य

नेपाल धितोपत्र बोर्डलाई स्वायत्त, सक्षम, व्यवसायिक, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप कार्य गर्ने आधुनिक नियामक संस्थाका रूपमा सुदृढ गर्दै पूँजी बजारको विकास, बजार अनुशासन, लगानीकर्ता संरक्षण तथा वित्तीय स्थायित्वलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा नेपाल धितोपत्र बोर्डको संस्थागत क्षमता अभिवृद्धिलाई विशेष प्राथमिकता दिइनेछ।

२) बोर्डको नियामकीय, सुपरिवेक्षकीय तथा अनुसन्धान क्षमताको आधुनिकीकरण गर्दै जोखिममा आधारित नियमन(Risk-Based Regulation), प्रविधिमा आधारित सुपरिवेक्षण (SupTech) तथा नियामकीय प्रविधि (RegTech) को प्रयोगलाई क्रमिक रूपमा संस्थागत गरिनेछ।

३) बजारको वास्तविक समय (Real-Time) मा निगरानी गर्न सक्षम एकीकृत डिजिटल सुपरिवेक्षण प्रणाली विकास गरिनेछ, जसले भित्री कारोबार, मूल्य हेरफेर, अस्वाभाविक कारोबार तथा अन्य अनुचित गतिविधिको शीघ्र पहिचान र प्रभावकारी नियन्त्रणमा सहयोग पुऱ्याउनेछ।

४) बोर्डको संगठन व्यवस्थापन(O&M) सम्बन्धी अध्ययन गरी अनुसन्धान तथा नीति विश्लेषण सम्बन्धी इकाई र आधुनिक कानून प्रवलीकरण गर्न Market Intelligence तथा Investigation Department संरचनाको विकास गरिनेछ । नियामकीय निर्णय प्रक्रियालाई तथ्यमा आधारित, पारदर्शी तथा पूर्वानुमानयोग्य बनाईने छ।

५) अनुमतिपत्र, स्वीकृति, सूचना प्रबाह, अनुगमन तथा गुनासो व्यवस्थापनलगायतका सेवाहरूलाई चरणबद्ध रूपमा एकीकृत डिजिटल प्लेटफर्ममा आबद्ध गरिनेछ, जसबाट सेवा प्रवाहको गुणस्तर, पारदर्शिता तथा कार्यकुशलतामा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ।

६) मानव स्रोत विकासलाई बोर्डको संस्थागत सुदृढीकरणको आधारस्तम्भका रूपमा लिइनेछ। कर्मचारीहरूको व्यवसायिक दक्षता अभिवृद्धिका लागि पूँजी बजार, डिजिटल वित्त, वित्तीय प्रविधि, कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, फरेन्सिक अनुसन्धान, जोखिम व्यवस्थापन तथा अन्तर्राष्ट्रिय प्रतिभूति नियमनसम्बन्धी नियमित तालिम, अध्ययन तथा अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ। विश्वविद्यालय, अनुसन्धान संस्था तथा अन्तर्राष्ट्रिय नियामक निकायहरूसँग सहकार्य विस्तार गर्दै ज्ञानमा आधारित नियमन (Knowledge-driven Regulation) को अवधारणालाई संस्थागत गरिनेछ।

७) नेपाल धितोपत्र बोर्डलाई पूँजी बजारको नियामक मात्र नभई बजार विकासको उत्प्रेरक संस्थाका रूपमा स्थापित गर्न निजी क्षेत्र, बजार पूर्वाधार संस्था, व्यवसायिक संघ-संगठन, विकास साझेदार तथा अन्य नियामक निकायसँग नीतिगत समन्वय र सहकार्यलाई थप सुदृढ बनाइनेछ।

८) नियमन, विकास तथा लगानीकर्ता संरक्षणबीच सन्तुलन कायम गर्ने दृष्टिकोण अवलम्बन गर्दै बोर्डलाई सक्षम, उत्तरदायी, विश्वसनीय तथा अन्तर्राष्ट्रिय स्तरको आधुनिक पूँजी बजार नियामक संस्थाका रूपमा विकास गर्ने दिशामा आवश्यक नीतिगत तथा संस्थागत सुधारलाई निरन्तर अघि बढाइनेछ।

९) नेपाल धितोपत्र बोर्ड, नेप्से, सिडिएससी, मर्चेन्ट बैंकर एसोशियसन, स्टक ब्रोकर एसोशियसन अफ नेपाल, क्रेडिट रेटिंगका प्रतिनिधि र विशिष्टीकृत कोष व्यवस्थापकका प्रतिनिधि रहने गरी क्यापिटल मार्केट टास्क फोर्स (Capital Market Task Force-CMTF) गठन गरी पूँजी बजार सुधार कार्य अगाडि बढाउने व्यवस्था मिलाईनेछ ।

१०) बोर्डका सेवा प्रवाहलाई सरल, छिटो तथा परिणाममुखी बनाउनका नतिजामा आधारित शासकीय प्रवन्ध (Delivery-Based Governance) सुनिश्चित गरिनेछ ।

११) Cross-Border Regulatory Cooperation सँग सहसम्बन्ध विकास गरी ज्ञान आदान प्रदान (Knowledge Exchange) हुने व्यवस्था मिलाईनेछ ।

४.३. नेपाल स्टक एक्सचेञ्जको पुनःसंरचना तथा पूर्वाधारको आधुनिकीकरण

नेपाल स्टक एक्सचेञ्ज नेपालको संगठित पूँजी बजारको केन्द्रीय पूर्वाधार संस्था हो। पूँजी बजारको विश्वसनीयता, तरलता, मूल्य निर्धारणको दक्षता तथा लगानीकर्ताको विश्वास धेरै हदसम्म स्टक एक्सचेञ्जको संस्थागत क्षमता, सुशासन तथा प्रविधिगत दक्षतामा निर्भर हुन्छ। विगतका वर्षहरूमा अनलाइन कारोबार प्रणाली, विद्युतीय कारोबार तथा डिजिटल सेवाको विस्तार भए तापनि अन्तर्राष्ट्रिय अभ्यासको तुलनामा नेपाल स्टक एक्सचेञ्जको संस्थागत संरचना, बजार सञ्चालन प्रणाली, उत्पादन विविधीकरण, जोखिम व्यवस्थापन तथा प्रविधिगत क्षमता अझै सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। नेपालको पूँजी बजारलाई नयाँ चरणमा प्रवेश गराई राष्ट्रिय पूँजी परिचालन, नवप्रवर्तन तथा आर्थिक विकासलाई प्रवर्द्धन गर्ने आधुनिक वित्तीय बजार संस्थाका रूपमा विकास गर्नु आवश्यक भएको छ।

उद्देश्य

नेपाल स्टक एक्सचेञ्जलाई सुशासित, प्रतिस्पर्धी, प्रविधिमैत्री, नवप्रवर्तनमुखी तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सञ्चालन हुने आधुनिक धितोपत्र बजारका रूपमा रूपान्तरण गर्दै पूँजी बजारको गहिराइ, तरलता, दक्षता तथा विश्वसनीयता अभिवृद्धि गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भए बमोजिम नेपाल स्टक एक्सचेञ्जको संस्थागत पुनःसंरचना, सुशासन तथा सञ्चालन प्रणालीको समग्र पुनरावलोकन गरी यसको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक सहजीकरण गरिनेछ।

२) अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप स्वामित्व संरचना, सञ्चालक समितिको व्यवसायिकता, स्वतन्त्रता तथा उत्तरदायित्वलाई थप सुदृढ बनाउँदै संस्थागत सुशासनलाई उच्च प्राथमिकता दिइनेछ।

३) स्टक एक्सचेञ्जको दीर्घकालीन विकासका लागि आवश्यक परे चरणबद्ध रूपमा रणनीतिक साझेदारी, पूँजी संरचना सुधार तथा व्यवस्थापन प्रणालीको आधुनिकीकरणका विकल्पहरूको अध्ययन गरी उपयुक्त सुधार प्रक्रिया अघि बढाइनेछ।

४) कारोबार प्रणालीलाई उच्च क्षमतायुक्त, सुरक्षित तथा अन्तर्राष्ट्रिय स्तरको प्रविधिमा आधारित बनाउँदै ठूलो संख्यामा हुने कारोबारलाई सहज रूपमा व्यवस्थापन गर्न सक्ने पूर्वाधार विकास गरिनेछ।

५) कारोबार, निगरानी, जोखिम व्यवस्थापन तथा सूचना प्रवाह प्रणालीलाई एकीकृत गर्दै वास्तविक समय (Real-Time) मा बजार सञ्चालन तथा विश्लेषण गर्न सक्ने क्षमता विस्तार गरिनेछ। साइबर सुरक्षा, प्रणालीको निरन्तरता (Business Continuity Planning) तथा विपद् व्यवस्थापन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुदृढ बनाउन सहजीकरण गरिनेछ।

६) नेपाल स्टक एक्सचेञ्जलाई शेयर कारोबारमा मात्र सीमित नराखी कर्पोरेट ऋणपत्र, सरकारी ऋणपत्र, नगर ऋणपत्र, हरित ऋणपत्र, पूर्वाधार ऋणपत्र, एक्सचेञ्ज ट्रेडेड फण्ड (ETF), रियल इस्टेट इन्भेष्टमेन्ट ट्रस्ट (REIT), इन्भाइट (InvIT) तथा चरणबद्ध रूपमा डेरिभेटिभ वित्तीय उपकरणहरूको कारोबार गर्न सक्षम बहुआयामिक बजारका रूपमा विकास गरिनेछ। यसका लागि आवश्यक कानूनी, प्राविधिक तथा संस्थागत पूर्वाधारको विकासलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

७) बजारमा तरलता अभिवृद्धि गर्न बजार निर्माणकर्ता (Market Maker), अधिकृत सहभागी (Authorized Participant), धितोपत्र उधारो तथा ऋण (Securities Lending and Borrowing), Intraday, Short Selling लगायतका अन्तर्राष्ट्रिय रूपमा स्वीकृत बजार संयन्त्रहरू चरणबद्ध रूपमा अध्ययन, परीक्षण तथा कार्यान्वयन गरिनेछ।

८) नेप्से सूचकांक (NEPSE Index) लाई स्थापित अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउन प्रचलित सूचकांक गणना गर्ने संस्थासँग सहकार्य गर्न, कारोवारयोग्य शेयरहरू (Free Float Shares) को आधारमा नयाँ सूचकांक विकास गरी त्यसलाई Benchmark सूचकाङ्कको रूपमा प्रयोग गर्ने र सोही आधारमा सर्किट ब्रेकरको नियम पुनरावलोकन गरिनेछ ।

९) पूँजी, प्रतिफल, तरलतालगायतका आधारमा NEPSE Index (जस्तै NEPSE 30, NEPSE High Cap) विविधीकरण, एसएमईज् प्लेटफर्म संचालन, सूचीकृत संगठित संस्थाको वर्गीकरण वस्तुपरक बनाउनुका साथै धितोपत्रको दोस्रो बजार कारोवार मोबाईल एपमार्फत गर्ने व्यवस्था मिलाईनेछ ।

१०) गैर-आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा सहभागी गराउन आवश्यक संरचनाको व्यवस्था गरिनेछ ।

११) सूचीकरण नीतिलाई थप व्यावहारिक, पारदर्शी तथा उत्पादनमुखी बनाउँदै उत्पादन, सूचना प्रविधि, कृषि व्यवसाय, पर्यटन, ऊर्जा, स्वास्थ्य, शिक्षा तथा नवीन उद्योगका सक्षम कम्पनीहरूलाई पूँजी बजारमा प्रवेश गर्न प्रोत्साहित गरिनेछ।

१२) नेपाल स्टक एक्सचेञ्जलाई दक्षिण एशियाका उदीयमान पूँजी बजारहरूसँग प्रतिस्पर्धा गर्न सक्ने आधुनिक वित्तीय बजारका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्यका साथ अन्तर्राष्ट्रिय स्टक एक्सचेञ्जहरू, प्राविधिक साझेदार संस्था तथा क्षेत्रीय पूँजी बजार संगठनहरूसँग सहकार्य विस्तार गरिनेछ।

१३) पूँजी बजारको विश्वसनीयता, पारदर्शिता तथा लगानीकर्ताको विश्वास अभिवृद्धि गर्दै नेपाल स्टक एक्सचेञ्जलाई राष्ट्रिय आर्थिक विकासको प्रमुख वित्तीय पूर्वाधार संस्थाका रूपमा स्थापित गर्न आवश्यक नीतिगत तथा संस्थागत सुधारलाई निरन्तर अघि बढाइनेछ।

४.४ क्लियरिङ, सेटलमेन्ट तथा बजार पूर्वाधारको आधुनिकीकरण

पूँजी बजारको विश्वसनीयता केवल धितोपत्रको खरिद बिक्री प्रक्रियामा मात्र निर्भर हुँदैन; कारोबार सम्पन्न भएपछि हुने क्लियरिङ, सेटलमेन्ट, धितोपत्र अभिलेखीकरण, जोखिम व्यवस्थापन तथा भुक्तानी प्रणालीको दक्षताले नै बजारको वास्तविक गुणस्तर निर्धारण गर्दछ। अन्तर्राष्ट्रिय अनुभवले सुरक्षित, छिटो र पारदर्शी सेटलमेन्ट प्रणाली भएका पूँजी बजारमा लगानीकर्ताको विश्वास उच्च हुने, कारोबार लागत कम हुने तथा बजारको तरलता बढ्ने देखाएको छ। नेपालको पूँजी बजारले विद्युतीय कारोबार, डिम्याट प्रणाली तथा केन्द्रीय निक्षेप सेवामा उल्लेखनीय प्रगति हासिल गरेको भए पनि बजारको दिगो विस्तारका लागि क्लियरिङ तथा सेटलमेन्ट प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप थप सुदृढ गर्नु आवश्यक भएको छ।

उद्देश्य

क्लियरिङ, सेटलमेन्ट तथा बजार पूर्वाधारलाई सुरक्षित, छरितो, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गर्दै राफसाफ जोखिम न्यूनीकरण गर्नु, भुक्तानी प्रणालीलाई शिघ्र बनाउन, लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नु तथा नेपालको पूँजी बजारलाई आधुनिक वित्तीय पूर्वाधारयुक्त बजारका रूपमा रूपान्तरण गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा क्लियरिङ तथा सेटलमेन्ट प्रणालीको समग्र आधुनिकीकरणलाई प्राथमिकता दिइनेछ।

२) केन्द्रीय निक्षेप तथा क्लियरिङ प्रणालीलाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सुदृढ गर्दै चरणबद्ध रूपमा Central Counterparty (CCP) अवधारणाको कार्यान्वयनका लागि आवश्यक कानूनी, संस्थागत तथा प्राविधिक योजना तयारी अघि बढाइनेछ। यसले प्रत्येक कारोबारमा प्रतिपक्षीय जोखिम (Counterparty Risk) न्यूनीकरण गरी बजारको स्थायित्व र विश्वसनीयता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

३) धितोपत्र र भुक्तानीको सुरक्षित तथा एकैसाथ सम्पन्न हुने Delivery versus Payment (DvP) प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

४) नेपाल स्टक एक्सचेञ्ज, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, बैंकिङ प्रणाली तथा नेपाल राष्ट्र बैंकबीचको समन्वयलाई सुदृढ गर्दै कारोबारपछिको सम्पूर्ण प्रक्रिया स्वचालित, एकीकृत तथा डिजिटल बनाइनेछ।

५) Straight Through Processing (STP) अवधारणालाई क्रमशः कार्यान्वयन गरी कारोबारदेखि अन्तिम सेटलमेन्टसम्मको प्रक्रिया न्यूनतम मानवीय हस्तक्षेपमा सम्पन्न हुने व्यवस्था विकसित गरिनेछ।

६) विश्वका अग्रणी पूँजी बजारमा अवलम्बन गरिएका छिटो सेटलमेन्ट अभ्यासलाई ध्यानमा राख्दै नेपालको बजारलाई चरणबद्ध रूपमा टि प्लस वान(T+1) तर्फ उन्मुख गरिनेछ। यसका लागि

आवश्यक प्रविधिगत पूर्वाधार, कानूनी व्यवस्था, बजार सहभागी संस्थाहरूको क्षमता अभिवृद्धि तथा परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ। यस सुधारबाट लगानीकर्ताको पूँजी छिटो परिचालन हुने, बजारको तरलता वृद्धि हुने तथा कारोबार लागत घट्ने अपेक्षा गरिएको छ।

७) बजार पूर्वाधार संस्थाहरूको सञ्चालनमा साइबर सुरक्षा, डेटा संरक्षण, सूचना प्रणालीको निरन्तरता (Business Continuity Management) तथा विपद् पुनःस्थापना प्रणाली (Disaster Recovery System) लाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुदृढ गरिनेछ। सूचना प्रविधिमा आधारित जोखिम व्यवस्थापन प्रणाली, वास्तविक समयको निगरानी तथा आकस्मिक अवस्थाका लागि वैकल्पिक सञ्चालन केन्द्र (Backup Site) को क्षमता विस्तार गरिनेछ, जसले बजार सञ्चालनलाई सुरक्षित, निरन्तर तथा विश्वसनीय बनाउनेछ।

८) संगठित संस्थाहरूलाई प्रदान गरिने International Securities Identification Number (ISIN) व्यवस्थालाई यो Numbering प्रणालीलाई अन्तर्राष्ट्रिय रुपमा मानक निर्धारण गर्ने संस्था Association of National Numbering Agencies (ANNA) को ISIN Uniform Guidelines 2026 लाई आधार मान्दै अन्तर्राष्ट्रिय प्रचलित अभ्यास अनुरूप गर्ने व्यवस्था मिलाईनेछ ।

९) डिम्याट खाता तथा मेरो शेयर खातामा प्रत्येक वर्ष लिदैं आएको नवीकरण शूल्क दुई वर्षसम्म हुने गरी विनियमावलीमा संशोधन व्यवस्था मिलाईनेछ ।

१०) राफसाफ हुन नसकी पुल खातामा रहेका धितोपत्रको बिक्री प्रकृया सहज बनाउनुका साथै राफसाफ तथा फछ्र्योंट प्रणाली तथा निक्षेप सेवा प्रणालीलाई थप प्रभावकारी बनाउन अक्सन मार्केट सञ्चालनमा ल्याउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइने छ ।

११) भविष्यमा कर्पोरेट ऋणपत्र, सरकारी ऋणपत्र, हरित ऋणपत्र, वस्तु विनिमय बजार, डेरिभेटिभ वित्तीय उपकरण तथा अन्य आधुनिक लगानी साधनहरूको कारोबारलाई सहज रूपमा व्यवस्थापन गर्न सक्ने एकीकृत बजार पूर्वाधार विकासलाई दीर्घकालीन प्राथमिकताका रूपमा अघि बढाइनेछ। क्लियरिङ, सेटलमेन्ट तथा बजार पूर्वाधारको यस व्यापक आधुनिकीकरणले नेपालको पूँजी बजारलाई दक्ष, सुरक्षित, प्रतिस्पर्धी तथा अन्तर्राष्ट्रियस्तरको वित्तीय प्रणालीका रूपमा स्थापित गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछ।

दोस्रो सुधार क्षेत्रः पूँजी बजारको विस्तार तथा विविधीकरण

नेपालको पूँजी बजारलाई राष्ट्रिय आर्थिक विकासको प्रभावकारी वित्तीय माध्यमका रूपमा स्थापित गर्न बजारको आकार मात्र विस्तार गर्नु पर्याप्त हुँदैन; बजारमा उपलब्ध वित्तीय साधनहरूको विविधीकरण, दीर्घकालीन पूँजी परिचालन, उत्पादनमूलक क्षेत्रको सहभागिता तथा नवीन लगानी संरचनाको विकास समान रूपमा आवश्यक हुन्छ। नेपालको पूँजी बजार अझै मुख्यतः साधारण शेयरको निष्कासन तथा दोस्रो बजार कारोबारमा केन्द्रित रहेको छ। यस्तो संरचनाले उद्योग, पूर्वाधार, ऊर्जा, सूचना प्रविधि, कृषि व्यवसाय तथा

दीर्घकालीन परियोजनाहरूको वित्तीय आवश्यकतालाई पर्याप्त रूपमा सम्बोधन गर्न सक्दैन। त्यसैले आर्थिक वर्ष २०८३/८४ मा पूँजी बजारलाई बहुआयामिक, उत्पादनमुखी तथा नवप्रवर्तनमैत्री वित्तीय प्रणालीका रूपमा विकास गर्न बजार विस्तार तथा विविधीकरणलाई विशेष प्राथमिकता प्रदान गरिएको छ।

४.५ संस्थागत ऋणपत्र बजारको विकास

दीर्घकालीन आर्थिक विकासका लागि बैंकिङ प्रणालीसँगै सुदृढ कर्पोरेट ऋणपत्र बजारको विकास अपरिहार्य मानिन्छ। विश्वका विकसित पूँजी बजारहरूमा उद्योग, पूर्वाधार, ऊर्जा, दूरसञ्चार, उत्पादन तथा सेवा क्षेत्रका दीर्घकालीन परियोजनाहरू मुख्य रूपमा ऋणपत्रमार्फत वित्तपोषित हुने गरेका छन्। नेपालमा भने निजी क्षेत्रको दीर्घकालीन वित्तीय स्रोत अझै बैंक ऋणमा अत्यधिक निर्भर रहेको छ । यसले वित्तीय प्रणालीमा असन्तुलन सिर्जना गर्नुका साथै बैंकहरूको सम्पत्ति-दायित्व व्यवस्थापनमा समेत चुनौती उत्पन्न गरेको छ। यस अवस्थालाई परिवर्तन गर्दै पूँजी बजारमार्फत दीर्घकालीन ऋण परिचालनलाई राष्ट्रिय वित्तीय संरचनाको अभिन्न अंग बनाउनु समयको आवश्यकता हो।

उद्देश्य

बैंक-केन्द्रित वित्तीय प्रणालीलाई सन्तुलित बनाउँदै निजी क्षेत्र, पूर्वाधार आयोजना तथा उत्पादनमूलक उद्योगहरूका लागि दीर्घकालीन, प्रतिस्पर्धी तथा दिगो वित्तीय स्रोत उपलब्ध गराउने उद्देश्यले कर्पोरेट ऋणपत्र बजारलाई सुदृढ, सक्रिय तथा विश्वसनीय पूँजी बजारको प्रमुख आधारका रूपमा विकास गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा संस्थागत ऋणपत्र बजारको विकासलाई पूँजी बजार सुधारको प्रमुख प्राथमिकताका रूपमा अघि बढाइनेछ। ऋणपत्र निष्कासन प्रक्रियालाई थप सरल, पारदर्शी, समयबद्ध तथा लागत प्रभावकारी बनाइनेछ।

२) योग्य संस्थाहरूलाई दीर्घकालीन वित्तीय स्रोत जुटाउन प्रोत्साहित गर्ने गरी आवश्यक कानूनी, नियामकीय तथा प्रक्रियागत सुधार गरिनेछ। सूचीकृत कर्पोरेट ऋणपत्रहरूको दोस्रो बजार कारोबारलाई सक्रिय बनाउन नेपाल स्टक एक्सचेञ्ज तथा बजार पूर्वाधार संस्थाहरूको क्षमतालाई सुदृढ गरी ऋणपत्र बजारमा तरलता अभिवृद्धि गर्ने व्यवस्था गरिनेछ ।

३) संस्थागत लगानीकर्ता, बीमा कम्पनी, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष, सामूहिक लगानी कोष तथा अन्य दीर्घकालीन लगानीकर्ताको कर्पोरेट ऋणपत्रमा सहभागिता विस्तार गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

४) ऋणपत्र निष्कासनमा पारदर्शी क्रेडिट रेटिङ, नियमित सूचना प्रबाह तथा लगानीकर्ताको हित संरक्षणका मापदण्डलाई थप सुदृढ बनाइनेछ। हरित ऋणपत्र (Green Bond), दिगो विकास ऋणपत्र (Sustainability Bond), सामाजिक ऋणपत्र (Social Bond), परियोजना ऋणपत्र (Project Bond)

तथा अन्य विषयगत ऋणपत्रहरूको विकासका लागि विशेष प्रोत्साहनात्मक व्यवस्था अवलम्बन गरिनेछ।

५) दीर्घकालीन लक्ष्यका रूपमा नेपालमा संस्थागत ऋणपत्र बजारलाई उद्योग, ऊर्जा, पूर्वाधार, पर्यटन, सूचना प्रविधि तथा अन्य उत्पादनमूलक क्षेत्रहरूको प्रमुख वित्तीय स्रोतका रूपमा विकास गरिनेछ। यस सुधारले निजी क्षेत्रको लगानी क्षमता विस्तार गर्नुका साथै बैंकिङ प्रणालीमाथिको अत्यधिक दबाब न्यूनीकरण गर्दै नेपालको वित्तीय प्रणालीलाई थप सन्तुलित, प्रतिस्पर्धी तथा दिगो बनाउने अपेक्षा गरिएको छ।

४.६ सरकारी, नगर तथा पूर्वाधार ऋणपत्र बजारको विकास

नेपालको आर्थिक रूपान्तरण, द्रुत पूर्वाधार विकास तथा सहरीकरणलाई दिगो वित्तीय आधार प्रदान गर्न दीर्घकालीन ऋण बजारको विस्तार अपरिहार्य भएको छ। संघीय शासन प्रणाली कार्यान्वयनसँगै प्रदेश तथा स्थानीय तहहरूको विकास आवश्यकता उल्लेखनीय रूपमा बृद्धि भएको छ। स्थानीय तहबाट ऊर्जा, खानेपानी, सिँचाइ, स्वास्थ्य, शिक्षा, यातायात, सहरी पूर्वाधार, सूचना प्रविधि तथा वातावरणीय पूर्वाधारका लागि ठूलो परिमाणमा दीर्घकालीन लगानी आवश्यक छ। यस्ता परियोजनाको वित्तपोषण परम्परागत बजेट, बैंक ऋण तथा वैदेशिक सहायता मात्रबाट सम्भव छैन। त्यसैले पूँजी बजारमार्फत सरकारी ऋणपत्र, नगर ऋणपत्र तथा पूर्वाधार ऋणपत्रको विकास गरी राष्ट्रिय बचतलाई उत्पादनशील पूर्वाधारमा परिचालन गर्नु समयको आवश्यकता बनेको छ।

उद्देश्य

सरकारी, प्रदेश तथा स्थानीय तहका विकास आयोजना, सार्वजनिक पूर्वाधार तथा राष्ट्रिय प्राथमिकताका परियोजनाहरूका लागि दीर्घकालीन, लागत-प्रभावकारी तथा दिगो वित्तीय स्रोत परिचालन गर्दै पूँजी बजारलाई राष्ट्रिय विकास वित्तको प्रमुख माध्यमका रूपमा विकास गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा सरकारी ऋणपत्र बजारलाई थप सक्रिय, पारदर्शी तथा लगानीकर्तामैत्री बनाइनेछ।

२) सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजारलाई सुदृढ गर्न आवश्यक नीतिगत तथा संस्थागत सुधार अघि बढाइनेछ । यसबाट दीर्घकालीन प्रतिफल (Yield Curve) को विकास, बजारमा सन्दर्भ ब्याजदर (Benchmark Rate) को स्थापना तथा समग्र ऋण बजारको विस्तारमा सहयोग पुग्नेछ। साथै, सरकारी ऋणपत्र लगायत सबै प्रकारका वित्तीय उपकरणहरूको अभौतिकीकरण गरी स्वचालित प्रणाली मार्फत दोश्रो बजारमा कारोबार गर्ने व्यवस्था मिलाउनुका साथै आवश्यक सहजीकरण गरिनेछ ।

३) प्रदेश सरकार तथा स्थानीय तहलाई कानूनी रूपमा सम्भव भएका अवस्थाहरूमा विकासमुखी आयोजना वित्तपोषणका लागि नगर ऋणपत्र (Municipal Bond) प्रादेशिक ऋणपत्र निष्कासन गर्न आवश्यक कानूनी, वित्तीय तथा संस्थागत आधार तयार गरिनेछ। यस्ता ऋणपत्र निष्कासनका लागि वित्तीय अनुशासन, पारदर्शिता, परियोजना छनोट, क्रेडिट रेटिङ तथा सार्वजनिक उत्तरदायित्वका स्पष्ट मापदण्ड विकास गरी लगानीकर्ताको विश्वास सुदृढ हुने र स्थानीय विकासमा निजी पूँजी परिचालनको नयाँ आधार तयार हुनेछ ।

४) ऊर्जा, प्रसारण लाइन, द्रुतमार्ग, रेलमार्ग, सुरुङमार्ग, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सूचना प्रविधि पूर्वाधार, कृषि पूर्वाधार तथा अन्य राष्ट्रिय प्राथमिकताका परियोजनाहरूका लागि **पूर्वाधार ऋणपत्र (Infrastructure Bond)** लाई दीर्घकालीन वित्तीय साधनका रूपमा प्रवर्द्धन गरिनेछ। सार्वजनिक-निजी साझेदारी (PPP) अन्तर्गत सञ्चालन हुने परियोजनाहरूलाई पूँजी बजारमार्फत वित्तीय स्रोत परिचालन गर्न आवश्यक नीतिगत सहजीकरण गरिनेछ। आवश्यकताअनुसार हरित पूर्वाधार ऋणपत्र (Green Infrastructure Bond), जलवायु वित्तसम्बन्धी ऋणपत्र तथा दिगो विकाससँग सम्बन्धित विषयगत ऋणपत्रहरूलाई समेत प्रोत्साहन प्रदान गरिनेछ।

५) संस्थागत लगानीकर्ता, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष, सामूहिक लगानी कोष तथा वैदेशिक संस्थागत लगानीकर्तालाई सरकारी तथा पूर्वाधार ऋणपत्र बजारमा सक्रिय सहभागिताका लागि प्रोत्साहित गरिनेछ।

६) यसका साथै ऋणपत्र कारोबार, अभिलेखीकरण, क्लियरिङ तथा सेटलमेन्ट प्रणालीलाई आधुनिक बनाई दोस्रो बजारमा पर्याप्त तरलता विकास गर्न आवश्यक पूर्वाधार सुदृढ गरिनेछ। सरकारी, नगर तथा पूर्वाधार ऋणपत्र बजारको विकासमार्फत नेपालमा दीर्घकालीन पूँजी निर्माणको नयाँ आधार सिर्जना हुनेछ। यसले सार्वजनिक पूर्वाधारमा निजी तथा संस्थागत लगानी आकर्षित गर्ने, विकास वित्तका स्रोतहरू विविधीकरण गर्ने, पूँजी बजारको गहिराइ बढाउने तथा दिगो आर्थिक विकासका लागि आवश्यक दीर्घकालीन वित्तीय संरचना निर्माण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

४.७ साना तथा मझौला उद्यम (SME) तथा स्टार्टअप पूँजी बजारको विकास

नेपालको अर्थतन्त्रमा साना तथा मझौला उद्यम (SMEs) र स्टार्टअप व्यवसायहरूले रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, नवप्रवर्तन, स्थानीय उत्पादन तथा आर्थिक समावेशीकरणमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्। तथापि, यस्ता उद्यमहरूको सबैभन्दा ठूलो चुनौती दीर्घकालीन पूँजीमा पहुँचको अभाव हो। अधिकांश उद्यमहरू बैंक ऋण, व्यक्तिगत बचत वा अनौपचारिक वित्तीय स्रोतमा निर्भर रहन बाध्य छन्। पर्याप्त धितोको अभाव, छोटो अवधिको ऋण संरचना तथा उच्च वित्तीय लागतका कारण नवीन उद्यमहरूको विस्तारमा बाधा पुगेको छ। अन्तर्राष्ट्रिय अनुभवले साना तथा मझौला उद्यमका लागि छुट्टै पूँजी

बजार (SME Exchange) तथा स्टार्टअप वित्तीय प्रणालीको विकासले नवप्रवर्तन, निजी क्षेत्रको प्रतिस्पर्धात्मकता तथा रोजगारी विस्तारमा महत्वपूर्ण योगदान पुर्याएको देखिन्छ। नेपालमा पनि पूँजी बजारलाई उद्यमशीलताको वित्तीय साझेदारका रूपमा विकास गर्नु समयको आवश्यकता हो।

उद्देश्य

साना तथा मझौला उद्यम, स्टार्टअप तथा नवप्रवर्तनमा आधारित व्यवसायहरूलाई पूँजी बजारमार्फत दीर्घकालीन वित्तीय स्रोत उपलब्ध गराउँदै उद्यमशीलता, उत्पादन, रोजगारी सिर्जना तथा आर्थिक रूपान्तरणलाई प्रोत्साहन गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा नेपाल स्टक एक्सचेञ्ज अन्तर्गत SME तथा स्टार्टअप बोर्ड स्थापना गर्ने दिशामा आवश्यक कानूनी, नियामकीय तथा संस्थागत तयारी अघि बढाइनेछ। मुख्य बजारको तुलनामा उपयुक्त तथा सरल सूचीकरण मापदण्ड, सूचना प्रवाह व्यवस्था तथा अनुपालन प्रणाली विकास गरी सम्भावनायुक्त साना तथा मझौला उद्यमहरूलाई पूँजी बजारमा प्रवेश गर्न सहज वातावरण सिर्जना गरिनेछ। कम्पनीको आकार, व्यवसायको प्रकृति, वृद्धि सम्भावना तथा वित्तीय अवस्थालाई ध्यानमा राखी चरणबद्ध सूचीकरण (Graduated Listing Framework) को अवधारणा अन्तर्गत सफल कम्पनीहरूलाई भविष्यमा मुख्य बोर्डमा प्रवेश गर्ने अवसर प्रदान गर्नेछ।

२) नवप्रवर्तन, सूचना प्रविधि, कृषि व्यवसाय, हरित प्रविधि, पर्यटन, स्वास्थ्य, शिक्षा तथा उत्पादनमूलक क्षेत्रका स्टार्टअप कम्पनीहरूको प्रारम्भिक तथा विस्तार चरणको वित्तीय आवश्यकता पूर्ति गर्न पूँजी बजारसँग जोडिने वैकल्पिक वित्तीय संरचनाको विकास गरिनेछ।

३) निजी इक्विटी, भेञ्चर क्यापिटल, एन्जेल इन्भेष्टर, संस्थागत लगानीकर्ता तथा अन्य जोखिम पूँजी प्रदायक संस्थाहरूसँग समन्वय गरी स्टार्टअपहरूको पूँजी पहुँच विस्तार गरिनेछ। आवश्यक कानूनी आधार तयार भएपछि नियमनयुक्त **इक्विटी क्राउडफन्डिङ (Equity Crowdfunding)** लगायतका नवीन वित्तीय माध्यमहरूको सम्भाव्यता अध्ययन गरी चरणबद्ध रूपमा कार्यान्वयनको मार्ग प्रशस्त गरिनेछ।

४) उद्यमीहरूको पारदर्शिता, सुशासन तथा लगानीकर्ताको विश्वास अभिवृद्धिका लागि वित्तीय प्रतिवेदन, सूचना प्रवाह, कर्पोरेट सुशासन तथा व्यवसायिक परामर्श सेवाको संस्थागत विकासलाई प्रोत्साहन गरिनेछ।

५) इन्क्युबेसन केन्द्र, विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग—व्यापार संगठन तथा विकास साझेदारहरूसँग सहकार्य गरी उद्यमशीलता विकास र पूँजी बजार बीचको सम्बन्धलाई सुदृढ बनाइनेछ। स्टार्टअप तथा SME क्षेत्रमा लगानी गर्ने संस्थागत तथा निजी लगानीकर्ताका लागि

आवश्यक नीतिगत सहजीकरण र प्रोत्साहनका उपायहरू सम्बन्धित निकायहरूसँग समन्वय गरी अघि बढाइनेछ।

६) SME तथा स्टार्टअप पूँजी बजारको विकासमार्फत नेपालको पूँजी बजारलाई ठूला कम्पनीहरूको वित्तीय प्लेटफर्ममा मात्र सीमित नराखी नवप्रवर्तन, उद्यमशीलता तथा समावेशी आर्थिक विकासको प्रभावकारी माध्यमका रूपमा विस्तार गरिनेछ। यस सुधारबाट उत्पादनशील लगानीको दायरा फराकिलो हुने, नयाँ उद्यमहरूको स्थापना तथा विस्तारमा सहयोग पुग्ने, युवा उद्यमशीलतालाई प्रोत्साहन मिल्ने तथा दीर्घकालीन रूपमा नेपालको आर्थिक प्रतिस्पर्धात्मकता अभिवृद्धि हुने विश्वास लिइएको छ।

४.८ निजी इक्विटी तथा भेञ्चर क्यापिटल बजारको विकास

नेपालको आर्थिक विकासलाई दिगो, नवप्रवर्तनमुखी तथा प्रतिस्पर्धी बनाउन जोखिम पूँजी (Risk Capital) को विकास अपरिहार्य भएको छ। विश्वका अधिकांश सफल प्रविधि कम्पनी, औद्योगिक उद्यम तथा उच्च वृद्धि हासिल गरेका व्यवसायहरू प्रारम्भिक चरणमा निजी इक्विटी (Private Equity) तथा भेञ्चर क्यापिटल (Venture Capital) को लगानीबाट विकसित भएका छन्। नेपालमा भने जोखिम पूँजी बजार अझै प्रारम्भिक अवस्थामै रहेको छ। सम्भावनायुक्त स्टार्टअप, सूचना प्रविधि, कृषि व्यवसाय, उत्पादन, स्वास्थ्य, शिक्षा, पर्यटन तथा निर्यातमुखी उद्योगहरूले व्यवसाय विस्तारका लागि आवश्यक दीर्घकालीन इक्विटी पूँजी सहज रूपमा प्राप्त गर्न सकेका छैनन्। यसले उद्यमशीलता, नवप्रवर्तन तथा निजी क्षेत्रको प्रतिस्पर्धात्मक विकासमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। त्यसैले पूँजी बजारलाई प्रारम्भिक तथा विकासोन्मुख व्यवसायहरूको वित्तीय साझेदारका रूपमा विस्तार गर्नु आवश्यक भएको छ।

उद्देश्य

निजी इक्विटी तथा भेञ्चर क्यापिटल उद्योगको संस्थागत विकासमार्फत उच्च सम्भावना भएका उद्यम, स्टार्टअप तथा उत्पादनमूलक व्यवसायहरूमा जोखिम पूँजी परिचालन गर्दै नवप्रवर्तन, उद्यमशीलता, रोजगारी सिर्जना तथा आर्थिक रूपान्तरणलाई गति दिनु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा निजी इक्विटी तथा भेञ्चर क्यापिटल उद्योगको विकासका लागि आवश्यक कानूनी, नियामकीय तथा संस्थागत संरचनालाई सुदृढ बनाइनेछ।

२) निजी इक्विटी तथा भेञ्चर क्यापिटल कोषको स्थापना, व्यवस्थापन, लगानी, निकास (Exit) तथा लगानीकर्ता संरक्षणसम्बन्धी स्पष्ट नियामकीय व्यवस्था विकास गरिनेछ। नेपाल धितोपत्र बोर्डको नियमन अन्तर्गत सञ्चालन हुने वैकल्पिक लगानी कोष (Special Investment Fund) को ढाँचालाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप क्रमशः परिमार्जन तथा विस्तार गरिनेछ।

३) उच्च सम्भावना भएका स्टार्टअप, साना तथा मझौला उद्यम, प्रविधिमा आधारित कम्पनी, कृषि व्यवसाय, हरित उद्योग, स्वास्थ्य, शिक्षा, पर्यटन तथा निर्यातमुखी उद्योगहरूमा निजी इक्विटी तथा भेञ्चर क्यापिटल लगानीलाई प्रोत्साहन गरिनेछ।

४) स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ता, गैर आवासीय नेपाली लगानीकर्ता, विकास वित्त संस्था, पेन्सन तथा बीमा कोष, पारिवारिक लगानी कोष तथा योग्य निजी लगानीकर्ताको सहभागिता विस्तार गर्न आवश्यक नीतिगत सहजीकरण गरिनेछ। नवप्रवर्तनमा आधारित उद्यमहरूको प्रारम्भिक चरणदेखि विस्तार चरणसम्मको वित्तीय आवश्यकतालाई सम्बोधन गर्ने गरी विभिन्न प्रकृतिका लगानी कोष स्थापना गर्न प्रोत्साहन प्रदान गरिनेछ।

५) निजी इक्विटी तथा भेञ्चर क्यापिटल उद्योगको दिगो विकासका लागि कर, लेखा, मूल्याङ्कन, कर्पोरेट सुशासन, सूचना प्रवाह तथा निकास व्यवस्थालाई अन्तर्राष्ट्रिय अभ्याससँग अनुरूप बनाउने दिशामा सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ।

६) स्टार्टअप बोर्ड, निजी इक्विटी, भेञ्चर क्यापिटल तथा मुख्य पूँजी बजारबीच चरणबद्ध वित्तीय मार्ग (Capital Formation Pathway) निर्माण गरी उद्यमहरूको प्रारम्भिक लगानीदेखि सार्वजनिक सूचीकरणसम्मको वित्तीय यात्रा सहज बनाइनेछ।

७) विश्वविद्यालय, अनुसन्धान संस्था, नवप्रवर्तन केन्द्र, व्यवसाय प्रवर्द्धन संस्था तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग सहकार्य गर्दै नेपालमा उद्यम पूँजी (Entrepreneurial Capital) को नयाँ संस्कृतिको विकास गरिनेछ। विशेष गरी युवा उद्यमी, महिला उद्यमी तथा ज्ञानमा आधारित उद्योगहरूको वित्तीय पहुँच विस्तार गर्न लक्षित कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ।

८) निजी इक्विटी तथा भेञ्चर क्यापिटल बजारको विकासले नेपालको पूँजी बजारलाई परम्परागत धितोपत्र कारोबारमा सीमित नराखी नवप्रवर्तन, प्रविधि, उत्पादनशील लगानी तथा उच्च आर्थिक मूल्य सिर्जना गर्ने आधुनिक वित्तीय प्रणालीका रूपमा रूपान्तरण गर्ने अपेक्षा गरिएको छ। यस सुधारले निजी क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नुका साथै दीर्घकालीन आर्थिक वृद्धि, रोजगारी विस्तार तथा राष्ट्रिय उत्पादन क्षमतामा गुणात्मक योगदान पुऱ्याउने विश्वास लिइएको छ।

४.९ वस्तु विनिमय (Commodity Exchange) बजारको विकास

नेपालको कृषि, ऊर्जा तथा वस्तु व्यापार क्षेत्र राष्ट्रिय अर्थतन्त्रका प्रमुख आधार हुन्। यद्यपि अधिकांश कृषि उपज, धातु, ऊर्जा तथा अन्य वस्तुहरूको कारोबार अझै परम्परागत प्रणालीमा आधारित रहेको छ, जसका कारण मूल्य निर्धारणमा पारदर्शिताको अभाव, मध्यस्थकर्तामाथिको अत्यधिक निर्भरता, मूल्यमा अस्थिरता तथा उत्पादक र उपभोक्ताबीचको असन्तुलन कायम रहेको छ। अन्तर्राष्ट्रिय अनुभवले संगठित वस्तु विनिमय बजार (Commodity Exchange) ले पारदर्शी मूल्य निर्धारण, बजारमा निष्पक्ष प्रतिस्पर्धा, जोखिम व्यवस्थापन तथा कृषि व्यवसायको व्यावसायीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। नेपालको

उत्पादन संरचना, कृषिको आधुनिकीकरण तथा औद्योगिक विकासलाई समर्थन गर्न वस्तु विनिमय बजारको क्रमिक विकास अपरिहार्य भएको छ।

उद्देश्य

कृषि, ऊर्जा, धातु तथा अन्य वस्तुहरूको पारदर्शी, प्रतिस्पर्धी तथा प्रविधिमा आधारित संगठित कारोबार प्रणाली विकास गर्दै मूल्य अन्वेषण (Price Discovery), जोखिम व्यवस्थापन, बजार दक्षता तथा उत्पादक र उपभोक्ता हित संरक्षणलाई सुदृढ गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा वस्तु विनिमय बजारको संस्थागत विकासलाई प्राथमिकता दिइनेछ।

२) वस्तु विनिमय बजारसँग सम्बन्धित कानूनी, नियामकीय तथा संस्थागत संरचनालाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप परिमार्जन गर्दै पारदर्शी, सुरक्षित तथा विश्वसनीय कारोबार प्रणाली विकास गरिनेछ। बजार सञ्चालनमा सुशासन, निष्पक्ष, प्रतिस्पर्धा तथा लगानीकर्ता संरक्षणलाई केन्द्रमा राखी प्रभावकारी नियमन तथा सुपरिवेक्षण व्यवस्था सुदृढ गरिनेछ।

३) कृषि उपज, धातु, ऊर्जा तथा अन्य रणनीतिक वस्तुहरूको चरणबद्ध रूपमा संगठित कारोबारका लागि आवश्यक बजार पूर्वाधार, गुणस्तर प्रमाणीकरण प्रणाली, मानकीकरण (Standardization), वेयरहाउस व्यवस्थापन तथा इलेक्ट्रोनिक वेयरहाउस रसिद (Electronic Warehouse Receipt System) को विकासलाई प्रोत्साहन गरिनेछ। उत्पादक, सहकारी संस्था, कृषक समूह, प्रशोधन उद्योग तथा निर्यात व्यवसायीलाई वस्तु विनिमय बजारसँग आबद्ध गरी कृषि मूल्य शृङ्खलालाई आधुनिक, प्रतिस्पर्धी तथा बजारमुखी बनाउने पहल गरिनेछ।

४) वस्तु विनिमय बजारलाई बैंकिङ प्रणाली, बीमा सेवा, वेयरहाउस वित्त (Warehouse Financing) तथा पूँजी बजारसँग क्रमशः एकीकृत गर्दै वस्तुमा आधारित वित्तीय सेवाहरूको विकासका लागि आवश्यक वातावरण निर्माण गरिनेछ। बजारमा हुने कारोबारको पारदर्शिता, मूल्य सूचना प्रणाली, डिजिटल कारोबार, वास्तविक समयको बजार निगरानी तथा जोखिम व्यवस्थापन प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकास गरिनेछ।

५) वस्तु विनिमय बजारको विकाससँगै कृषक, उत्पादक, उद्योग तथा व्यापारीलाई बजार मूल्यको जोखिमबाट संरक्षण गर्ने उद्देश्यले हेजिङ (Hedging) सम्बन्धी वित्तीय प्रणालीको आधार तयार गरिनेछ। यसका लागि सम्बन्धित निकाय, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय विशेषज्ञ संस्थाहरूसँग सहकार्य गर्दै चरणबद्ध रूपमा आधुनिक वस्तु बजार सञ्चालनका लागि आवश्यक प्राविधिक तथा संस्थागत क्षमता विकास गरिनेछ।

६) वस्तु विनिमय बजारको विकासले कृषि तथा औद्योगिक उत्पादनको बजारीकरण, मूल्य स्थायित्व, आपूर्ति शृङ्खलाको आधुनिकीकरण, निर्यात प्रवर्द्धन तथा उत्पादकको आय अभिवृद्धिमा महत्वपूर्ण

योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस सुधारमार्फत नेपालको पूँजी बजारलाई वित्तीय सम्पत्तिमा मात्र सीमित नराखी वास्तविक अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको समावेशी तथा बहुआयामिक बजार प्रणालीका रूपमा विकास गर्ने आधार तयार गरिनेछ।

४.१० डेरिभेटिभ वित्तीय उपकरण तथा जोखिम व्यवस्थापन बजारको विकास

विश्वव्यापी रूपमा विकसित पूँजी बजारहरूमा डेरिभेटिभ वित्तीय उपकरणहरू (Derivatives) लाई मूल्य अस्थिरता न्यूनीकरण, जोखिम व्यवस्थापन, मूल्य खोज (Price Discovery) तथा बजारको तरलता अभिवृद्धि गर्ने प्रभावकारी माध्यमका रूपमा प्रयोग गरिन्छ। शेयर, ऋणपत्र, वस्तु तथा विदेशी विनिमय बजारमा हुने मूल्य उतारचढावबाट उत्पन्न जोखिमलाई व्यवस्थापन गर्न फ्युचर्स (Futures), अप्सन (Options) तथा अन्य डेरिभेटिभ उपकरणहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। नेपालमा पूँजी बजार क्रमशः विस्तार हुँदै गए पनि जोखिम व्यवस्थापनका यस्ता आधुनिक वित्तीय उपकरणहरूको अभावका कारण संस्थागत लगानीकर्ता, व्यवसाय तथा उत्पादकहरूले मूल्य जोखिमबाट प्रभावकारी संरक्षण प्राप्त गर्न सकेका छैनन्। त्यसैले नेपालको पूँजी बजारलाई आधुनिक, प्रतिस्पर्धी तथा अन्तर्राष्ट्रिय अभ्यासअनुरूप विकास गर्न डेरिभेटिभ बजारको चरणबद्ध विकास आवश्यक भएको छ।

उद्देश्य

पूँजी बजार तथा वस्तु बजारमा सहभागी लगानीकर्ता, उत्पादक, उद्योग तथा वित्तीय संस्थाहरूलाई मूल्य जोखिम व्यवस्थापनका आधुनिक वित्तीय साधन उपलब्ध गराउँदै बजारको स्थायित्व, तरलता, दक्षता तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा डेरिभेटिभ वित्तीय उपकरणहरूको विकासका लागि आवश्यक कानूनी, नियामकीय, संस्थागत तथा प्राविधिक तयारी कार्य प्रारम्भ गरिनेछ।

२) नेपालको पूँजी बजारको परिपक्वता, बजार पूर्वाधार, लगानीकर्ताको क्षमता तथा जोखिम व्यवस्थापन प्रणालीको मूल्याङ्कनका आधारमा चरणबद्ध रूपमा डेरिभेटिभ बजार विकासको मार्गचित्र (Roadmap) तयार गरिनेछ। प्रारम्भिक चरणमा वस्तु विनिमय बजार तथा सूचीकृत धितोपत्रसँग सम्बन्धित उपयुक्त डेरिभेटिभ उपकरणहरूको सम्भाव्यता अध्ययन, परीक्षण तथा आवश्यक पूर्वाधार विकास गरिनेछ।

३) डेरिभेटिभ कारोबारको विश्वसनीय सञ्चालनका लागि क्लियरिङ तथा सेटलमेन्ट प्रणाली, केन्द्रीय प्रतिपक्ष (Central Counterparty), मार्जिन व्यवस्थापन, जोखिम नियन्त्रण, वास्तविक समयको बजार निगरानी तथा डिजिटल सुपरिवेक्षण प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार सुदृढ गरिनेछ। बजारको पारदर्शिता तथा वित्तीय स्थायित्वलाई उच्च प्राथमिकतामा राख्दै डेरिभेटिभ कारोबारका लागि उपयुक्त

पूँजी पर्याप्तता, खुलासा, जोखिम प्रवाह तथा सहभागीहरूको योग्यता सम्बन्धी मापदण्ड विकास गरिनेछ।

४) डेरिभेटिभ बजारलाई अनियन्त्रित सट्टेबाजीको माध्यम बन्न नदिई जोखिम व्यवस्थापनमुखी वित्तीय साधनका रूपमा विकास गरिनेछ। संस्थागत लगानीकर्ता, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, म्युचुअल फण्ड, वस्तु उत्पादक, निर्यातकर्ता तथा अन्य योग्य बजार सहभागीलाई प्राथमिकता दिँदै नियमनयुक्त वातावरणमा चरणबद्ध रूपमा कारोबार विस्तार गरिनेछ। यससँगै लगानीकर्ता शिक्षा, व्यवसायिक क्षमता विकास तथा बजार सहभागीहरूको प्राविधिक दक्षता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५) नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज, वस्तु विनिमय बजार, नेपाल राष्ट्र बैंक तथा सम्बन्धित नियामक निकायहरूबीच आवश्यक समन्वय स्थापित गरी डेरिभेटिभ बजार विकासका लागि एकीकृत नियामकीय संरचना निर्माण गरिनेछ। अन्तर्राष्ट्रिय अनुभव, असल अभ्यास तथा जोखिम व्यवस्थापनका मापदण्डलाई आत्मसात् गर्दै नेपालको वित्तीय प्रणालीको आवश्यकताअनुरूप सुरक्षित, पारदर्शी तथा उत्तरदायी डेरिभेटिभ बजार विकासलाई क्रमिक रूपमा अघि बढाइनेछ।

६) डेरिभेटिभ वित्तीय उपकरणहरूको विकासले बजार सहभागीलाई मूल्य जोखिम व्यवस्थापनका प्रभावकारी विकल्प उपलब्ध गराउनुका साथै पूँजी बजारको गहिराइ, तरलता तथा प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नेछ। दीर्घकालीन रूपमा यस सुधारले नेपालको पूँजी बजारलाई अन्तर्राष्ट्रिय अभ्याससँग अनुरूप आधुनिक, विविधीकृत तथा जोखिम व्यवस्थापनमा सक्षम वित्तीय प्रणालीका रूपमा विकास गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिइएको छ।

तेस्रो सुधार क्षेत्रः लगानीकर्ता संरक्षण, संस्थागत लगानी तथा बजार अनुशासन

विश्वसनीय, पारदर्शी तथा दिगो पूँजी बजारको आधार केवल आधुनिक प्रविधि, नयाँ वित्तीय उपकरण वा कारोबारको आकार मात्र होइन, लगानीकर्ताको विश्वास, संस्थागत लगानीकर्ताको सक्रिय सहभागिता तथा प्रभावकारी बजार अनुशासन पनि हो। लगानीकर्ताले निष्पक्ष, पारदर्शी र सुरक्षित वातावरणको अनुभूति गरेमा मात्र दीर्घकालीन बचत पूँजी बजारतर्फ आकर्षित हुन्छ। त्यसैगरी, बीमा कम्पनी, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष, सामूहिक लगानी कोष तथा अन्य संस्थागत लगानीकर्ताको सक्रिय सहभागिताले बजारलाई स्थायित्व, गहिराइ तथा तरलता प्रदान गर्दछ। त्यसैले आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीतिले लगानीकर्ता संरक्षण, संस्थागत लगानी विस्तार तथा बजार अनुशासनलाई पूँजी बजार सुधारको प्रमुख आधारका रूपमा अंगीकार गरेको छ।

४.११ संस्थागत लगानीकर्ताको सुदृढीकरण

विश्वका विकसित पूँजी बजारहरूको प्रमुख विशेषता संस्थागत लगानीकर्ताको उच्च सहभागिता हो। पेन्सन कोष, बीमा कम्पनी, सामूहिक लगानी कोष, सार्वभौम सम्पत्ति कोष (Sovereign Wealth Fund), निजी लगानी कोष तथा अन्य दीर्घकालीन संस्थागत लगानीकर्ताले बजारमा स्थायित्व, तरलता तथा विवेकपूर्ण लगानी संस्कृतिको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। नेपालको पूँजी बजारमा व्यक्तिगत (Retail) लगानीकर्ताको सहभागिता उल्लेखनीय रूपमा बढे पनि संस्थागत लगानीकर्ताको भूमिका अपेक्षाकृत सीमित रहेको छ। यस अवस्थाले बजारमा मूल्य अस्थिरता, अल्पकालीन कारोबार प्रवृत्ति तथा अत्यधिक उतारचढाव निम्त्याउने जोखिम बढाएको छ। दीर्घकालीन तथा उत्पादनशील लगानी प्रवर्द्धन गर्न संस्थागत लगानीकर्ताको भूमिका सुदृढ गर्नु अत्यावश्यक भएको छ।

उद्देश्य

दीर्घकालीन वित्तीय स्रोत परिचालन, बजारको स्थायित्व, तरलता तथा सुशासन अभिवृद्धि गर्न संस्थागत लगानीकर्ताको सक्रिय, विविधीकृत तथा जिम्मेवार सहभागिता विस्तार गर्दै पूँजी बजारलाई सन्तुलित र दिगो वित्तीय प्रणालीका रूपमा विकास गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा संस्थागत लगानीकर्ताको सहभागिता विस्तारलाई विशेष प्राथमिकता दिइनेछ।

२) नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनी, सामूहिक लगानी कोष तथा अन्य दीर्घकालीन लगानी संस्थाहरूलाई पूँजी बजारमा थप सक्रिय सहभागिताका लागि आवश्यक नीतिगत तथा नियामकीय सहजीकरण गरिनेछ। यस्ता संस्थाहरूको लगानी व्यवस्थापनलाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप व्यवसायिक, पारदर्शी तथा जोखिममा आधारित बनाउने व्यवस्था सुदृढ गरिनेछ।

३) सामूहिक लगानी कोष (Mutual Fund) हरूको दायरा विस्तार गर्दै खुलामुखी (Open-ended), बन्दमुखी (Closed-ended), सूचकाङ्कमा आधारित (Index Fund), एक्सचेञ्ज ट्रेडेड फण्ड (ETF), ऋणपत्र कोष, मनी मार्केट फण्ड तथा विषयगत लगानी कोषहरूको विकासलाई प्रोत्साहन गरिनेछ। दीर्घकालीन बचतलाई पूँजी बजारतर्फ आकर्षित गर्न पेन्सन तथा अवकाश कोषहरूको लगानी विविधीकरण सम्बन्धी नीतिगत समन्वय सम्बन्धित निकायहरूसँग गरिनेछ।

४) संस्थागत लगानीकर्ताको लगानी निर्णयलाई अनुसन्धान, जोखिम विश्लेषण तथा सुशासनमा आधारित बनाउन प्रोत्साहित गरिनेछ। यसका साथै सम्पत्ति व्यवस्थापन (Asset Management), पोर्टफोलियो व्यवस्थापन, ट्रष्टी सेवा तथा कस्टोडियल सेवाको गुणस्तर अभिवृद्धि गर्दै व्यवसायिक लगानी

व्यवस्थापन उद्योगको विकासलाई सहयोग पुऱ्याइनेछ। विदेशी संस्थागत लगानीकर्ताको चरणबद्ध सहभागिताका लागि आवश्यक कानूनी तथा प्राविधिक तयारीलाई समेत अगाडि बढाइनेछ।

५) संस्थागत लगानीकर्ताको सुदृढीकरणबाट बजारमा दीर्घकालीन पूँजी प्रवाह बढ्ने, मूल्य अस्थिरता न्यूनीकरण हुने, कर्पोरेट सुशासनमा सुधार आउने तथा उत्पादनशील क्षेत्रमा लगानी विस्तार हुने अपेक्षा गरिएको छ। यस सुधारले नेपालको पूँजी बजारलाई अल्पकालीन कारोबारमुखी बजारबाट दीर्घकालीन मूल्य सिर्जना गर्ने परिपक्व वित्तीय प्रणालीतर्फ रूपान्तरण गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछ।

४.१२ लगानीकर्ता संरक्षण तथा वित्तीय साक्षरताको सुदृढीकरण

पूँजी बजारप्रतिको जनविश्वास, लगानीकर्ताको सहभागिता तथा बजारको दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न प्रभावकारी लगानीकर्ता संरक्षण प्रणाली अपरिहार्य हुन्छ। पछिल्ला वर्षहरूमा नेपालको पूँजी बजारमा नयाँ लगानीकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको छ। डिजिटल कारोबार प्रणाली, मेरो शेयर, अनलाइन कारोबार तथा प्राथमिक निष्कासनमा सहज पहुँचका कारण लाखौं नागरिक पूँजी बजारसँग आबद्ध भएका छन्। तथापि, वित्तीय साक्षरताको सीमित स्तर, अफवाहमा आधारित लगानी प्रवृत्ति, बजार जोखिमबारे अपर्याप्त जानकारी, सामाजिक सञ्जालमार्फत फैलिने भ्रामक सूचना तथा अनधिकृत लगानी परामर्शका कारण धेरै लगानीकर्ताले अनावश्यक जोखिम वहन गर्नुपरेको अवस्था रहेको छ। यस परिप्रेक्ष्यमा लगानीकर्ता संरक्षणलाई नियामकीय दायित्व मात्र नभई पूँजी बजार विकासको मूल आधारका रूपमा स्थापित गरिनेछ।

उद्देश्य

लगानीकर्ताको अधिकार, हित तथा विश्वासको संरक्षण गर्दै सुरक्षित, पारदर्शी, उत्तरदायी तथा ज्ञानमा आधारित लगानी वातावरण निर्माण गर्नु, वित्तीय साक्षरता अभिवृद्धि गर्नु तथा पूँजी बजारप्रति दीर्घकालीन जनविश्वास सुदृढ गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा लगानीकर्ता संरक्षणलाई नेपाल धितोपत्र बोर्डको प्रमुख प्राथमिकतामध्ये एकका रूपमा कार्यान्वयन गरिनेछ। लगानीकर्ताले समयमै सही सूचना प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्दै सूचना प्रवाह, पारदर्शिता तथा निष्पक्ष बजार अभ्यासलाई थप सुदृढ बनाइनेछ।

२) लगानीकर्ताका गुनासा, उजुरी तथा विवादहरूको छिटो, निष्पक्ष र प्रभावकारी समाधानका लागि प्रविधिमा आधारित **एकीकृत लगानीकर्ता गुनासा व्यवस्थापन प्रणाली** विकास गरिनेछ। आवश्यक कानूनी तथा संस्थागत आधार तयार गरी लगानीकर्ता क्षतिपूर्ति तथा संरक्षणसम्बन्धी व्यवस्थालाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप क्रमशः सुदृढ बनाइनेछ।

३) राष्ट्रिय स्तरमा **"लगानीकर्ता शिक्षा तथा वित्तीय साक्षरता अभियान"** सञ्चालन गरी विद्यालय, विश्वविद्यालय, स्थानीय तह, व्यवसायिक संस्था, उद्योग—वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था, पूँजी

बजारका मध्यस्थ संस्था तथा सञ्चार माध्यमसँग सहकार्य विस्तार गरिनेछ। डिजिटल शिक्षा सामग्री, अनलाइन तालिम, मोबाइल एप, भिडियो सामग्री तथा क्षेत्रीय कार्यक्रममार्फत पूँजी बजारसम्बन्धी ज्ञानलाई सर्वसुलभ बनाउने तर्फ आवश्यक तयारी प्रारम्भ गरिनेछ । विशेष रूपमा युवा, महिला, वैदेशिक रोजगारीबाट फर्किएका नागरिक, ग्रामीण समुदाय तथा पहिलो पटक लगानी गर्ने नागरिकलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

४) लगानीकर्ता सुरक्षालाई प्राथमिकता दिई अनधिकृत लगानी परामर्श, भ्रामक प्रचार, सामाजिक सञ्जालमार्फत हुने बजार प्रभावित गर्ने गतिविधि तथा वित्तीय ठगीविरुद्ध प्रभावकारी नियामकीय निगरानी र कानूनी कारबाहीलाई थप सुदृढ बनाइनेछ। त्यसैगरी सामाजिक सञ्जालको प्रयोग गरी Finfluencers हरूबाट धितोपत्र बजारलाई प्रभावित पार्ने गरी सूचना प्रवाह भए नभएको विश्लेषण तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउनुका साथै लगानीकर्ताहरूलाई सचेत गराईनेछ।

५) लगानी परामर्श, अनुसन्धान तथा विश्लेषण सेवा प्रदान गर्ने संस्थाहरूका लागि व्यवसायिक आचारसंहिता, इजाजत प्रणाली तथा उत्तरदायित्वसम्बन्धी स्पष्ट मापदण्ड लागू गरिनेछ। बजारसम्बन्धी सूचना सार्वजनिक गर्दा पारदर्शिता, तथ्यपरकता तथा उत्तरदायित्व सुनिश्चित गरिनेछ।

६) लगानीकर्ता संरक्षणलाई प्रभावकारी बनाउन नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, धितोपत्र दलाल व्यवसायी, निक्षेप सदस्य, मर्चेन्ट बैंकर तथा अन्य बजार सहभागी संस्थाबीच समन्वयात्मक कार्यप्रणाली विकास गरिनेछ।

७) पूँजी बजारसम्बन्धी सबै सेवामा सेवा मापदण्ड (Service Standards) निर्धारण गरी लगानीकर्तामैत्री, सहज तथा प्रविधिमा आधारित सेवा प्रवाहलाई संस्थागत गरिनेछ।

८) लगानीकर्ता संरक्षण तथा वित्तीय साक्षरताको सुदृढीकरणबाट पूँजी बजारप्रति जनविश्वास अभिवृद्धि हुने, दीर्घकालीन लगानी संस्कृतिको विकास हुने, बजारमा जिम्मेवार सहभागिता बढ्ने तथा समग्र पूँजी बजार थप सुरक्षित, पारदर्शी र समावेशी बन्ने अपेक्षा गरिएको छ।

४.१३ धितोपत्र सम्बन्धी कसूर तथा वित्तीय अपराध नियन्त्रण

विश्वसनीय पूँजी बजारको आधार निष्पक्ष कारोबार, समान सूचना पहुँच तथा कानूनको प्रभावकारी कार्यान्वयन हो। यदि बजारमा भित्री कारोबार (Insider Trading), बजार हेरफेर (Market Manipulation), कृत्रिम कारोबार, झुटा वा भ्रामक सूचना प्रवाह, मिलेमतोमा हुने कारोबार, अनधिकृत लगानी परामर्श तथा अन्य धितोपत्रसम्बन्धी वित्तीय अपराधहरू नियन्त्रण हुन नसकेमा लगानीकर्ताको विश्वास कमजोर हुन्छ, पूँजी बजारको विश्वसनीयतामा नकारात्मक असर पर्छ र राष्ट्रिय अर्थतन्त्रमा दीर्घकालीन पूँजी परिचालनमा समेत बाधा पुग्दछ। यस परिप्रेक्ष्यमा पूँजी बजारलाई निष्पक्ष, पारदर्शी तथा उत्तरदायी बनाउने उद्देश्यले बजार अनुशासन र कानूनी प्रबलीकरणलाई थप प्रभावकारी बनाइनेछ।

उद्देश्य

भित्री कारोबार, बजार हेरफेर तथा धितोपत्रसम्बन्धी सबै प्रकारका वित्तीय अपराधहरूको प्रभावकारी रोकथाम, अनुसन्धान तथा कारबाहीमार्फत निष्पक्ष, पारदर्शी, उत्तरदायी तथा विश्वसनीय पूँजी बजारको विकास गर्नु ।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा भित्री कारोबार, बजार हेरफेर, कृत्रिम मूल्य निर्माण, मिलेमतोमा हुने कारोबार, फ्रन्ट रनिङ (Front Running), भ्रामक सूचना प्रवाह तथा अन्य धितोपत्रसम्बन्धी गैरकानूनी गतिविधिविरुद्ध **शून्य सहनशीलता (Zero Tolerance)** को नीति अवलम्बन गरिनेछ।

२) धितोपत्र सम्बन्धी कसुरको प्रारम्भिक जाँचबुझलाई थप गति प्रदान गर्दै अनुसन्धान, अभियोजन र न्यायिक प्रकृया अगाडि बढाउन अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाईनेछ ।

३) यस्ता गतिविधिको पहिचान, अनुसन्धान तथा कानूनी कारबाहीलाई थप प्रभावकारी बनाउन नेपाल धितोपत्र बोर्डको प्रबलीकरण (Enforcement) प्रणालीलाई सुदृढ गरिनेछ।

४) प्रविधिमा आधारित बजार निगरानी प्रणालीलाई आधुनिकीकरण गर्दै कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence), डेटा विश्लेषण (Data Analytics) तथा वास्तविक समय (Real-Time) मा कारोबार अनुगमन गर्न सक्ने प्रविधिको प्रयोग विस्तार गरिनेछ। अस्वाभाविक कारोबार, मूल्यमा हुने असामान्य उतारचढाव, मिलेमतोमा कारोबार तथा शंकास्पद गतिविधिहरूको स्वचालित पहिचान र जोखिम मूल्याङ्कन प्रणाली विकास गरिनेछ।

५) धितोपत्र सम्बन्धी कसूर तथा वित्तीय अपराधको अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, भ्रष्टाचार नियन्त्रणसम्बन्धी निकाय तथा अन्य सम्बन्धित सरकारी संस्थासँग सूचना आदानप्रदान, संयुक्त अनुसन्धान तथा संस्थागत समन्वयलाई सुदृढ गरिनेछ।

६) अन्तर्राष्ट्रिय नियामक संस्थाहरू तथा **IOSCO Multilateral Memorandum of Understanding (MMoU)** जस्ता सहकार्य संयन्त्रसँग क्रमशः आबद्ध हुँदै सीमापार हुने धितोपत्रसम्बन्धी अपराध नियन्त्रणमा सहकार्य विस्तार गरिनेछ।

७) सूचीकृत कम्पनी, सञ्चालक, प्रमुख व्यवस्थापक, लेखापरीक्षक, मर्चेन्ट बैंकर, धितोपत्र दलाल, निक्षेप सदस्य, अनुसन्धान विश्लेषक तथा अन्य बजार सहभागीका लागि आचारसंहिता, हितको द्वन्द्व (Conflict of Interest) व्यवस्थापन तथा सूचना गोपनीयतासम्बन्धी मापदण्डलाई थप स्पष्ट र प्रभावकारी बनाइनेछ।धितोपत्र सम्बन्धी कानून उल्लङ्घनका घटनामा कानून बमोजिम छिटो, निष्पक्ष तथा अनुपातिक कारबाही सुनिश्चित गरिनेछ।

८) बजार अनुशासनलाई संस्थागत गर्न स्वैच्छिक अनुपालन (Compliance Culture), व्यवसायिक नैतिकता, नियामकीय शिक्षा तथा क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ। पूँजी बजारका

सबै सहभागी संस्थाहरूमा अनुपालन अधिकृत (Compliance Officer) प्रणालीलाई प्रभावकारी बनाउँदै जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ।

९) यस नीतिमार्फत निष्पक्ष बजार अभ्यास, प्रभावकारी कानूनी प्रबलीकरण तथा उच्चस्तरीय बजार अनुशासनलाई संस्थागत गर्दै नेपालको पूँजी बजारलाई स्वदेशी तथा अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि सुरक्षित, विश्वसनीय तथा पारदर्शी लगानी गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ।

४.१४ संस्थागत सुशासन, सूचना प्रवाह तथा बजार अनुशासनको सुदृढीकरण

सुदृढ संस्थागत सुशासन, समयमै हुने सूचना प्रवाह तथा प्रभावकारी बजार अनुशासन विश्वसनीय पूँजी बजारका आधारभूत स्तम्भ हुन्। लगानीकर्ताले आफ्नो लगानीसम्बन्धी निर्णय कम्पनीहरूले सार्वजनिक गर्ने सूचनाको विश्वसनीयता, पारदर्शिता तथा पूर्णतामाथि आधारित भएर लिने भएकाले सूचीकृत संस्थाहरूको उत्तरदायित्व उच्च हुन आवश्यक छ। अन्तर्राष्ट्रिय अनुभवले सुशासनको उच्च मापदण्ड अपनाउने कम्पनीहरूले दीर्घकालीन रूपमा लगानीकर्ताको विश्वास, बजार मूल्य, वित्तीय स्थायित्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सफल भएको देखाएको छ। नेपालको पूँजी बजारलाई विश्वसनीय, पारदर्शी तथा अन्तर्राष्ट्रिय स्तरको बजारका रूपमा विकास गर्न कर्पोरेट सुशासन तथा सूचना प्रवाह प्रणालीलाई थप सुदृढ बनाउनु अपरिहार्य भएको छ।

उद्देश्य

सूचीकृत संस्थाहरूमा पारदर्शिता, उत्तरदायित्व, नैतिक व्यवसायिक आचरण तथा समयमै सूचना प्रवाहको संस्कृतिलाई संस्थागत गर्दै लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नु, बजार अनुशासनलाई सुदृढ बनाउनु तथा अन्तर्राष्ट्रिय सुशासन मापदण्डअनुरूप पूँजी बजारको विकास गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा सूचीकृत कम्पनीहरूको कर्पोरेट सुशासनसम्बन्धी मापदण्डलाई अन्तर्राष्ट्रिय असल अभ्यास तथा OECD Corporate Governance Principles अनुरूप क्रमशः परिमार्जन तथा सुदृढ गरिनेछ। सञ्चालक समितिको व्यवसायिकता, स्वतन्त्र सञ्चालकको प्रभावकारी भूमिका, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति तथा पारिश्रमिक समितिको संस्थागत क्षमता अभिवृद्धि गर्दै कम्पनीहरूको निर्णय प्रक्रियामा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरिनेछ।

२) सूचीकृत संस्थाहरूबाट हुने वित्तीय तथा गैर-वित्तीय सूचना प्रवाहलाई थप समयबद्ध, तथ्यपरक, डिजिटल तथा लगानीकर्तामैत्री बनाइनेछ। वार्षिक तथा त्रैमासिक प्रतिवेदन, मूल्य संवेदनशील सूचना, सम्बन्धित पक्षसँग भएका कारोबार (Related Party Transactions), स्वामित्व संरचना, जोखिम तथा भविष्यको व्यवसायिक योजनासम्बन्धी जानकारी स्पष्ट रूपमा सार्वजनिक गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ। डिजिटल सूचना प्रवाह प्रणालीको विस्तार गर्दै सबै लगानीकर्ताले समान समयमा समान सूचना प्राप्त गर्ने वातावरण सुनिश्चित गरिनेछ।

३) सूचीकृत कम्पनीहरूको वित्तीय प्रतिवेदनको गुणस्तर अभिवृद्धि गर्न नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) को प्रभावकारी कार्यान्वयनलाई थप सुदृढ गरिनेछ। लेखापरीक्षकको स्वतन्त्रता, व्यवसायिक उत्तरदायित्व तथा लेखापरीक्षणको गुणस्तर सुनिश्चित गर्न सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरिनेछ। कम्पनीहरूको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, अनुपालन (Compliance) तथा आन्तरिक लेखापरीक्षण प्रणालीलाई संस्थागत गर्न प्रोत्साहन गरिनेछ।

४) दिगो विकास, वातावरणीय उत्तरदायित्व, सामाजिक उत्तरदायित्व तथा सुशासन (Environmental, Social and Governance-ESG) सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासलाई चरणबद्ध रूपमा प्रोत्साहन गरिनेछ। विशेषगरी ठूला सूचीकृत कम्पनीहरूलाई दिगोपन (Sustainability), जलवायु जोखिम, ऊर्जा दक्षता, सामाजिक उत्तरदायित्व तथा सुशासनसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न प्रोत्साहित गरिनेछ, जसले अन्तर्राष्ट्रिय लगानीकर्ताको विश्वास अभिवृद्धि गर्न सहयोग पुऱ्याउनेछ।

५) नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज, लेखापरीक्षणसम्बन्धी नियामक निकाय, व्यवसायिक संस्था तथा सूचीकृत कम्पनीहरूबीच समन्वयात्मक कार्यप्रणाली विकास गरी संस्थागत सुशासनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ। उत्कृष्ट सुशासन अपनाउने कम्पनीहरूलाई प्रोत्साहन तथा निरन्तर उल्लङ्घन गर्ने कम्पनीहरूमाथि कानूनबमोजिम आवश्यक नियामकीय कारबाहीको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

६) संस्थागत सुशासन, सूचना प्रवाह तथा बजार अनुशासनको यस व्यापक सुधारमार्फत नेपालको पूँजी बजारलाई उच्च नैतिक मान्यता, पारदर्शिता, उत्तरदायित्व तथा विश्वसनीयतामा आधारित आधुनिक वित्तीय प्रणालीका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ। यसले लगानीकर्ताको विश्वास सुदृढ गर्नुका साथै स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी दीर्घकालीन आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

चौथो सुधार क्षेत्रः डिजिटल रूपान्तरण, वित्तीय नवप्रवर्तन तथा अन्तर्राष्ट्रिय एकीकरण

विश्वव्यापी रूपमा पूँजी बजारहरू तीव्र गतिमा डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, बिग डेटा, क्लाउड कम्प्युटिङ, ब्लकचेन तथा स्वचालित नियामकीय प्रणालीतर्फ रूपान्तरण भइरहेका छन्। वित्तीय सेवाको डिजिटलीकरणले कारोबारलाई छिटो, सुरक्षित, पारदर्शी तथा कम लागतयुक्त बनाउनुका साथै लगानीकर्ताको पहुँच विस्तार गरेको छ। नेपालले पछिल्ला वर्षहरूमा अनलाइन कारोबार, डिम्याट प्रणाली, मेरो शेयर, विद्युतीय आईपीओ आवेदन तथा डिजिटल भुक्तानी प्रणालीमा उल्लेखनीय प्रगति हासिल गरेको भए पनि आगामी दशकको प्रतिस्पर्धाका लागि पूँजी बजारको डिजिटल रूपान्तरणलाई अझ व्यापक, एकीकृत तथा नवप्रवर्तनमुखी बनाउनु आवश्यक भएको छ। त्यसैले आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीतिले

डिजिटल पूर्वाधार, वित्तीय प्रविधि तथा अन्तर्राष्ट्रियस्तरको प्रविधिमैत्री बजार विकासलाई उच्च प्राथमिकता प्रदान गरेको छ।

४.१५ डिजिटल पूँजी बजार तथा वित्तीय प्रविधि (FinTech) को विकास

डिजिटल प्रविधिको तीव्र विकासले विश्वभरका पूँजी बजारको सञ्चालन, नियमन, लगानी सेवा तथा सूचना प्रवाहको स्वरूपमा व्यापक परिवर्तन ल्याएको छ। आधुनिक पूँजी बजार अब केवल कारोबार गर्ने स्थान नभई डिजिटल वित्तीय सेवा, डेटा विश्लेषण, कृत्रिम बुद्धिमत्ता तथा स्वचालित निर्णय प्रणालीमा आधारित परिसंस्थाका रूपमा विकास भइरहेको छ। नेपालमा डिजिटल पूर्वाधारको विस्तार भए पनि पूँजी बजारका विभिन्न सेवा, नियामकीय प्रक्रिया तथा बजार पूर्वाधारबीच अझै पूर्ण एकीकरण हुन बाँकी रहेको छ। आगामी चरणमा डिजिटल रूपान्तरणलाई बजार विकासको प्रमुख आधारका रूपमा अघि बढाउनु आवश्यक छ।

उद्देश्य

पूँजी बजारका सम्पूर्ण सेवा, कारोबार, नियमन तथा सूचना व्यवस्थापनलाई सुरक्षित, एकीकृत, प्रविधिमैत्री तथा नवप्रवर्तनमुखी डिजिटल प्रणालीमा रूपान्तरण गर्दै लगानीकर्ताको पहुँच, सेवा गुणस्तर, बजार दक्षता तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा पूँजी बजारसम्बन्धी सबै प्रमुख सेवाहरूलाई क्रमशः Digital First अवधारणा आत्मसाथ गर्दै प्रविधिमा आधारित पूँजी बजार(Technology-driven Capital Market) अवलम्बन गरिनेछ। धितोपत्र निष्कासन, सूचीकरण, इजाजत, सूचना प्रबाह, लगानीकर्ता सेवा, गुनासा व्यवस्थापन, सुपरिवेक्षण तथा नियामकीय प्रतिवेदनलाई पूर्ण रूपमा एकीकृत डिजिटल प्रणालीमार्फत सञ्चालन गर्ने पूर्वाधार विकास गरिनेछ।

२) नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., मर्चेन्ट बैंकर, धितोपत्र दलाल, निक्षेप सदस्य, सामूहिक लगानी कोष तथा अन्य बजार सहभागी संस्था बीच डिजिटल अन्तरआबद्धता (Interoperability) सुदृढ गरिनेछ। एकीकृत डिजिटल पूँजी बजार प्लेटफर्म विकास गरी लगानीकर्ताले एकै डिजिटल माध्यमबाट पूँजी बजारसम्बन्धी आवश्यक सेवा तथा जानकारी प्राप्त गर्न सक्ने वातावरण निर्माण गरिनेछ।

३) वित्तीय प्रविधि(FinTech) मा आधारित नवप्रवर्तनलाई प्रोत्साहन गर्न Regulatory Sandbox को अवधारणालाई सम्बन्धित निकायहरूसँग समन्वय गरी चरणबद्ध रूपमा कार्यान्वयनको दिशामा अघि बढाइनेछ। डिजिटल पहिचान (Digital Identity), विद्युतीय KYC, डिजिटल हस्ताक्षर, स्मार्ट करार (Smart Contract), ब्लकचेनमा आधारित अभिलेखीकरण तथा अन्य सुरक्षित डिजिटल प्रविधिको सम्भाव्यता अध्ययन गरी आवश्यकताअनुसार क्रमिक रूपमा उपयोग विस्तार गरिनेछ।

४) डिजिटल सेवा प्रवाहमा डेटा सुरक्षा, गोपनीयता, साइबर जोखिम व्यवस्थापन तथा सेवा निरन्तरताका मापदण्डलाई उच्च प्राथमिकता दिइनेछ। लगानीकर्तामैत्री मोबाइल सेवा, डिजिटल सूचना प्रणाली तथा वास्तविक समयको बजार सूचना उपलब्ध गराउँदै पूँजी बजारलाई प्रविधिमार्फत थप पहुँचयोग्य, समावेशी तथा दक्ष बनाइनेछ।

५) डिजिटल पूँजी बजार तथा वित्तीय प्रविधिको विकासमार्फत नेपालको पूँजी बजारलाई चौथो औद्योगिक क्रान्तिको प्रविधिसँग अनुकूल आधुनिक वित्तीय प्रणालीका रूपमा विकास गर्दै लगानीकर्ता, बजार सहभागी तथा नियामक निकायबीच सुरक्षित, पारदर्शी तथा प्रभावकारी डिजिटल वित्तीय वातावरण निर्माण गर्ने तथा डिजिटल शिक्षा प्रवाह बढाउने लक्ष्य लिइएको छ।

४.१६ गैर आवसीय नेपाली, विदेशी संस्थागत तथा पोर्टफोलियो लगानी आकर्षण

नेपालको पूँजी बजारलाई दिगो, प्रतिस्पर्धी तथा अन्तर्राष्ट्रियस्तरको वित्तीय बजारका रूपमा विकास गर्न स्वदेशी लगानीसँगै गैर आवसीय नेपाली, गुणस्तरीय विदेशी संस्थागत तथा पोर्टफोलियो लगानीको क्रमिक विस्तार आवश्यक छ। विश्वका सफल पूँजी बजारहरूले स्वदेशी बचत र अन्तर्राष्ट्रिय लगानीबीच सन्तुलन कायम गर्दै बजारको गहिराइ, तरलता, प्रविधि, सुशासन तथा वित्तीय नवप्रवर्तनलाई तीव्र गति दिएका छन्। नेपालले प्रत्यक्ष वैदेशिक लगानी(FDI) आकर्षित गर्ने प्रयास गरिरहेको भए पनि विदेशी पोर्टफोलियो लगानीको क्षेत्र अझै प्रारम्भिक अवस्थामै रहेको छ। पूँजी बजारको संस्थागत विकास, सूचना प्रविधिको विस्तार, नियामकीय सुधार तथा वित्तीय स्थायित्वलाई आधार बनाई विदेशी संस्थागत लगानीलाई क्रमिक रूपमा आकर्षित गर्नु समयको आवश्यकता भएको छ।

उद्देश्य

नेपालको वित्तीय तथा बाह्य क्षेत्रको स्थायित्वलाई अक्षुण्ण राख्दै पारदर्शी, पूर्वानुमानयोग्य तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको लगानी वातावरण निर्माण गरी गुणस्तरीय गैर आवासीय नेपाली, विदेशी संस्थागत तथा पोर्टफोलियो लगानी आकर्षित गर्नु, पूँजी बजारको गहिराइ, तरलता तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा गैर-आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा सहभागी गराउने सम्बन्धमा बोर्डबाट भएको अध्ययन प्रतिवेदनमा प्रस्तावित सुधार सुझावको कार्यान्यनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्नुका साथै धितोपत्र बजारमा गर्नुपर्ने कानूनी तथा संरचनात्मक व्यवस्था कार्य अगाडि बढाईनेछ ।

२) विदेशी संस्थागत तथा पोर्टफोलियो लगानीका सम्बन्धमा चरणबद्ध, नियन्त्रित तथा जोखिममा आधारित नीतिगत ढाँचा विकास गर्न नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा सम्बन्धित नियामक निकायहरूसँग समन्वय गरिनेछ। गैर आवसीय नेपाली, विदेशी संस्थागत लगानीकर्ताको प्रवेश, दर्ता, लगानी,

प्रतिफल फिर्ता (Repatriation), कर, विदेशी विनिमय व्यवस्थापन तथा सूचना प्रवाहसम्बन्धी प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप क्रमशः परिमार्जन गरिनेछ।

३) सार्वभौम सम्पत्ति कोष (Sovereign Wealth Funds), पेन्सन कोष, बीमा कोष, अन्तर्राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी, म्युचुअल फण्ड तथा अन्य योग्य संस्थागत लगानीकर्तालाई नेपालमा दीर्घकालीन लगानीका लागि आकर्षित गर्न आवश्यक नीतिगत सहजीकरण गरिनेछ। विदेशी लगानीकर्ताको सहभागिता विस्तार गर्दा वित्तीय स्थायित्व, विदेशी विनिमय व्यवस्थापन, बजारको क्षमता तथा प्रणालीगत जोखिमलाई निरन्तर मूल्याङ्कन गर्दै आवश्यक सुरक्षात्मक व्यवस्थाहरू कार्यान्वयन गरिनेछ।

४) नेपालको पूँजी बजारलाई अन्तर्राष्ट्रिय लगानी समुदायसमक्ष परिचित गराउन International Investor Outreach Programme, लगानी सम्मेलन, रोड—शो, अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग संवाद तथा बजारसम्बन्धी सूचनाको अन्तर्राष्ट्रिय प्रचार—प्रसारलाई प्रोत्साहन गरिनेछ। सूचीकृत कम्पनीहरूको सूचना प्रवाह, कर्पोरेट सुशासन, वित्तीय प्रतिवेदन तथा बजार तथ्याङ्कलाई अन्तर्राष्ट्रिय लगानीकर्ताले सहज रूपमा उपयोग गर्न सक्ने गरी डिजिटल तथा द्विभाषिक सूचना प्रणाली क्रमशः विकास गरिनेछ।

५) अन्तर्राष्ट्रिय प्रतिभूति नियामक संस्था, क्षेत्रीय पूँजी बजार संगठन, विकास साझेदार तथा विदेशी स्टक एक्सचेञ्जहरूसँग सहकार्य विस्तार गर्दै ज्ञान, प्रविधि, नियामकीय अनुभव तथा बजार विकासका उत्कृष्ट अभ्यासहरूको आदानप्रदानलाई प्रोत्साहन गरिनेछ। पूँजी बजारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको क्रमिक अवलम्बन, नियामकीय पारस्परिक सहयोग तथा सीमापार लगानी वातावरण सुधारलाई दीर्घकालीन प्राथमिकताका रूपमा अघि बढाइनेछ।

६) विदेशी संस्थागत तथा पोर्टफोलियो लगानीको विवेकपूर्ण विस्तारले नेपालको पूँजी बजारमा दीर्घकालीन पूँजी प्रवाह, बजारको तरलता, कर्पोरेट सुशासन, मूल्य अन्वेषण (Price Discovery) तथा अन्तर्राष्ट्रिय विश्वसनीयता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ। यस सुधारमार्फत नेपाललाई दक्षिण एशियाको उदाउँदो, पारदर्शी तथा लगानीमैत्री पूँजी बजारका रूपमा स्थापित गर्ने दीर्घकालीन आधार निर्माण गरिनेछ।

४.१७ हरित, दिगो तथा समावेशी पूँजी बजारको विकास

दिगो आर्थिक विकास, जलवायु परिवर्तन न्यूनीकरण, वातावरण संरक्षण तथा समावेशी समृद्धिका लागि हरित वित्त (Green Finance) र दिगो लगानी (Sustainable Finance) को महत्व विश्वव्यापी रूपमा तीव्र गतिमा बढिरहेको छ। जलवायु परिवर्तनको उच्च जोखिममा रहेका मुलुकहरूमध्ये नेपाल पनि एक हो। एकातर्फ जलवायुजन्य विपद्, प्राकृतिक स्रोतमा परेको दबाब तथा वातावरणीय चुनौतीहरू बढिरहेका छन् भने अर्कोतर्फ जलविद्युत्, नवीकरणीय ऊर्जा, दिगो कृषि, हरित पूर्वाधार, स्वच्छ यातायात, वन संरक्षण तथा वातावरणमैत्री उद्योगमा लगानी विस्तार गर्ने उल्लेखनीय सम्भावना रहेको छ। यी अवसरहरूको

प्रभावकारी उपयोगका लागि पूँजी बजारलाई दिगो विकास वित्त परिचालनको प्रमुख माध्यमका रूपमा विकास गर्नु आवश्यक भएको छ।

उद्देश्य

हरित, वातावरणमैत्री, जलवायु—उत्तरदायी तथा सामाजिक रूपमा समावेशी परियोजनाहरूका लागि पूँजी बजारमार्फत दीर्घकालीन वित्तीय स्रोत परिचालन गर्दै दिगो आर्थिक विकास, जलवायु अनुकूलन, वातावरण संरक्षण तथा समावेशी समृद्धिलाई प्रवर्द्धन गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा हरित तथा दिगो वित्तीय साधनहरूको विकासलाई विशेष प्राथमिकता दिइनेछ। हरित ऋणपत्र (Green Bond), दिगोपन ऋणपत्र (Sustainability Bond), सामाजिक ऋणपत्र (Social Bond), दिगो विकाससँग सम्बन्धित ऋणपत्र (Sustainability-Linked Bond) तथा अन्य विषयगत पूँजी बजार उपकरणहरूको विकासका लागि आवश्यक नियामकीय ढाँचा, प्रवाह मापदण्ड तथा प्रमाणीकरण प्रणालीलाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप क्रमशः विकास गरिनेछ।

२) नवीकरणीय ऊर्जा, जलविद्युत्, सौर्य तथा वायु ऊर्जा, स्वच्छ यातायात, वातावरणमैत्री पूर्वाधार, दिगो कृषि, वन संरक्षण, फोहोर व्यवस्थापन, जलस्रोत संरक्षण, जलवायु अनुकूलन तथा विपद् न्यूनीकरणसँग सम्बन्धित परियोजनाहरूमा पूँजी बजारमार्फत दीर्घकालीन लगानी परिचालन गर्न प्रोत्साहन गरिनेछ। सार्वजनिक तथा निजी क्षेत्रका संस्थाहरूलाई हरित वित्तीय साधन जारी गर्न आवश्यक नीतिगत सहजीकरण प्रदान गरिनेछ।

३) सूचीकृत कम्पनीहरूलाई वातावरणीय, सामाजिक तथा सुशासन (Environmental, Social and Governance-ESG) सम्बन्धी मापदण्ड क्रमशः अवलम्बन गर्न प्रोत्साहित गरिनेछ। कम्पनीहरूको वातावरणीय प्रभाव, कार्बन उत्सर्जन व्यवस्थापन, ऊर्जा दक्षता, सामाजिक उत्तरदायित्व, श्रम अभ्यास, लैङ्गिक समानता तथा सुशासनसम्बन्धी सूचनाको प्रवाहलाई चरणबद्ध रूपमा संस्थागत गरिनेछ। दिगोपन प्रतिवेदन (Sustainability Reporting) लाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप क्रमिक रूपमा लागू गर्ने दिशामा आवश्यक तयारी गरिनेछ।

४) जलवायु वित्त, हरित लगानी तथा दिगो विकासका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय वित्तीय संस्था, विकास साझेदार, जलवायु कोष तथा बहुपक्षीय विकास बैंकहरूसँग सहकार्य विस्तार गर्दै नेपालमा हरित पूँजी बजारको विकासका लागि आवश्यक प्राविधिक सहयोग, क्षमता विकास तथा वित्तीय स्रोत परिचालनलाई प्रोत्साहन गरिनेछ। यसका साथै वातावरणीय जोखिम, जलवायु जोखिम तथा दिगोपनसँग सम्बन्धित वित्तीय जोखिम व्यवस्थापनलाई पूँजी बजार नियमनको दीर्घकालीन पक्षका रूपमा क्रमशः समावेश गरिनेछ।

५) समावेशी पूँजी बजारको अवधारणाअनुरूप महिला उद्यमी, युवा उद्यमी, साना तथा मझौला उद्यम, सहकारीबाट रूपान्तरण भएका उत्पादनमूलक संस्थाहरू तथा सामाजिक उद्यमहरूका लागि पूँजी बजारमा पहुँच विस्तार गर्ने नीतिगत व्यवस्था गरिनेछ। पूँजी बजारको लाभ समाजका सबै वर्ग, क्षेत्र तथा समुदायसम्म पुग्ने गरी वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गरिनेछ।

६) हरित, दिगो तथा समावेशी पूँजी बजारको विकासमार्फत नेपालको पूँजी बजारलाई वातावरणीय उत्तरदायित्व, सामाजिक समावेशिता तथा दीर्घकालीन आर्थिक दिगोपनका सिद्धान्तमा आधारित आधुनिक वित्तीय प्रणालीका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ। यस सुधारले नेपाललाई क्षेत्रीय स्तरमा दिगो वित्त प्रवर्द्धन गर्ने उदीयमान पूँजी बजारका रूपमा स्थापित गर्नुका साथै राष्ट्रिय जलवायु लक्ष्य, दिगो विकास लक्ष्य तथा हरित आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

४.१८ कृत्रिम बुद्धिमत्ता (AI), RegTech, SupTech, साइबर सुरक्षा तथा डेटा सुशासनको सुदृढीकरण

विश्वव्यापी रूपमा पूँजी बजारको सञ्चालन, नियमन तथा सुपरिवेक्षणमा कृत्रिम बुद्धिमत्ता(Artificial Intelligence—AI), नियामकीय प्रविधि(RegTech), सुपरिवेक्षण प्रविधि(SupTech), बिग डेटा, क्लाउड कम्प्युटिङ तथा साइबर सुरक्षाको प्रयोग तीव्र गतिमा विस्तार भइरहेको छ। आधुनिक नियामक संस्थाहरूले डेटा—आधारित निर्णय प्रणाली, स्वचालित निगरानी, जोखिम विश्लेषण तथा डिजिटल नियमनलाई आफ्नो संस्थागत क्षमताको अभिन्न अङ्ग बनाएका छन्। नेपालको पूँजी बजार पनि कारोबारको विस्तार, डिजिटल सेवाको वृद्धि तथा प्रविधिमा आधारित वित्तीय नवप्रवर्तनसँगै नयाँ अवसर र नयाँ जोखिमको चरणमा प्रवेश गरिरहेको छ। यस सन्दर्भमा नियामकीय क्षमता, साइबर सुरक्षा, डेटा सुशासन तथा प्रविधि—आधारित सुपरिवेक्षणलाई सुदृढ बनाउनु दिगो पूँजी बजार विकासका लागि अत्यावश्यक भएको छ।

उद्देश्य

प्रविधिमा आधारित, सुरक्षित, डेटा—सञ्चालित तथा पूर्वानुमानयोग्य नियामकीय प्रणालीको विकास गर्दै पूँजी बजारको निगरानी, जोखिम व्यवस्थापन, साइबर सुरक्षा, सेवा प्रवाह तथा निर्णय प्रक्रियालाई आधुनिक, प्रभावकारी र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप रूपान्तरण गर्नु।

नीतिगत व्यवस्था

१) आर्थिक वर्ष २०८३/८४ मा नेपाल धितोपत्र बोर्डलाई क्रमशः Technology-Driven Regulator का रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ। नियामकीय कार्यसम्पादन, बजार सुपरिवेक्षण, अनुमतिपत्र व्यवस्थापन, सूचना विश्लेषण, अनुपालन अनुगमन तथा जोखिम मूल्याङ्कनमा कृत्रिम बुद्धिमत्ता, डेटा विश्लेषण तथा स्वचालित सूचना प्रणालीको प्रयोग विस्तार गरिनेछ। बजारमा हुने असामान्य कारोबार, जोखिमयुक्त गतिविधि तथा सम्भावित उल्लङ्घनहरूको प्रारम्भिक पहिचानका लागि बुद्धिमान निगरानी प्रणाली विकास गरिनेछ।

२) RegTech को माध्यमबाट सूचीकृत कम्पनी, धितोपत्र दलाल, मर्चेन्ट बैंकर, सामूहिक लगानी कोष, निक्षेप सदस्य तथा अन्य बजार सहभागीहरूले नियामकीय प्रतिवेदन, सूचना प्रवाह तथा अनुपालनसम्बन्धी विवरणहरू सुरक्षित डिजिटल प्रणालीमार्फत स्वचालित रूपमा पेश गर्न सक्ने व्यवस्था विकास गरिनेछ। यसले अनुपालन लागत घटाउने, मानवीय गल्ति न्यूनीकरण गर्ने तथा नियामकीय दक्षता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

३) SupTech को प्रयोगमार्फत नेपाल धितोपत्र बोर्डको सुपरिवेक्षण क्षमतालाई सुदृढ गरिनेछ। वास्तविक समयको बजार निगरानी, जोखिममा आधारित निरीक्षण, डिजिटल ड्यासबोर्ड, एकीकृत डेटा विश्लेषण तथा पूर्वानुमानमा आधारित नियामकीय निर्णय प्रणाली विकास गरिनेछ। यसका माध्यमबाट जोखिम पहिचान, नीति निर्माण तथा बजार हस्तक्षेपलाई थप वैज्ञानिक, समयोचित तथा प्रभावकारी बनाइनेछ।

४) पूँजी बजारको डिजिटल पूर्वाधारलाई सुरक्षित बनाउन साइबर सुरक्षा, डेटा संरक्षण तथा व्यवसाय निरन्तरता व्यवस्थापन (Business Continuity Management) सम्बन्धी मापदण्डलाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सुदृढ गरिनेछ। नेपाल धितोपत्र बोर्ड तथा सबै बजार पूर्वाधार संस्थाहरूमा नियमित साइबर सुरक्षा परीक्षण, सूचना सुरक्षा अडिट, डिजिटल जोखिम मूल्याङ्कन तथा आकस्मिक पुनर्स्थापना योजना (Disaster Recovery Plan) कार्यान्वयन गरिनेछ। लगानीकर्ताको व्यक्तिगत विवरण, वित्तीय सूचना तथा बजारसम्बन्धी संवेदनशील डेटा सुरक्षित राख्न उच्चस्तरीय सूचना सुरक्षा प्रणाली लागू गरिनेछ।

५) डेटा सुशासन (Data Governance) लाई पूँजी बजार व्यवस्थापनको महत्वपूर्ण आधारका रूपमा संस्थागत गरिनेछ। बजारसम्बन्धी तथ्याङ्कको गुणस्तर, विश्वसनीयता, अन्तरआबद्धता तथा सुरक्षित उपयोग सुनिश्चित गर्न एकीकृत पूँजी बजार डाटा व्यवस्थापन प्रणाली विकास गर्ने तर्फ आवश्यक तयारी प्रारम्भ गरिनेछ । आवश्यकताअनुसार खुला डेटा (Open Data) तथा अनुसन्धान प्रयोजनका लागि उपयुक्त डेटा साझेदारी प्रणालीलाई समेत क्रमिक रूपमा विकास गरिनेछ ।

६) प्रविधि रूपान्तरणको सफल कार्यान्वयनका लागि नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, नेपाल राष्ट्र बैंक, सूचना प्रविधिसम्बन्धी सरकारी निकाय, विश्वविद्यालय, अनुसन्धान संस्था तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग सहकार्य विस्तार गरिनेछ। डिजिटल सीप विकास, अनुसन्धान तथा नवप्रवर्तनलाई संस्थागत गर्दै नियामकीय जनशक्तिको क्षमता अभिवृद्धिमा विशेष जोड दिइनेछ।

७) कृत्रिम बुद्धिमत्ता, RegTech, SupTech, साइबर सुरक्षा तथा डेटा सुशासनमा आधारित यस व्यापक सुधारमार्फत नेपालको पूँजी बजारलाई सुरक्षित, प्रविधिमैत्री, नवप्रवर्तनमुखी तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको आधुनिक वित्तीय प्रणालीका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ। यसले नियामकीय प्रभावकारिता, बजारको पारदर्शिता, लगानीकर्ताको विश्वास तथा वित्तीय प्रणालीको समग्र स्थायित्वलाई उल्लेखनीय रूपमा सुदृढ गर्ने अपेक्षा गरिएको छ।

***

अध्याय-पाँच
कार्यान्वयन संयन्त्र तथा संस्थागत जिम्मेवारी

५.१ पृष्ठभूमि

आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीतिले नियामकीय सुधार, संस्थागत सुदृढीकरण, बजार विस्तार, लगानीकर्ता संरक्षण, वित्तीय नवप्रवर्तन, डिजिटल रूपान्तरण तथा अन्तर्राष्ट्रिय एकीकरणलाई समेट्दै नेपालको पूँजी बजारलाई नयाँ चरणमा प्रवेश गराउने लक्ष्य लिएको छ। यस्ता व्यापक सुधारहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट जिम्मेवारी, संस्थागत समन्वय, समयबद्ध कार्ययोजना, पर्याप्त स्रोत तथा निरन्तर अनुगमन अपरिहार्य हुन्छ। त्यसैले यस नीतिको सफल कार्यान्वयनका लागि उत्तरदायी, समन्वयात्मक तथा परिणाममुखी कार्यान्वयन संयन्त्र स्थापना गरिनेछ।

५.२ कार्यान्वयनको मार्गदर्शक सिद्धान्त

यस नीतिको कार्यान्वयन पारदर्शिता, उत्तरदायित्व, सुशासन, विधिको शासन, प्रविधिमैत्री सेवा, निजी क्षेत्रसँगको साझेदारी, अन्तरसंस्थागत समन्वय, लगानीकर्ताको हित संरक्षण, समावेशिता तथा परिणाममुखी व्यवस्थापनका सिद्धान्तमा आधारित हुनेछ। सबै सुधार कार्यक्रम समयबद्ध, मापनयोग्य तथा कार्यसम्पादनमा आधारित ढङ्गले सञ्चालन गरिनेछन्।

५.३ नेपाल धितोपत्र बोर्डको प्रमुख भूमिका

नेपाल धितोपत्र बोर्ड यस नीतिको प्रमुख कार्यान्वयन तथा समन्वयकारी निकाय हुनेछ। बोर्डले पूँजी बजारसम्बन्धी कानूनी सुधार, नियामकीय निर्देशन, इजाजत प्रणाली, बजार सुपरिवेक्षण, प्रवर्तन, लगानीकर्ता संरक्षण, डिजिटल रूपान्तरण, संस्थागत क्षमता विकास तथा अन्तर्राष्ट्रिय सहकार्यका कार्यक्रमहरूको नेतृत्व गर्नेछ। प्रत्येक सुधार कार्यक्रमका लागि विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयनको नियमित समीक्षा गरिनेछ।

५.४ अन्तर निकाय समन्वय

पूँजी बजार सुधार बहुआयामिक विषय भएकाले नेपाल सरकारका सम्बन्धित मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, लेखामान बोर्ड, लेखापरिक्षणमान बोर्ड, सहकारी नियामक निकाय, राजस्व प्रशासन, सम्पत्ति शुद्धीकरण अनुसन्धानसम्बन्धी निकाय, सूचना प्रविधि निकाय तथा अन्य सम्बन्धित संस्थाहरूसँग नियमित समन्वय गरिनेछ। आवश्यक विषयगत सुधारका लागि संयुक्त कार्यदल (Joint Working Group) गठन गरी समयबद्ध रूपमा नीति, कानून तथा कार्यविधि परिमार्जन गरिनेछ।

५.५ निजी क्षेत्र तथा बजार सहभागीको साझेदारी

धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर, निक्षेप सदस्य, सामूहिक लगानी कोष व्यवस्थापक, क्रेडिट रेटिङ संस्था, लेखापरीक्षक, सूचीकृत कम्पनी, उद्योग–वाणिज्य संघ, लगानीकर्ता संगठन, व्यवसायिक संघसंस्था तथा अन्य बजार सहभागी संस्थाहरूलाई नीति कार्यान्वयनका सक्रिय साझेदारका रूपमा सहभागी गराइनेछ। सुधार प्रक्रियामा नियमित परामर्श, नियामकीय संवाद तथा सुझाव संकलनको व्यवस्था संस्थागत गरिनेछ।

५.६ क्षमता विकास तथा संस्थागत सुदृढीकरण

नीतिको सफल कार्यान्वयनका लागि नेपाल धितोपत्र बोर्ड तथा पूँजी बजारका सम्पूर्ण संस्थाहरूको प्राविधिक, व्यवस्थापकीय तथा नियामकीय क्षमता अभिवृद्धि गरिनेछ। कर्मचारीहरूको निरन्तर व्यवसायिक विकास, अन्तर्राष्ट्रिय तालिम, अनुसन्धान, डिजिटल सीप विकास तथा विशेषज्ञ जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। विश्वविद्यालय, अनुसन्धान संस्था तथा अन्तर्राष्ट्रिय नियामक निकायहरूसँग सहकार्य गरी पूँजी बजारसम्बन्धी ज्ञान तथा अनुसन्धानको विकास गरिनेछ।

५.७ कानूनी तथा नीतिगत सुधार

यस नीतिको कार्यान्वयनका क्रममा आवश्यक पर्ने ऐन, नियमावली, विनियम, निर्देशिका तथा कार्यविधिको समीक्षा गरी समयानुकूल परिमार्जन गरिनेछ। धितोपत्रसम्बन्धी कानूनलाई अन्तर्राष्ट्रिय मापदण्ड, प्रविधिगत विकास तथा बजारको आवश्यकताअनुसार अद्यावधिक गर्दै नियामकीय प्रक्रियालाई सरल, पारदर्शी तथा पूर्वानुमानयोग्य बनाइनेछ।

५.८ स्रोत परिचालन तथा प्राविधिक सहयोग

नीति कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत, सूचना प्रविधि पूर्वाधार तथा प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ। आवश्यकताअनुसार विकास साझेदार, बहुपक्षीय वित्तीय संस्था, अन्तर्राष्ट्रिय पूँजी बजार संगठन तथा प्राविधिक सहयोग प्रदान गर्ने संस्थाहरूसँग सहकार्य विस्तार गरिनेछ। डिजिटल पूर्वाधार, अनुसन्धान, क्षमता विकास तथा बजार आधुनिकीकरणका कार्यक्रमलाई प्राथमिकताका साथ स्रोत विनियोजन गरिनेछ।

५.९ कार्यान्वयनको चरणबद्ध रणनीति

यस नीतिमा समावेश सुधार कार्यक्रमहरूलाई प्राथमिकता, कानूनी तयारी, संस्थागत क्षमता तथा बजारको परिपक्वतालाई आधार बनाई चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। अल्पकालीन अवधिमा नियामकीय सुधार, डिजिटल सेवा, लगानीकर्ता संरक्षण तथा संस्थागत क्षमता विकासलाई प्राथमिकता दिइनेछ। मध्यम अवधिमा पूँजी बजारको विविधीकरण, ऋणपत्र बजार, SME बोर्ड, निजी इक्विटी तथा हरित वित्तीय

साधनहरूको विकास अघि बढाइनेछ। दीर्घकालीन अवधिमा अन्तर्राष्ट्रिय एकीकरण, विदेशी संस्थागत लगानी, डेरिभेटिभ बजार तथा प्रविधिमा आधारित उन्नत नियामकीय प्रणालीको विकासलाई पूर्णता दिइनेछ।

५.१० अपेक्षित परिणाम

यस कार्यान्वयन संयन्त्रमार्फत नीति सुधारहरू समयबद्ध, उत्तरदायी तथा परिणाममुखी ढङ्गले कार्यान्वयन हुने अपेक्षा गरिएको छ। यसबाट नेपाल धितोपत्र बोर्डको संस्थागत क्षमता सुदृढ हुनेछ, पूँजी बजारप्रति लगानीकर्ताको विश्वास अभिवृद्धि हुनेछ, निजी क्षेत्रको दीर्घकालीन वित्तीय पहुँच विस्तार हुनेछ तथा नेपालको पूँजी बजारलाई विश्वसनीय, प्रतिस्पर्धी, समावेशी र अन्तर्राष्ट्रिय स्तरको आधुनिक वित्तीय प्रणालीका रूपमा विकास गर्ने आधार सुदृढ हुनेछ।

***

अध्याय-छ
अनुगमन, मूल्याङ्कन तथा प्रमुख कार्यसम्पादन सूचक(Monitoring, Evaluation and Key Performance Indicators)

६.१ पृष्ठभूमि

आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन, वस्तुनिष्ठ मूल्याङ्कन तथा परिणाममा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिनेछ। यस नीतिअन्तर्गत घोषणा गरिएका सुधार कार्यक्रमहरूको प्रगति, प्रभाव तथा उपलब्धिलाई स्पष्ट सूचकका आधारमा मापन गरिनेछ। अनुगमन तथा मूल्याङ्कन प्रणालीको उद्देश्य नीति कार्यान्वयनको अवस्थाबारे समयमै जानकारी उपलब्ध गराउनु, आवश्यक नीतिगत सुधार गर्न सहयोग पुऱ्याउनु तथा सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गर्नु हुनेछ।

६.२ अनुगमन तथा मूल्याङ्कन प्रणाली

नेपाल धितोपत्र बोर्डले यस नीतिको कार्यान्वयनका लागि केन्द्रीय अनुगमन संयन्त्र स्थापना गर्नेछ। प्रत्येक सुधार कार्यक्रमका लागि जिम्मेवार निकाय, समयसीमा, अपेक्षित उपलब्धि तथा कार्यसम्पादन सूचक निर्धारण गरिनेछ। त्रैमासिक प्रगति समीक्षा, अर्धवार्षिक मूल्याङ्कन तथा वार्षिक कार्यसम्पादन प्रतिवेदनमार्फत सुधार कार्यक्रमहरूको प्रगति सार्वजनिक गरिनेछ। आवश्यकताअनुसार स्वतन्त्र विशेषज्ञ, निजी क्षेत्र, शैक्षिक संस्था तथा विकास साझेदारहरूको सहभागितामा विषयगत समीक्षा पनि गरिनेछ।

अनुगमन प्रक्रियालाई डिजिटल प्रणालीमा आधारित बनाइनेछ। प्रत्येक प्रमुख सुधार कार्यक्रमको कार्यान्वयन अवस्था, समयसीमा, उपलब्धि तथा चुनौतीहरू डिजिटल ड्यासबोर्डमार्फत अभिलेखीकरण तथा व्यवस्थापन गरिनेछ। यसबाट तथ्यमा आधारित निर्णय प्रक्रिया, पारदर्शिता तथा संस्थागत उत्तरदायित्वलाई सुदृढ गरिनेछ।

६.३ प्रमुख कार्यसम्पादन सूचक (KPIs)

यस नीतिको कार्यान्वयन प्रभावकारिता मापन गर्न निम्न प्रमुख सूचकहरूलाई प्राथमिक आधारका रूपमा अवलम्बन गरिनेछ।

(क) बजार विकास तथा विस्तारः बजार पूँजीकरणको आकार, कुल गार्हस्थ्य उत्पादन (GDP) को अनुपातमा बजार पूँजीकरण, नयाँ सूचीकृत कम्पनीहरूको संख्या, दोस्रो बजार कारोबार मूल्य, कर्पोरेट ऋणपत्र निष्कासनको परिमाण, सामूहिक लगानी कोषको आकार तथा नयाँ वित्तीय उपकरणहरूको विकासको अवस्थालाई नियमित रूपमा अनुगमन गरिनेछ।

(ख) **लगानीकर्ता सहभागिताः** डिम्याट खाताको वृद्धि, सक्रिय लगानीकर्ताको संख्या, महिला तथा युवा लगानीकर्ताको सहभागिता, संस्थागत लगानीकर्ताको बजार हिस्सेदारी, लगानीकर्ता गुनासाको समाधान दर तथा वित्तीय साक्षरता कार्यक्रममा सहभागी नागरिकको संख्या प्रमुख सूचकका रूपमा प्रयोग गरिनेछ।

(ग) **संस्थागत सुधारः** नियामकीय सेवा प्रवाहको समय, इजाजत प्रक्रियाको अवधि, डिजिटल सेवाको प्रयोग दर, सूचना प्रवाहको समयपालना, नियामकीय निरीक्षणको संख्या, प्रवर्तनसम्बन्धी कारबाही तथा कानूनी सुधारको प्रगतिलाई नियमित रूपमा मापन गरिनेछ।

(घ) **बजार अनुशासन तथा सुशासनः** सूचीकृत कम्पनीहरूको समयमै वित्तीय प्रतिवेदन प्रकाशन, कर्पोरेट सुशासन मापदण्डको पालना, भित्री कारोबार तथा बजार हेरफेरसम्बन्धी अनुसन्धान, निष्कर्षमा पुगेका मुद्दाहरू, अनुपालन दर तथा लगानीकर्ता विश्वाससम्बन्धी सूचकहरूको मूल्याङ्कन गरिनेछ।

(ङ) **डिजिटल रूपान्तरण तथा नवप्रवर्तनः** अनलाइन सेवाको उपलब्धता, डिजिटल कारोबारको अनुपात, विद्युतीय सूचना प्रवाहको प्रतिशत, साइबर सुरक्षा परीक्षणको नियमितता, RegTech तथा SupTech प्रणालीको कार्यान्वयन प्रगति, डिजिटल गुनासा व्यवस्थापन तथा सेवा स्वचालनको स्तरको समीक्षा गरिनेछ।

(च) **अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकताः** अन्तर्राष्ट्रिय सहकार्य सम्झौताहरू, विदेशी संस्थागत लगानीकर्ताको सहभागिता, अन्तर्राष्ट्रिय मापदण्डको कार्यान्वयन, ESG प्रतिवेदन अपनाउने कम्पनीहरूको संख्या तथा पूँजी बजारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्याङ्कनमा नेपालको प्रगतिलाई दीर्घकालीन सूचकका रूपमा अनुगमन गरिनेछ।

६.४ वार्षिक समीक्षा तथा सार्वजनिक प्रतिवेदन

नेपाल धितोपत्र बोर्डले प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस नीतिको कार्यान्वयन अवस्थासम्बन्धी **वार्षिक पूँजी बजार प्रगति प्रतिवेदन (Annual Capital Market Progress Report)** सार्वजनिक गर्नेछ। उक्त प्रतिवेदनमा प्रमुख उपलब्धि, चुनौती, कार्यसम्पादन सूचकको अवस्था, आवश्यक नीतिगत सुधार तथा आगामी वर्षका प्राथमिकताहरू समावेश गरिनेछन्। यसले सार्वजनिक उत्तरदायित्व, पारदर्शिता तथा सुधारको निरन्तरतालाई संस्थागत गर्नेछ।

६.५ मध्यावधि समीक्षा तथा नीति परिमार्जन

पूँजी बजारको गतिशील प्रकृति, आर्थिक अवस्थाको परिवर्तन, प्रविधिको विकास तथा अन्तर्राष्ट्रिय वित्तीय परिवेशलाई दृष्टिगत गर्दै आवश्यकताअनुसार नीतिको मध्यावधि समीक्षा गरिनेछ। समीक्षा प्रतिवेदनका आधारमा सुधार कार्यक्रमहरूको प्राथमिकता, कार्यान्वयन रणनीति तथा नियामकीय व्यवस्थामा आवश्यक परिमार्जन गर्दै नीति सदैव समयसापेक्ष, प्रभावकारी तथा परिणाममुखी रहनेछ।

६.६ अपेक्षित परिणाम

अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादन सूचकमा आधारित यस प्रणालीले नीति कार्यान्वयनलाई पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउनेछ। तथ्यमा आधारित निर्णय प्रक्रिया, नियमित सार्वजनिक प्रतिवेदन, स्पष्ट कार्यसम्पादन मापन तथा निरन्तर सुधारको संस्कृतिमार्फत नेपालको पूँजी बजारलाई उच्च सुशासन, संस्थागत दक्षता तथा अन्तर्राष्ट्रिय स्तरको नियामकीय अभ्यासअनुरूप विकास गर्ने आधार सुदृढ हुनेछ। यसबाट नीति घोषणा र कार्यान्वयनबीचको दूरी घट्ने, सुधारको गति मापनयोग्य बन्ने तथा लगानीकर्ता, सरकार, निजी क्षेत्र र सर्वसाधारणबीच पूँजी बजारप्रतिको विश्वास अझ मजबुत हुने अपेक्षा गरिएको छ ।

***

अध्याय–सात

निष्कर्ष तथा आगामी मार्गचित्र-"विश्वसनीय, प्रतिस्पर्धी र समावेशी पूँजी बजारतर्फ"

७.१ नेपालको आर्थिक विकासको आगामी चरण उत्पादनशील लगानी, निजी क्षेत्रको विस्तार, पूर्वाधार निर्माण, नवप्रवर्तन, उद्यमशीलता तथा वित्तीय समावेशीकरणमा आधारित हुनेछ। यी राष्ट्रिय आकाङ्क्षाहरूलाई साकार पार्न पूँजी बजारले परम्परागत धितोपत्र कारोबारको सीमित भूमिकाभन्दा माथि उठेर राष्ट्रिय आर्थिक रूपान्तरणको प्रमुख वित्तीय संयन्त्रका रूपमा विकसित हुन आवश्यक छ। आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीति यही दीर्घकालीन सोच, स्पष्ट कार्यदिशा तथा संस्थागत प्रतिबद्धताका साथ प्रस्तुत गरिएको छ।

७.२ यस नीतिले नियामकीय सुधार, संस्थागत सुदृढीकरण, लगानीकर्ता संरक्षण, बजार विविधीकरण, कर्पोरेट ऋणपत्र बजार, पूर्वाधार वित्त, साना तथा मझौला उद्यम तथा स्टार्टअप वित्त, निजी इक्विटी तथा भेञ्चर क्यापिटल, वस्तु विनिमय बजार, डेरिभेटिभ वित्तीय उपकरण, डिजिटल रूपान्तरण, हरित वित्त, विदेशी संस्थागत लगानी, कृत्रिम बुद्धिमत्ता, RegTech, SupTech, साइबर सुरक्षा तथा डेटा सुशासनलगायतका व्यापक सुधार कार्यक्रमहरूलाई समेटेको छ। यी सुधारहरू केवल पूँजी बजारका कार्यक्रम मात्र होइनन्; यी नेपालको आर्थिक विकास, वित्तीय आधुनिकीकरण तथा निजी क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धिका राष्ट्रिय कार्यक्रमहरू हुन्।

७.३ नेपाल धितोपत्र बोर्ड आगामी दिनमा पारदर्शी, उत्तरदायी, प्रविधिमैत्री तथा सेवा–मुखी नियामक संस्थाका रूपमा आफ्नो भूमिकालाई थप सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। नियमन र विकासबीच उचित सन्तुलन कायम गर्दै लगानीकर्ताको हित संरक्षण, बजारको निष्पक्षता, सुशासनको प्रवर्द्धन तथा वित्तीय नवप्रवर्तनलाई समान प्राथमिकताका साथ अघि बढाइनेछ। कानूनको निष्पक्ष कार्यान्वयन, प्रविधिमा आधारित सुपरिवेक्षण, तथ्यमा आधारित निर्णय प्रक्रिया तथा अन्तर्राष्ट्रिय असल अभ्यासको क्रमिक अवलम्बनमार्फत नेपालको पूँजी बजारलाई विश्वसनीय र आधुनिक वित्तीय प्रणालीका रूपमा स्थापित गरिनेछ।

७.४ यस नीतिको सफल कार्यान्वयन नेपाल धितोपत्र बोर्डको एकल प्रयासबाट मात्र सम्भव छैन। नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, बैंक तथा वित्तीय संस्था, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, सूचीकृत कम्पनी, धितोपत्र व्यवसायी, लगानीकर्ता, निजी क्षेत्र, शैक्षिक संस्था, व्यवसायिक सङ्घ–संस्था, सञ्चार माध्यम तथा विकास साझेदार सबैको सक्रिय सहकार्य, विश्वास र प्रतिबद्धता आवश्यक हुनेछ। पूँजी बजारको विकास एक साझा राष्ट्रिय अभियान हो, जसको सफलता सबै सरोकारवालाको सहभागितामा निर्भर रहनेछ।

७.५ नेपालको पूँजी बजारलाई आगामी दशकमा दक्षिण एशियाकै विश्वसनीय, पारदर्शी, प्रविधिमैत्री तथा प्रतिस्पर्धी बजारका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्यका साथ **"नेपालको पूँजी बजार विकास दृष्टि— २०२६(Capital Market Devlopment Vision of Nepal, 2026)"** लाई मार्गदर्शक अवधारणाका रूपमा अगाडि बढाइनेछ। यस दृष्टिकोणले पूँजी बजारलाई राष्ट्रिय बचत परिचालन, उत्पादनशील लगानी प्रवर्द्धन, उद्यमशीलता विकास, पूर्वाधार वित्तपोषण, हरित आर्थिक रूपान्तरण तथा अन्तर्राष्ट्रिय वित्तीय एकीकरणको प्रभावकारी माध्यमका रूपमा स्थापित गर्ने मार्ग प्रशस्त गर्नेछ।

७.६ यस नीतिमा समावेश सुधार कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट नेपालको पूँजी बजार थप गहिरो, फराकिलो, समावेशी, पारदर्शी तथा प्रविधिमैत्री बन्ने विश्वास लिइएको छ । साथै, यस नीतिको प्रभावकारी कार्यान्वयनबाट लगानीकर्ताको विश्वास अभिवृद्धि हुने, निजी क्षेत्रको दीर्घकालीन पूँजीमा पहुँच विस्तार हुने, उत्पादनशील क्षेत्रमा लगानी प्रवाह बढ्ने तथा आर्थिक विकासमा पूँजी बजारको योगदान उल्लेखनीय रूपमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

७.७ अन्ततः, आर्थिक वर्ष २०८३/८४ को पूँजी बजार नीति केवल एक वार्षिक नीतिगत दस्तावेज नभई नेपालको वित्तीय भविष्य निर्माण गर्ने साझा संकल्प, संस्थागत सुधारको मार्गचित्र तथा समृद्ध नेपाल निर्माणतर्फको दृढ प्रतिबद्धता हो। यस नीतिको सफल कार्यान्वयनमार्फत पूँजी बजारलाई राष्ट्रिय समृद्धिको सशक्त आधारस्तम्भका रूपमा स्थापित गर्दै **"विश्वसनीय, प्रतिस्पर्धी र समावेशी पूँजी बजार"** निर्माण गर्ने नेपाल सरकारको प्रतिवद्धतालाई समेत सहायक सिद्ध हुने विश्वास लिइएको छ ।

***

परिशिष्ट–१

आर्थिक वर्ष २०८३/८४ को नीतिगत सुधार कार्ययोजना (Implementation Action Matrix)

१. कानूनी सुधार (Legal Reform)

प्राथमिकता	मुख्य कार्यक्रम	क्रियाकलापहरू	उद्देश्य	जिम्मेवार निकाय	सहजीकरण गर्ने निकाय	प्रमुख कार्यसम्पादन सूचक
अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको कानूनी सुधार	धितोपत्र बजार सँग सम्बिन्धत ऐनको मस्यौदा	१. नेपाल धितोपत्र बोर्ड सम्बन्धी ऐनको तयार गर्ने।	**सुदृढ** कानूनी **तथा** नियामकीय संरचना बनाई देशमा विश्वसनीय पूँजी बजारको प्रभावकारी विकास गर्ने ।	संघीय संसद, नेपाल सरकार, अर्थ मन्त्रालय (नेपाल सरकार)	नेपाल धितोपत्र बोर्ड (बोर्ड)	ऐनको मस्यौदा तयार भई नेपाल सरकार समक्ष पेश
		२. धितोपत्र बजार व्यवस्थापन र कसूर तथा सजाय सम्बन्धी ऐनको तयार गर्ने।	धितोपत्र बजार व्यवस्थापन सम्बन्धी कानूनलाई स्तरिय बनाउनुका साथै कसूर तथा सजाय सम्बन्धी व्यवस्थामा कडाई गर्ने।	संघीय संसद,	नेपाल सरकार, बोर्ड	ऐ. ऐ.
		३. वित्तीय क्षेत्र सम्बन्धी ट्रष्टी ऐनको मस्यौदा तयार गर्ने।	वित्तीय क्षेत्रमा ट्रष्टी सेवालाई व्यवस्थित गराउने।	संघीय संसद,	नेपाल सरकार, बोर्ड	ऐ. ऐ.

	नयाँ नियमावली तर्जूमा	१. ऋणपत्र(सरकारी तथा संस्थागत ऋणपत्र) सम्बन्धी नियामावली तर्जूमा गर्ने ।	ऋणपत्र तथा बण्ड बजार विकास गरी पूँजी बजारको गहिराई बढाउने ।	बोर्ड	नेपाल सरकार	नियामावली तयार भएको हुने
		२. धितोपत्र कसुर तथा सजाय सम्बन्धी नियमावली मस्यौदा गर्ने ।	धितोपत्र सम्बन्धी कसूर तथा सजाय सम्बन्धी व्यवस्थामा थप प्रष्ट बनाउने।	बोर्ड	नेपाल सरकार	नियमावली मस्यौदा तयार भएको हुने
		३. लगानी परामर्श, Research Analyst सम्बन्धी नियमावली तर्जूमा गर्ने ।	लगानी परामर्श लिन चाहने लगानीकर्तहरूले भरपर्दो सेवा लिने वातावरण बनाउन ।	बोर्ड	नेपाल सरकार	नियामावली तयार भएको हुने
		४. सूचीकृत कम्पनी र धितोपत्र व्यवसाय गर्न अनुमति प्राप्त संस्थाको मर्जर/प्राप्ति सम्बन्धी नियमावली मस्यौदा गर्ने ।	देशका सबै क्षेत्रका कम्पनीहरू धितोपत्र बजारमा सूचीकरण भैसकेको परिप्रेक्ष्यमा ती कम्पनीहरूको मर्जर/प्राप्ति कार्य व्यवस्थित गर्ने ।	बोर्ड	नेपाल सरकार	नियामावली तयार भएको हुने
		५. मार्जिन कारोबार नियमावली तर्जूमा गर्ने ।	मार्जिन कारोबार सहजरूपमा संचालन व्यवस्था मिलाउन ।	बोर्ड	नेपाल सरकार	नियामावली तयार भएको हुने
		६. Short Selling, Securities Lending and Borrowing, Intraday, Auction Market आदि संचालनमा ल्याउन संरचनागत तथा कानूनी व्यवस्था गर्ने ।	धितोपत्रको दोस्रो बजारमा उपकरणको विविधीकरण गरी लगानीकर्ताहरूलाई जोखिम व्यवस्थापन तथा Leverage प्रदान गर्ने ।	बोर्ड	नेपाल सरकार	कानूनी व्यवस्था भएको हुने ।

	बजार सँग सम्बन्धित नियमावलीमा संशोधन	१. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३	सार्वजनिक निष्काशनलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउने ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
		२. धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५	धितोपत्र दोसो बजारमा हुने सूचीकरण तथा कारोबार व्यवस्थापन कार्य गर्ने ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
		३. सामूहिक लगानी कोष नियमावली, २०६८	धितोपत्र बजारमा म्युचुअल फण्डको आकार बढ्दै गइरहेकोमा उक्त फण्डहरुको लगानीको अवस्था, प्रतिफल, जोखिम, योजना व्यवस्थापकको कार्य सम्पादन लगायतका विषय लाई समसामयिक बनाउने ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
		४. क्रेडिट रेटिंग नियमावली, २०६८	क्रेडिट रेटिंगका सम्बन्धी प्रावधानहरूलाई समसामयिक बनाउने ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
		५. धितोपत्र व्यवसायीसँग सम्बन्धित नियमावलीमा समसामयिक सुधार तथा परिमार्जन गर्ने ।	धितोपत्र व्यवसायीको कार्यक्षेत्र लगायतका विषयलाई समयानुकूल बनाउने।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने

		६. Central Counterparty - CCP सञ्चालनमा ल्याउनका लागि नयाँ संरचना विकास गर्ने वा हालकै CDSC लाई उक्त जिम्मेवारी दिने गरी कानूनमा सुधार गर्ने ।	CCP सञ्चालन गरी बजार कारोबारमा विश्वसनीयता बढाउने ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
	बोर्ड प्रशासनसँग सम्बन्धित नियमावलीमा संशोधन	१. नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ मा संशोधन गर्ने ।	नेपाल धितोपत्र बोर्डका कामकारवाहीमा सहजता ल्याउने ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
		२. नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४ मा समसामयिक सुधार गर्ने ।	सार्वजनिक खरिद सम्बन्धी ऐनमा सुधार भएकोमा सोही अनुरूप नेपाल धितोपत्र बोर्डको खरिद नियमावलीमा सुधार गर्ने ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
		३. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ मा पुनरावलोकन गर्ने ।	नेपाल सरकारको शासकीय सुधारको सय बुँदे कार्यसूची अनरूपमा कार्य संचालन व्यवस्था मिलाउन ।	बोर्ड	नेपाल सरकार	नियामावली संशोधन भएको हुने
	निर्देशिका संशोधन	१. धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४	सार्वजनिक निष्काशन तथा बाँडफाँटलाई थप व्यवस्थित बनाउने ।	बोर्ड	नेपाल सरकार	निर्देशिका संशोधन भएको हुने
		२. बुक बिल्डिङ्ग निर्देशिका, २०७७	सार्वजनिक निष्काशनमा मूल्य निर्धारणलाई विश्वसनीय बनाउने ।	बोर्ड	नेपाल सरकार	निर्देशिका संशोधन भएको हुने
		३. सामूहिक लगानी कोष निर्देशिका, २०६९	सामूहिक लगानी योजनाका कामकारवाहीहरूलाई व्यवस्थित गर्ने ।	बोर्ड	नेपाल सरकार	निर्देशिका संशोधन भएको हुने

	कानूनी तथा नीतिगत व्यवस्था	१. पूँजी बजार राष्ट्रिय नीति तर्जुमा गर्ने ।	नेपालको अर्थतन्त्रमा पूँजी बजारको भूमिका र महत्वलाई मध्यनजर गर्दै बजार विकासको स्पष्ट दिशा (Clear Direction) दिन।	नेपाल सरकार	बोर्ड	नीति तर्जूमा भएको हुने ।
		२. डिजिटल गभर्नेन्स, व्यक्तिगत डाटा संरक्षण, साईबर जोखिम व्यवस्थापन लगायतका विषय समेटी नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ लाई समसामयिक संशोधन गर्ने ।	नयाँ विकसित सूचना प्रविधिका विषय समेटि बोर्डका कामकारवाहीहरूलाई सूचना प्रविधिमैत्री बनाउने ।	बोर्ड	बोर्ड	सूचना प्रविधि नीतिमा संशोधन ।
		३. Infrastructure Bond, Green Bonds निष्काशन सम्बन्धमा लागत तथा निष्काशन प्रकृया लगायतका कानूनी तथा नीतिगत व्यवस्था गर्ने ।	नेपाल सरकारको दिगो विकास र नेट जिरो इमिसनको लक्ष्य हासिल गर्न वित्तीय स्रोत व्यवथापन हुने ।	बोर्ड	नेपाल सरकार	कानूनी व्यवस्था भएको हुने ।
		४. धितोपत्र व्यवसायीको व्यवसायिकता अभिवृद्धि गर्न संलग्न जनशक्तिको प्रमाणीकरण कार्यक्रम संचालन गर्न कानूनी व्यवस्था गर्ने ।	धितोपत्र व्यवसायीहरूको जनशक्तिको व्यवसायिकता अभिवृद्धि गर्न ।	बोर्ड	नेपाल सरकार	कानूनी व्यवस्था भएको हुने ।
	मापदण्ड तथा कार्यविधि	१. SEBON Strandard Operation Procedures(SSOP) तयार गरी लागू गर्ने ।	बोर्डका कामकारवाहीहरूलाई व्यवस्थित रूपमा संचालन व्यवस्था मिलाउने ।	बोर्ड	बोर्ड	SSOP लागू भएको हुने ।

		२. नेपाल धितोपत्र बोर्ड बैठक सञ्चालन सम्बन्धी कार्यविधि लागू गर्ने ।	बोर्डको बैठक संचालन व्यवस्थितरूपमा संचालन व्यवस्था मिलाउने ।	बोर्ड	बोर्ड	कार्यविधि लागू भएको हुने ।
		३. बोर्डको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जूमा, तथ्यांक व्यवस्थापन, जोखिम व्यवस्थापन सम्बन्धी कार्यविधि लागू गर्ने ।	बोर्डको वार्षिक कार्यक्रम तयार र जोखिम व्यवस्थापन व्यवस्थितरूपमा संचालन व्यवस्था मिलाउने ।	बोर्ड	बोर्ड	कार्यविधिहरू लागू भएको हुने ।
		४. धितोपत्र बजार सञ्चालक तथा व्यवसायीहरूका लागि सूचना प्रविधिको मापदण्ड बनाई लागू गर्ने ।	धितोपत्र बजार सञ्चालक तथा व्यवसायीहरूका लागि सूचना प्रविधिको मापदण्ड तोकी स्तरीय बनाउँदै लैजाने ।	बोर्ड	बोर्ड	सूचना प्रविधिको मापदण्ड लागू हुने ।
		५. धितोपत्र बजारसँग सम्बन्धित सदाचारिता प्रवर्द्धन, सूचनादाताको संरक्षण (Whistleblower Protection) र हित/स्वार्थको द्वन्द्व (Conflict of Interest) व्यवस्थापन नीति बनाईनेछ ।	धितोपत्र बजारसँग सम्बन्धित सदाचारिता प्रवर्द्धन र स्वार्थको द्वन्द्वको व्यवस्थान गर्ने ।	बोर्ड	नेपाल सरकार	सूचनादाताको संरक्षण र स्वार्थको द्वन्द्व सम्बन्धी कानूनी व्यवस्था हुने ।

२. नेपाल धितोपत्र बोर्डको संस्थागत सुदृढीकरण

प्राथमिकता	मुख्य कार्यक्रम	क्रियाकलापहरू	उद्देश्य	जिम्मेवार निकाय	सहजीकरण गर्ने निकाय	प्रमुख कार्यसम्पादन सूचक
नियमाकीय स्वायत्तता अभिवृद्धि	नेपाल धितोपत्र बोर्डलाई अधिकारसहितको	१. बोर्डलाई वित्तीय, प्रशासनिक तथा कार्यकारी स्वायत्तता हुने गरी नेपाल धितोपत्र बोर्ड सम्बन्धी ऐनको मस्यौदा प्रस्ताव गर्ने ।	बोर्डलाई चुस्त नियामकीय निकायको रूपमा विकास गरी	नेपाल सरकार	बोर्ड	बोर्ड स्वायत्त भई कार्य

	सबल निकाय बनाउने ।		देशमा विश्वसनीय पूँजी बजारको विकास गर्ने ।			अगाडि बढाएको हुने ।
		२. बोर्डको संचालक संरचनामा स्वतन्त्र विज्ञसहित सुधार गर्ने ।	बोर्डको विद्यमान संचालक संरचनामा सुधार गरी प्रभावकारीरूपमा विकास कार्य अगाडि बढाउने ।	नेपाल सरकार	बोर्ड	बोर्डको संचालक संरचनामा सुधार हुने ।
		३. नेपाल राष्ट्र बैंक, SEBON, बीमा प्राधिकरण, कम्पनी रजिस्ट्रार कार्यालय तथा अर्थ मन्त्रालयबीच Capital Market Coordination Framework स्थापना गर्ने ।	पूँजी बजारसँग सम्बन्धित निकायहरूबीच नियमित समन्वयको गरी बजार विकास तथा सुधारलाई गति दिने ।	नेपाल सरकार	बोर्ड	CMCF स्थापना भएको हुने ।
		४. बोर्डमा दीर्घकालीन संस्थागत रणनीति तयार गरी समयबद्ध रूपमा कार्यान्वयन गर्दै लैजाने ।	बोर्डका काम कारवाहीलाई समयबद्ध विकास तथा सुधार गर्न ।	बोर्ड	बोर्ड	बोर्डको दीर्घकालीन रणनीति तयार भएको हुने ।
		५. नेपाल धितोपत्र बोर्ड, नेप्से, सिडिएससी, मर्चेन्ट बैंकर एसोशियसन, स्टक ब्रोकर एसोशियसन अफ नेपाल, क्रेडिट रेटिंगका प्रतिनिधि र विशिष्टीकृत कोष व्यवस्थापकका प्रतिनिधि रहने गरी **क्यापिटल मार्केट टास्क फोर्स (Capital Market Task Force-CMTF)** गठन गरी पूँजी बजार सुधार कार्य अगाडि बढाउने व्यवस्था मिलाउने ।	पूँजी बजार विकास तथा सुधारका लागि तय गरिने नीतिगत तथा कानूनी सुधारमा सरकोरवालापक्षहरूको राय सुझाव लिने एवं बजारमा उत्पन्न समस्याको समाधान संयन्त्रको रूपमा विकास गर्ने ।	बोर्ड	बोर्ड	CMTF गठन भएको हुने ।
संस्थागत क्षमता सशक्तिकरण	नियमन क्षमता सुदृढीकरण	१. बोर्डको संगठन व्यवस्थापन (O&M) सम्बन्धी अध्ययन गरी आवश्यक जनशक्ति भर्ना गर्ने प्रक्रिया अगाडि बढाउने ।	पूँजी बजारको विस्तारसँगै बोर्डमा संगठनात्मक सुधार गर्ने ।	बोर्ड	बोर्ड	बोर्डको O&M भएको हुने ।

		२. बोर्डमा अनुसन्धान तथा नीति विश्लेषण सम्बन्धी इकाई र आधुनिक कानून प्रवलीकरण गर्न Market Intelligence तथा Investigation Department संरचना विकास गर्ने ।	पूँजी बजारमा नीति तर्जुमा गर्दा अध्ययनमा आधारित रही र धितोपत्र सम्बन्धी कसूरको प्रभावकारी जाँचबुझ गर्ने ।	बोर्ड	बोर्ड	बोर्डमा नयाँ इकाईहरू विकास भएको हुने।
		३. बोर्डमा समय र गति (Time and Motion) को अध्ययन गरी कार्यालयको पुनर्विन्यास योजना (Restructuring Plan) तयार गरी नतिजामा आधारित शासकीय प्रवन्ध (Delivery-Based Governance) लागू गर्ने ।	बोर्डका कामकारवाहीहरू लाई नतिजामा आधारित बनाउने ।	बोर्ड	बोर्ड	बोर्डको Restructuring Plan तयार भएको हुने ।
		४. बोर्डमा Business Process Re-engineering (BPR) मार्फत सम्पूर्ण सेवा प्रवाहलाई सरल, छिटो तथा परिणाममुखी बनाउनका लागि आवश्यक कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली तयार/संशोधन गरी लागू गर्ने ।	बोर्डको सेवा प्रवाहलाई सरल, छिटो तथा परिणाममुखी बनाउने ।	बोर्ड	नेपाल सरकार	बोर्डको BPR तयार भएको हुने ।
		५. बोर्डको नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रविधिमैत्री बनाउने ।	पूँजी बजारको नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रविधिमा आधारित बनाउँदै लैजाने ।	बोर्ड	बोर्ड	बोर्डको कार्य प्रविधिमैत्री भएको हुने ।
		६. विकसित तथा विकासशील राष्ट्रहरूले विकास गरेका नियामकीय मानकका सम्बन्धमा तथा बजारसँग सम्बन्धित विषयवस्तुहरूमा बोर्डको जनशक्ति प्रशिक्षित गरी क्षमता अभिवृद्धि गर्ने।	बोर्डको जनशक्तिको दक्षता तथा क्षमता अभिवृद्धि गरी पूँजी बजारको प्रभावकारी निमयन तथा सुपरिवेक्षण गर्ने ।	बोर्ड	बोर्ड	नियामकीय गतिविधि सशक्त हुने।
		७. बोर्डका कर्मचारीहरूलाई कार्य उत्प्रेरणा प्रदान गर्न सेवा सुविधालाई आवश्यक पुनरावलोकन गर्दै स्थिरता हुने व्यवस्था मिलाउने ।	कर्मचारीहरूको काम कारवाहीलाई उत्प्रेरित गर्ने ।	बोर्ड	अर्थ मन्त्रालय	कर्मचारीहरूको कार्य क्षमता बढ्ने ।

		८. नियामकीय कार्यलाई प्रभावकारी बनाउन संरचनागत व्यवस्थालाई सुदृढ हुने गरी बोर्डको जग्गा प्राप्ति तथा भवन निर्माण कार्यलाई तत्काल अगाडि बढाउने ।	बोर्डको भौतिक संरचनाहरूमा सुधार ल्याउन ।	बोर्ड	अर्थ मन्त्रालय	बोर्डको भौतिक संरचनाको व्यवस्था हुने ।
		९. Cross-Border Regulatory Cooperation सँग सहसम्बन्ध विकास गरी Knowledge Exchange हुने व्यवस्था गर्ने ।	छिमेकी तथा सार्क मुलुकहरूको पूँजी बजार विकास तथा व्यवस्थाको ज्ञान लिई नेपालको पूँजी बजार विकासमा अबलम्बन गर्ने ।	बोर्ड	बोर्ड	कम्तिमा दुई देश सँग सम्बन्ध विकास भई Knowledge Exchange शुरूवात हुने ।

३. नियामकीय सुधार (Regulatory Reform Agenda)

प्राथमिकता	मुख्य कार्यक्रम	क्रियाकलापहरू	उद्देश्य	जिम्मेवार निकाय	सहजीकरण गर्ने निकाय	प्रमुख कार्यसम्पादन सूचक
आधुनिक, सबल तथा विश्वसनीय धितोपत्र बजारको विकास	धितोपत्र बजार संचालकको संस्थागत सुदृढीकरण	१. नेपाल स्टक एक्सचेञ्ज लि. तथा सिडिएस एण्ड क्लियरिंग लि. को पुनःसंरचनाको लागि सहजीकरण गर्ने ।	धितोपत्र बजार संचालकहरूको सेवामा व्यवसायिकता अभिवृद्दि गरी गुणस्तरीय सेवा प्रवाहमा सुधार ल्याउन ।	नेपाल सरकार	बोर्ड, नेप्से, सिडिएससी	नेप्से, सिडिएससी पुनःसंरचना कार्य अगाडि बढेको हुने ।
		२. नेपाल स्टक एक्सचेन्ज लि. बाट सूचीकृत संगठित संस्थाका आधिकारिक सूचना प्रवाहसम्बन्धी व्यवस्था मिलाउन data.nepalstock.com पोर्टलको विकास गराउन सहजीकरण गर्ने ।	लगानीकर्ताहरूले सबै सूचीकृत कम्पनीको सूचना प्राप्त गर्न सक्ने ।	नेप्से	बोर्ड	डेटा पोर्टल संचालनमा आएको हुने।

		३. धितोपत्र कारोबार प्रणालीलाई थप आधुनिक र सक्षम बनाउँदै सुरक्षित कारोबार प्रणालीको सुनिश्चितता गर्ने ।	नेप्सेको कारोबार प्रणालीको विश्वसनीयता बढाउने ।	नेप्से	बोर्ड	सुरक्षित कारोबार प्रणाली संचालनमा हुने ।
		४. राफसाफ प्रणाली र निक्षेप प्रणाली थप आधुनिक, सरल र सक्षम बनाउने।	चुस्त राफसाफ प्रणाली र निक्षेप प्रणाली विकास गर्न	सिडिएससी	बोर्ड, नेप्से	राफसाफ तथा निक्षेप प्रणालीम सुधार हुने ।
	सुदृढ नियमन तथा सुपरिवेक्षण	१. वित्तीय क्षेत्रका नियामक तथा अन्य सरकारी निकायबीच सूचना एवं तथ्यांक आदन प्रदान गर्न सकिने गरी कार्यात्मक सहसम्बन्धको विकास गर्ने।	वित्तीय क्षेत्रका निकायहरूबीच अनुसन्धान लगायतका कार्यका लागि आवश्यक सूचना तथा जानकारी प्रवाह सहज भई कामकारवाहीमा चुस्तता ल्याउने ।	बोर्ड	बोर्ड, नेपाल राष्ट्र बैंक तथा FIU, नेपाल बीमा प्राधिकरण, विद्युत नियमन आयोग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग	वित्तीय क्षेत्रका निकायहरूबीच समन्वयको वातावरण तयार भएको हुने ।
		२. धितोपत्र सम्बन्धी कसुरको प्रारम्भिक जाँचबुझलाई थप गति प्रदान गर्दै अनुसन्धान, अभियोजन र न्यायिक प्रकृया अगाडि बढाउन अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउने ।	धितोपत्र सम्बन्धी कसूरदारहरू कारवाहीको दायरामा ल्याई बजारको विश्वसनीयता बढने ।	बोर्ड	बोर्ड	धितोपत्र सम्बन्धी कसुरको जाँचबुझ प्रकृया प्रभावकारी भएको हुने ।

		३. धितोपत्र कारोबारको नियमित अनुगमन तथा निरीक्षण गर्नुका साथै रियल टाईम अनुगमन गर्ने संयन्त्रको प्रभावकारीता बढाउने ।	धितोपत्र कारोबारमा अवाञ्छित गतिविधि गर्ने पक्षहरूलाई कानूनको दायरमा ल्याई कारवाही गर्ने ।	बोर्ड	नेप्से	धितोपत्र कारोबारमा हुने अवाञ्छित गतिविधिमा न्यूनीकरण हुने ।
		४. धितोपत्र व्यवसायीले बोर्डमा पेश गर्नुपर्ने विवरणको ढाँचा लागू गर्ने ।	धितोपत्र व्यवसायीको एकै ढाँचामा प्रतिवेदन प्राप्त हुने वातावरण बनी तुलनात्मक विश्लेषण गर्न भएको कठिनाई अवस्था बनाउने ।	बोर्ड	बोर्ड	धितोपत्र व्यवसायीले पेश गर्नुपर्ने विवरण एकीकृत ढाँचा लागू भएको हुने।
		५. क्रेडिट रेटिङ एजेन्सीको प्रभावकारी सुपरिवेक्षण गर्न न्यूनतम विश्लेषणात्मक मापदण्ड (Key Analytical Paramater) विकास गरी सुपरिवेक्षण म्यानुअल लागू गर्ने ।	क्रेडिट रेटिङ एजेन्सीको कार्यलाई प्रभावकारी एवं विश्वसनीय बनाउने ।	बोर्ड	बोर्ड	विश्लेषणात्मक मापदण्डसहितको म्यानुअल लागू भएको हुने ।
	सार्वजनिक निष्काशन व्यवस्थामा सुधार ल्याउने	**सार्वजनिक निष्काशन व्यवस्थामा सुधार ल्याउन देहाय बमोजिमका व्यवस्था कानूनी तथा नीतिगत व्यवस्था गर्नेः** १. शेयर निष्काशन गर्नुपर्ने सीमा तथा शेयर बाँडफाँट सीमामा पुनरावलोकन गर्ने, २. प्रारम्भिक सार्वजनिक निष्काशनम संस्थागत लगानीकर्ताको प्रवेश सम्बन्धमा व्यवस्था गर्ने, ३. वित्तीय विवरणको पुनरावलोकन तथा जाँचबुझ आवश्यकता देखिएमा बाह्य विज्ञबाट समेत गराउने,	संगठित संस्थाको सार्वजनिक निष्काशन व्यवस्थालाई थप पारदर्शी एवं व्यवस्थित बनाउने ।	बोर्ड	नेपाल सरकार	प्राथमिक बजारमा सुधार भएको हुने ।

		४. प्रारम्भिक सार्वजनिक निष्काशनका लागि बोर्डमा निवेदन दिएपश्चात् संगठित संस्थाको शेयरधनी थप गर्न नपाउने तथा नयाँ शेयरधनी थपेको अवस्थामा निश्चित अवधि पुगे पश्चात मात्र सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्था मिलाउने ।				
		१. संगठित संस्थाको प्राथमिक शेयर (आइपीओ) निष्काशन गर्दा बोर्डले कम्पनीको वित्तीय एवम् व्यवस्थापकीय पक्षको वस्तुपरक अध्ययन गरी अनुमति दिने व्यवस्था मिलाउने । २. धितोपत्रको प्रिमियम मूल्य निर्धारण गर्दा उपयुक्त र विश्वसनीय मूल्याङ्कन विधिबाट धितोपत्र निष्काशन गर्न प्राथमिकता दिने । ३. प्रिमियम र बुक विल्डिङ प्रक्रियाबाट निष्कासनको लागि पारदर्शी विधि अवलम्बन गरी उत्पादनमुलक कम्पनीहरुलाई पूँजी बजारबाट पूँजी परिचालन गर्न सहजता पुर्याउने गरी शेयर तथा बण्ड जारी गर्ने लागत घटाउने र प्रकृया सरलीकरण गर्ने। ४. सामाजिक सञ्जालको प्रयोग गरी सर्वसाधारण लगानीकर्ताबाट प्रारम्भिक सार्वजनिक निष्काशन(IPO) अघि पूँजी संकलन सम्बन्धमा अपनाइएको व्यवहारलाई नियमन गर्न आवश्यक व्यवस्था गरिनेछ । ५. योग्य संस्थागत लगानीकर्ता र सर्वसाधारणलाई छुट्याइने शेयरको प्रतिशत पुनरावलोकन, स्वार्थको द्वन्द्वको थप व्याख्या, सीमा पुनरावलोकन, बाह्य विज्ञबाट Valuation Certification लगायतका	संगठित संस्थाको सार्वजनिक निष्काशन व्यवस्थालाई थप पारदर्शी एवं व्यवस्थित बनाउने ।	बोर्ड	नेपाल सरकार	प्राथमिक बजारमा सुधार भएको हुने ।

		विषयहरुमा अध्ययन गरि बुक बिल्डिङ्ग विधिलाई प्रभावकारी बनाउने, ६. संगठित संस्थाको सार्वजनिक निष्काशन भएपश्चात् उक्त संस्थाको Public Issue Proceed, प्रक्षेपित र वास्तविक विवरणको अवस्था, संस्थागत सुशासन लगातयका विषयमा बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाबाट अनुगमन गर्ने, ७. संगठित संस्थाको विवरणपत्रमा उल्लिखित विषयहरुको जानकारी श्रव्य/दृश्य माध्यमबाट लगानीकर्तामा प्रवाह गर्ने व्यबस्था गर्ने				
	धितोपत्रको दोसो बजार सुधार(१)	१. नेप्से सूचकाङ्कलाई All Equity Index को रूपमा कायम राखी कारोवारयोग्य शेयरहरू (Free Float Shares) को आधारमा नयाँ सूचकांक विकास गरी त्यसलाई Benchmark सूचकाङ्कको रूपमा प्रयोग गर्ने र सोही आधारमा सर्किट ब्रेकरको नियम पुनरावलोकन व्यवस्था मिलाउने ।	धितोपत्रको दोस्रो बजारमा कारोबारलाई थप विश्वसनीय एवं प्रभावकारी बनाउने ।	बोर्ड	नेप्से	धितोपत्रको दोस्रो बजार कारोबारमा सुधार भएको हुने ।
		२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सूचीकृत कम्पनीहरुको वित्तीय सबलता, तरलता तथा संस्थागत सुशासनको अवस्थाका आधारमा गर्ने वर्गीकरण वस्तुनिष्ठ बनाउनुका साथै उक्त बर्गीकरण पश्चात जेड (Z) समूहमा पर्ने कम्पनीहरूको कारोवार गर्दा शतप्रतिशत नगद मार्जिन लिनुपर्ने व्यवस्था गर्ने ।	ऐ.ऐ.	बोर्ड	नेप्से	ऐ.ऐ.
		३. धितोपत्र बजारलाई एसएमईज् प्लेटफर्म मार्फत धितोपत्रको कारोबार संचालन गर्न आवश्यक सहजीकरण गर्ने।	ऐ.ऐ.	बोर्ड	नेप्से	ऐ.ऐ.

		४. क्रेडिट रेटिङ्ग तथा अन्य मानकका आधारमा संगठित संस्थाको वर्गीकरण गरी उक्त संस्थाको दोस्रो बजार कारोवारको शुरु मूल्य र मूल्य सीमाको सम्बन्धमा विशेष व्यवस्था (विद्यमान व्यवस्था भन्दा कम) गर्ने ।	ऐ.ऐ.	बोर्ड	नेप्से	ऐ.ऐ.
		५. धितोपत्रको दोस्रो बजारमा प्रणालीगत जोखिम न्यूनीकरण गर्न धितोपत्र दलाल व्यवसायीमार्फत् कारोवार खाता, डिम्याट खाता र बैंक खाता Integration गरी लगानीकर्ताहरूको खातामा खरिदका लागि आवश्यक रकम उपलब्ध भएको यकिन भएपश्चात मात्र खरिदको कारोबार सम्पन्न हुने आवश्यक व्यवस्था मिलाउने।	ऐ.ऐ.	बोर्ड	नेप्से, सिडिएससी	ऐ.ऐ.
		६. सूचीकरण पश्चातको कारोवारमा हुने धितोपत्रको माग र आपूर्तिबीचको सन्तुलन कायम गर्न सामूहिक लगानी कोषको लकइन अवधि हटाइनेछ ।	ऐ.ऐ.	बोर्ड	नेपाल सरकार, नेप्से	ऐ.ऐ.
		७. संगठित संस्थाको सूचीकरण पश्चातको पहिलो कारोबार मूल्यमा सम्बन्धी व्यवस्था वैज्ञानिक बनाईनेछ ।	ऐ.ऐ.	नेप्से	बोर्ड	ऐ.ऐ.
		८. T+२ भित्र भुक्तानी नभई राफसाफ हुन नसकेको धितोपत्रलाई सिडिएससीको स्वीकृतिमा धितोपत्र दलाल व्यवसायीले बिक्री गरी राफसाफ तथा फर्छ्यौट गर्ने र उक्त कारोवारबाट सिर्जित लाभ Settlement Guarantee Fund मा राख्नुपर्ने तथा यस कोषको प्रभावकारी सञ्चाल व्यवस्था गर्ने ।	ऐ.ऐ.	नेप्से	बोर्ड	ऐ.ऐ.

	धितोपत्र दोस्रो बजार कारोबारमा सुधार ल्याउने (२)	**धितोपत्र बजार सञ्चालक नेपाल स्टक एक्सचेञ्ज लिमिटेड मार्फत देहाय अनुरूपका कार्य गर्ने/गराउनेः** १. पूँजी, प्रतिफल, तरलतालगायतका आधारमा NEPSE Index (जस्तै NEPSE ३०, NEPSE High Cap) विविधीकरण गर्न, २. नेप्से सूचकांक(NEPSE Index) लाई स्थापित अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउन प्रचलित सूचकांक गणना गर्ने संस्थासँग सहकार्य गर्ने कार्य अगाडि बढाउने ३. धितोपत्रको दोस्रो बजार कारोवार मोबाईल एपमार्फत गर्ने व्यवस्था मिलाउने, ४. SME Platform तथा Auction Market सञ्चालनमा ल्याउने ।	धितोपत्रको दोस्रो बजारमा कारोबारलाई थप विश्वसनीय एवं प्रभावकारी बनाउने ।	बोर्ड	नेप्से	दोस्रो बजार कारोबार सेवामा सुधार
	केन्द्रीय निक्षेप सेवामा तत्काल सुधार ल्याउने ।	**सिडिएस एण्ड क्लियरिंग लिमिटेड मार्फत निम्नानुसारका कार्य गर्ने/गराउनेः** १. संगठित संस्थाहरूलाई प्रदान गरिने ISIN व्यवस्थालाई Association of National Numbering Agencies को ISIN Uniform Guidelines २०२६ अनुरूप गर्ने व्यवस्था मिलाउने, २. डिम्याट खाता तथा मेरो शेयर खातामा प्रत्येक वर्ष लिदैं आएको नवीकरण शूल्क दुई वर्षसम्म हुने गरी विनियमावलीमा संशोधन व्यवस्था मिलाउने, ३. राफसाफ हुन नसकी पुल खातामा रहेका धितोपत्रको बिक्री प्रकृया सहज बनाउन,	धितोपत्र निक्षेप तथा राफसाफ कार्यलाई थप विश्वसनीय एवं प्रभावकारी बनाउने ।	बोर्ड	सिडिएससि	निक्षेप तथा राफसाफ सेवामा सुधार हुने ।

		४. राफसाफ तथा फछ्र्यौट प्रणाली तथा निक्षेप सेवा प्रणालीलाई थप प्रभावकारी बनाउने, ५. अक्सन मार्केट सञ्चालनमा ल्याउने सम्बन्धमा आवश्यक व्यवस्था संशोधन प्रस्ताव गर्ने ६. E-DIS सम्बन्धी हालको व्यवस्थामा सहजीकरण गर्ने ।				
	धितोपत्र दलाल व्यवसायी सेवामा सहजीकरण	१. धितोपत्र कारोबारलाई थप व्यवस्थित गर्न Know Your Customer- KYC भर्ने प्रकृयालाई National Identity Card-NID प्रदान गर्ने निकायको प्रणालीसँग धितोपत्र व्यवसायीले प्रणाली सामञ्जस्य हुने व्यवस्था सहजीकरण गर्ने ।	लगानीकर्ताहरूले सहजरूपमा कारोबार गर्न सक्ने व्यवस्था मिलाउने ।	बोर्ड	धितोपत्र दलाल व्यवसायी	दोस्रो बजार कारोबार सेवामा सुधार

४. लगानीकर्ता सुरक्षा, जोखिम न्यूनीकरण र संस्थागत सुशासन व्यवस्था

प्राथमिकता	मुख्य कार्यक्रम	क्रियाकलापहरू	उद्देश्य	जिम्मेवार निकाय	सहजीकरण गर्ने निकाय	प्रमुख कार्यसम्पादन सूचक
पूँजी बजारप्रति लगानीकर्ताको विश्वसनीयता अभिवृद्धि गर्ने	लगानीकर्ताको हक हित संरक्षण तथा सुरक्षा	१. धितोपत्र बजारको प्रभावकारी नियमन तथा सुपरिवेक्षण गरी कानून विपरीतका गतिविधि विरूद्ध शून्य सहनशीलताको नीति लिदैं अवाञ्छित गतिविधि गर्ने र धितोपत्र सम्बन्धी कसुरको जाँचबुझलाई थप गति प्रदान गर्नुका साथै अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउने । २. सूचीकृत कम्पनीहरूले धितोपत्र निष्काशन मार्फत प्राप्त पूँजीको उद्देश्य अनुरूप परिचालन भए/नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने । ३. लगानीकर्ता सुरक्षालाई प्राथमिकता दिई सामाजिक सञ्जालको प्रयोग गरी Finfluencers हरूबाट धितोपत्र बजारलाई	पूँजी बजारप्रति लगानीकर्ताको विश्वसनीयता बढाई बजारमा स्थायित्व ल्याउने ।	बोर्ड	बोर्ड	धितोपत्र बजारमा अवाञ्छित कृयाकलापमा सहभागी पक्ष कारवाहीको भागीदार भएको हुने ।

		प्रभावित पार्ने गरी सूचना प्रवाह भए नभएको विश्लेषण तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउनुका साथै लगानीकर्ताहरूलाई सचेत गराईनेछ ।				
	धितोपत्र बजारमा सम्पत्ति शुद्धीकरण निवारण गतिविधिमा नियन्त्रण गर्ने ।	१. शेयरमा हुने लगानी मार्फत सम्पत्ती शुद्धीकरण हुन सक्ने देखिएकोले निश्चित रकमभन्दा माथिको रकममा सम्पतिको स्रोत पुष्टि गर्ने प्रबन्ध मिलाउने ।	सम्पत्ति शुद्धीकरण निवारण गतिविधिमा नियन्त्रण गर्ने ।	बोर्ड	बोर्ड	सम्पतिको स्रोत पुष्टि गर्ने व्यवस्था मिलाउने ।
प्रणालीगत जोखिम कम गर्ने ।	जोखिम न्युनीकरण	१. धितोपत्र व्यवसायीहरूको प्रभावकारी सुपरिवेक्षणका लागि जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू गर्ने ।	धितोपत्र व्यवसायीहरूको प्रभावकारी सुपरिवेक्षण गर्ने ।	बोर्ड	बोर्ड	जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू भएको हुने ।
		२. नेपाल स्टक एक्सचेन्ज र सिडिएस एण्ड क्लियरिङ्ग लि. को नियमित रूपमा सूचना प्रविधि प्रणालीको सम्परीक्षण (IT System Audit) व्यवस्था मिलाउने ।	नेप्से तथा सिडिएसीको सूचना प्रविधि प्रणाली सुरक्षित संचालन व्यवस्था मिलाउने ।	नेप्से, सिडिएसी	बोर्ड	नेप्से र सिडिएससीको IT System Audit भएको हुने ।
		३. बोर्डमा सूचना प्रविधि जोखिम न्युनीकरण गर्न Financial Computer Emergency Response Team (Fin CERT) को गठन गर्ने ।	बोर्डमा सूचना प्रविधि जोखिम न्युनीकरण	बोर्ड	बोर्ड	Fin CERT को गठन भएको हुने ।

			व्यवस्था मिलाउने			
		४. धितोपत्र बजारमा सूचीकृत कम्पनीहरूले प्रवाह गर्नुपर्ने सूचना तथा विवरणलाई एकरूपता ल्याउन बोर्डले एकीकृत ढाँचा बनाई लागू गर्ने । साथै उक्त कम्पनीहरूको वेवसाइट मार्फत वित्तीय विवरण तथा मूल्य संवेदनशील सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था मिलाउने ।	पूँजी बजारमा प्रणालीगत जोखिम न्यूनीकरण गर्ने	बोर्ड	बोर्ड	पूँजी बजारमा जोखिम न्यूनीकरण हुने ।
संस्थागत सुशासन अभिवृद्धि	धितोपत्र बजारमा संस्थागत सुशासनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउने ।	बोर्डबाट अनुमतिपत्र प्राप्त र धितोपत्र दर्ता गरेका संगठित संस्थाहरूको Corporate Governance लाई OECD Principles तथा IOSCO Standards अनुरूप बनाउनेः १. स्वतन्त्र सञ्चालक(Independent Director) को प्रभावकारी भूमिकाको व्यवस्था गर्ने, २. Board Performance Evaluation गर्ने, ३. Board Diversity गर्ने, ४. Audit Committee सुदृढीकरण गर्ने ५. Risk Management Committee स्थापना गर्ने, ६. Succession Planning तयार गर्न लगाउने ।	नेपालको पूँजी बजार सम्बन्धी कानूनी व्यवस्थालाई स्थापित सिद्वान्त र अभ्यास अनुरूप बनाउने ।	बोर्ड	नेप्से तथा धितोपत्र व्यवसायी	संस्थागत सुशासनमा सुधार हुने ।
पारदर्शी सूचना प्रवाह व्यवस्था	सूचना प्रवाह व्यवस्थामा सुधार(Disclosure Reform)	१. सूचीकृत कम्पनीहरूले त्रैमासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, Material Information, Related Party Transactions, Risk Disclosure, समयमै सार्वजनिक गर्नुपर्ने लगायतका व्यवस्थालाई प्रभावकारी बनाउने ।	सूचीकृत कम्पनीहरूको सूचना प्रवाह व्यवस्थामा पारदर्शिता ल्याउने ।	बोर्ड	नेप्से तथा सूचीकृत कम्पनी	सूचना प्रवाह व्यवस्थामा सुधार हुने ।

		२. धितोपत्र सम्बन्धी कानूनी प्रावधान अनुरूप धितोपत्र व्यवसायीहरूले प्रवाह गर्नुपर्ने विवरण तथा जानकारी पेश भए नभएको प्रभावकारी अनुगमन गर्ने ।	धितोपत्र व्यवसायीको सूचना प्रवाहमा सुधार गर्ने ।	बोर्ड	नेप्से तथा सूचीकृत कम्पनी	सूचना प्रवाहमा सुधार हुने ।
		३. दिगो विकासलाई प्रोत्साहन गर्न Environmental Reporting, Social Impact Reporting, Governance Indicators र Climate Risk Disclosure समावेश भएको ESG Reporting Framework तयार गर्ने ।	अन्तर्राष्ट्रिय लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नुका साथै नेपालको पूँजी बजारलाई हरित तथा दिगो वित्त तर्फ उन्मुख गराउन	बोर्ड	नेपाल सरकार, नेप्से तथा सूचीकृत कम्पनी	पूँजी बजारलाई हरित तथा दिगो वित्त तर्फ उन्मुख हुने।

५. वित्तीय उपकरण तथा सेवाको विविधीकरण, वैकल्पिक लगानी बजारको विकास र संस्थागत लगानीकर्ता

प्राथमिकता	मुख्य कार्यक्रम	क्रियाकलापहरू	उद्देश्य	जिम्मेवार निकाय	सहजीकरण गर्ने निकाय	प्रमुख कार्यसम्पादन सूचक
वित्तीय उपकरण तथा सेवमा विविधीकरण ल्याउनुका साथै वैकल्पिक बजारको	सरकारी ऋणपत्र बजारलाई पूँजी बजारसँग जोड्न ।	१.सरकारी ऋणपत्र लगायत सबै प्रकारका वित्तीय उपकरणहरूको अभौतिकीकरण गरी स्वचालित प्रणाली मार्फत दोश्रो बजारमा कारोबार गर्ने व्यवस्था मिलाउनुका साथै आवश्यक सहजीकरण गर्ने । २. सरकारी ऋणपत्र बजार कारोबारलाई गति दिन निम्नानुसार सुधारहरू गर्नेः ▪ Treasury Bills तथा Development Bonds को Secondary Trading	सरकारी ऋणपत्रको दोस्रो बजार कारोबारलाई प्रभावकारी बनाई इक्विटि बजार र ऋणपत्र बजारको सामान्तर विकास गर्न ।	बोर्ड	नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेप्से	सरकारी ऋणपत्र अभौतिकीकरण भई दोसो बजार कारोबार हुने ।

विकास गर्ने ।		▪ Retail Government Bond Platform विकास गर्ने ▪ Digital Bond Issuance शुरूवात गर्ने ▪ Market Makers को व्यवस्था गर्ने ▪ Benchmark Yield Curve निर्माण गर्ने ।				
		३. धितोपत्र बजारमा इन्ट्राडे, सर्ट सेलिङ् र सेक्युरिटी लेंडिङ एण्ड बरोइङको संचालन व्यवस्था मिलाउने ।	धितोपत्र बजारमा नयाँ उपकरणको उपलब्धता गराउने ।	बोर्ड	नेपाल सरकार, नेप्से	नयाँ उपकरण धितोपत्र बजारमा कारोबार हुने ।
ऋणपत्र बजारलाई गतिशील बनाउने ।	संस्थागत ऋणपत्र बजार(Corporate Bond Market) को विकास	१. संस्थागत ऋणपत्र बजार(Corporate Bond Market) को विकासका लागि देहाय बमोजिम कार्यहरू गर्नेः १. Bond Market Framework तयार गर्ने २. Bond Trustee प्रणालीलाई सुदृढ बनाउने ३. Corporate Bond Trading Platform सञ्चालन गर्ने ४. Secondary Bond Market सक्रिय बनाउने ५. Institutional Investors लाई Corporate Bonds मा लगानी गर्न प्रोत्साहन गर्ने ६. Yield Curve विकास गरी मूल्य निर्धारण प्रणालीलाई पारदर्शी बनाउने।	दीर्घकालीन परियोजनाको वित्तपोषण, बैंकिङ प्रणालीमा सम्पत्ति दायित्व सन्तुलन ल्याउन, दीर्घकालीन स्रोत परिचालन योग्य बजार बनाउन र निजी क्षेत्रको पूँजी लागत (Cost of Capital) घटने ।	बोर्ड	नेपाल सरकार, नेप्से	उद्योग तथा पूर्वाधार क्षेत्रमा दीर्घकालीन वित्तपोषण वृद्धि हुने पूँजी बजारको गहिराइ र तरलता वृद्धि
वैकल्पिक बजारको विकास	SME Exchange को संचालन तथा व्यवस्थापन	१. साना तथा मझौला उद्योग (SMEs) लाई पूँजी बजारमा भित्र्याउन SME Exchange संचालन व्यवस्था मिलाउन निम्नानुसारका कार्यहरू गर्नेः	नेपालका अधिकांश उद्योगहरू साना तथा मझौला उद्योग (SMEs)	बोर्ड	नेप्से	SME Exchange को संचालन हुने ।

वैकल्पिक उपकरणको विकास		• छुट्टै SME Listing Board • सरल सूचीकरण मापदण्ड बनाउने • Tax Incentives • SME Advisory Services • Research Coverage	रहेकोमा तिनीहरूको पूँजी बजारमा पहुँच बनाई उद्यमलाई दीर्घकालीन पूँजी उपलब्ध गराउने।			
	हकप्रद अधिकार हस्तान्त्रण(Right Renounce) को व्यवस्था गर्ने।	१. हकप्रद अधिकार हस्तान्त्रण(Right Renounce) को कारोबारका लागि आवश्यक कानूनी तथा संरचनागत व्यवस्था गर्ने। २. यस सम्बन्धी छुट्टै विनियमावली तयार गरी दोस्रो बजार कारोबार व्यवस्था मिलाउने ।	हकप्रद शेयर खरिद गर्ने लगानीकर्ताको अधिकारलाई अर्को पक्षलाई बिक्री वा हस्तान्त्रण गर्ने प्रकृया मिलाउने ।	बोर्ड	नेपाल सरकार, नेप्से, सिडिएससी	हकप्रद अधिकार हस्तान्त्रण सहज हुने ।
	नेपालको पूँजी बजारमा Securities Lending and Borrowing-SLB को व्यवस्था गर्ने ।	१. SLB शुरूवात गर्न देहाय बमोजिमका सुधारहरू गर्नेः • SLB Regulations • Custodian Framework • Risk Management • Digital Borrowing Platform	Securities Lending प्रणालीले बजारमा तरलता वृद्धि गर्नुका साथै Short Selling तथा Derivatives Market को विकासका लागि आधार तयार हुने ।	नेप्से,	नेपाल सरकार, बोर्ड, सिडिएससी	धितोपत्र बजारमा SLB सेवा व्यवस्था हुने ।
	हरित बण्ड र दिगो वित्त कोषको निष्काशन तथा संचालनमा जोड दिने ।	१. हरित बण्ड (Green Bonds) तथा दिगो वित्त (Sustainable Finance) जस्ता उपकरणको विकासका लागि निम्नानुसारका सुधारहरू गर्नेः • Green Bond Guidelines जारी गर्ने • Climate Finance Framework निर्माण गर्ने • ESG आधारित परियोजनालाई प्राथमिकता दिने • Carbon Credit Financing सँग पूँजी बजारलाई जोड्ने	नेपाल जलविद्युत्, नवीकरणीय ऊर्जा, जलवायु परिवर्तन अनुकूलन तथा हरित पूर्वाधार परियोजनका लागि वित्तीय स्रोत उपलब्ध गराउने ।	बोर्ड	नेपाल सरकार, नेप्से	हरित बण्ड र दिगो वित्त कोषको निष्काशन व्यवस्था हुने ।

		• International Green Fund आकर्षित गर्ने।				
	म्युनिसिपल बण्ड निष्काशन तथा संचालन व्यवस्था गर्ने ।	१. पूँजी बजारमार्फत म्युनिसिपल बण्ड (Municipal Bonds) निष्काशन कार्य सम्बन्धमा भएको अध्ययनमा हालसम्म विकसित भएका नीति तथा देहायका विषय समेत समेट्ने गरी अद्यावधिक गर्नेः ▪ Credit Rating of Local Governments ▪ Project-based Financing ▪ Municipal Bond Guarantee Mechanism ▪ Local Infrastructure Investment Platform	नेपालका महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरूलाईस्थानीय पूर्वाधार विकासका लागि पूँजी बजारमार्फत स्रोत परिचालन गर्ने अवसर प्रदान गर्न।	बोर्ड	नेपाल सरकार, नेप्से	स्थानीय सरकारको सार्वजनिक पूर्वाधारमा लगानीका लागि वित्त व्यवस्थापनको लागि आधार तयार हुने।
	Real Estate Investment Trusts (REITs) र Infrastructure Investment Trusts (InvITs) को संचालन व्यवस्था गर्ने ।	१. नेपालको धितोपत्र बजारमा REITs तथा InvITs जस्ता उपकरण व्यवस्थाका लागि देहायका विषय समेटी अध्ययन गर्ने/गराउनेः १. REITs & InvIT Regulations को आवश्यकता २. Tax Incentives को विषय ३. Infrastructure Asset Monetization Framework सम्बन्धी	नेपालमा रियल इस्टेट क्षेत्रमा ठूलो लगानी भएकोमा त्यसलाई पूँजी बजारसँग जोडी यस क्षेत्रमा पारदर्शिता, साना लगानीकर्ताको सहभागिता, नियमित लाभांश र व्यवसायिक सम्पत्ति व्यवस्थापन लाई प्रोत्साहन हुने । नेपालमा जलविद्युत्, प्रसारण लाइन, सडक, विमानस्थल तथा अन्य पूर्वाधार परियोजनाका लागि InvITs को उपयोगिता बढाउन ।	बोर्ड	नेपाल सरकार, नेप्से	REITs र InvITs को संचालनका लागि संरचनात्मक व्यवस्था भएको हुने ।

	Exchange Traded Funds (ETFs) संचालन व्यवस्था गर्ने ।	१. Exchange Traded Funds(NEPSE Index ETF, Banking ETF, Hydropower ETF, Government Bond ETF तथा ESG ETF संचालन सम्बन्धमा अध्ययन गर्ने/गराउने ।	साना लगानीकर्तालाई कम लागतमा विविधीकृत लगानी गर्ने अवसर प्रदान गर्न ।	नेप्से	नेपाल सरकार, बोर्ड	बजारको तरलता तथा संस्थागत लगानी वृद्धि हुने ।
	डेरिभेटिभ बजार (Derivatives Market) संचालन व्यवस्था मिलाउने ।	१. डेरिभेटिभ बजार (Index Futures, Stock Futures, Options, Interest Rate Futures, Currency Derivatives) संचालन सम्बन्धमा अध्ययन गर्ने/गराउने ।	नेपालको पूँजी बजारमा जोखिम व्यवस्थापन, बजार तरलता वृद्धि, संस्थागत लगानी आकर्षण र मूल्य खोज (Price Discovery) मा सुधार ल्याउने।	नेप्से	नेपाल सरकार, बोर्ड	जोखिम व्यवस्थापनका लागि डेरिभेटिभ साधन उपलब्ध हुने ।
	Alternative Trading Platform (ATP) को विकास गर्ने,	१. लगानीकर्ताको हित संरक्षण तथा पूँजी परिचालनलाई दृष्टिगत गरी संगठित संस्थाको पूँजी, वित्तीय अवस्था लगायतका मानकका आधारमा संस्थागत लगानीकर्ता बीच मात्र कारोबार हुने गरी Alternative Trading Platform को विकास गर्ने,	नयाँ वैकल्पिक बजारको विकास गर्ने ।	बोर्ड	बोर्ड	ATP को विकास भएको हुने ।
	ओटिसि बजार (OTC Market) लाई थप सकिय गराउने ।	१. ओटिसि बजारमार्फत पब्लिक लि. कम्पनीको कारोबार सकृय बनाउन कम्पनी रजिष्ट्रारको कार्यालयसँग समवन्य गर्ने । २. ओटिसि बजारमा हुने कारोबारलाई थप व्यवस्थित बनाउन विद्यमान व्यवस्था पुनरावलोकन गर्ने ।	ओटिसि बजारलाई सकृय बनाई पब्लिक लि. कम्पनीको कारोबार हुने व्यवस्था मिलाउने ।	नेप्से	बोर्ड	OTC Market सकिय भएको हुने ।
लगानीकर्ता विविधीकरण गर्दै लैजाने ।	धितोपत्र बजारमा गैर आवासीय नेपालीलाई प्रवेश गराउने ।	१. गैर-आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा सहभागी गराउने सम्बन्धमा बोर्डबाट भएको अध्ययन प्रतिवेदनमा प्रस्तावित सुधार सुझावको कार्यानवयनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।	धितोपत्र बजारमा गैर आवासीय नेपालीलाई प्रवेश गराई विदेशी पूँजी औपचारिक माध्यमबाट	बोर्ड	नेपाल सरकार, नेपाल राष्ट्र बैंक, उद्योग	गैर-आवासीय नेपालीले धितोपत्रको दोस्रो बजार कारोबार

		२. धितोपत्र बजारमा गर्नुपर्ने कानूनी तथा संरचनात्मक व्यवस्था कार्य अगाडि बढाउने ।	भित्र्याउने व्यवस्था मिलाउने।		विभाग, नेप्से, सिडिएससी	व्यवस्था भएको हुने ।
संस्थागत लगानीकर्ता पूँजी बजारमा बढाउने ।	संस्थागत लगानीकर्ताको सशक्तीकरण (Institutional Investor Development) गर्ने ।	१. दीर्घकालीन बजार स्थायित्वका लागि कर्मचारी सञ्चय कोष (EPF) , नागरिक लगानी कोष (CIT), सामाजिक सुरक्षा कोष (SSF), र पेन्सन कोष जस्ता संस्थागत लगानीकर्ताको सशक्तिकरण गरी विविध सम्पत्ति वर्गमा लगानी गर्ने वातावरण बनाउन पहल गर्ने ।	पूँजी बजारमा संस्थागत लगानीकर्ताको संख्यामा वृद्दि गरी माग पक्ष सुदृढ गराउने ।	नेपाल सरकार	बोर्ड	संस्थागत लगानीकर्ताको संख्यामा बृद्धि हुने ।
पूँजी बजारलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्बद्ध गर्दै लैजाने ।	अन्तर्राष्ट्रिय लगानी भित्र्याउने वातावरण बनाउने ।	१. नेपाली पूँजी बजारलाई अन्तर्राष्ट्रियकरण तथा विदेशी लगानी (Internationalization and Foreign Investment) भित्र्याउन सम्बन्धमा Qualified Foreign Institutional Investor (QFII) Framework, Interanational Custodian Services, Cross-border Collaboration, विदेशी पोर्टफोलियो लगानीका लागि चरणबद्ध प्रवेश गराउने र Regional Capital Market Integration जस्ता विषय समेटी अध्ययन गर्ने/गराउने ।	धितोपत्र बजारको दायरा फराकिलो बनाई अन्तर्राष्ट्रिय लगानी भित्र्याउने ।	नेपाल सरकार	बोर्ड, नेपाल सरकार, उद्योग मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेप्से, सिडिएससी	नेपालको पूँजी बजारमा अन्तर्राष्ट्रिय लगानी गर्न सक्ने वातावरण तयार हुने

६.डिजिटल रूपान्तरण, प्रविधि, तथा दिगो पूँजी बजार विकास

प्राथमिकता	मुख्य कार्यक्रम	क्रियाकलापहरू	उद्देश्य	जिम्मेवार निकाय	सहजीकरण गर्ने निकाय	प्रमुख कार्यसम्पादन सूचक
प्रविधिमैत्री पुर्वाधारमा जोड	आधुनिक प्रविधिको प्रयोग र सुरक्षा व्यवस्था	१. बोर्डको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (IOMS) विकास गरी संचालनमा ल्याउने । २. डिजिटल सुरक्षा प्रणालीको विकास र सुदृढीकरण गर्न धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको लागि सूचना प्रविधिसम्बन्धी मापदण्ड बनाउने । ३. धितोपत्र बजार पूर्वाधारहरूमा सूचना प्रविधिको जोखिम न्यूनीकरण गर्न पुनरुत्थान योजना बनाई कार्यान्वयन गर्न निर्देशन दिनुका साथै बोर्डमा समेत पुनरुत्थान योजना बनाई कार्यान्वयन गर्ने । ४. Artificial Intelligence तथा Big Data मा आधारित बजार सुपरिवेक्षण(Market Surveillance) प्रणाली लागू गर्ने । ५. पूँजी बजारसम्बन्धी तथ्यांक प्राप्ति तथा प्रवाहका लागि डिजिटल पद्धतिको विकास गर्ने । ६. Supervisory Information System-SIS विकास सम्बन्धमा अध्ययन गर्ने । ७. बोर्डबाट सम्पादन गर्ने कार्यहरुलाई प्रभावकारी एवं सहज बनाउन आवश्यक प्रविधि तथा पुर्वाधार वार्षिक खरिद योजना अनुरूप खरिद गर्ने।	बोर्डका गतिविधि तथा कामकारवाहीहरूलाई आधुनिक प्रविधिको प्रयोग गर्ने बनाउनुका साथै सोको सुरक्षा व्यवस्था मिलाउने ।	बोर्ड	बोर्ड	नेपाल धितोपत्र बोर्डका गतिविधिमा सूचना प्रविधिको प्रयोग बढेको हुने ।
	प्रविधिमा आधारित पूँजी बजार	डिजिटल रूपान्तरणलाई प्राथमिकता दिंदैः १. Blockchain आधारित Settlement System मा लैजाने	पूँजी बजारका गतिविधि तथा कामकारवाहीहरूलाई	बोर्ड	बोर्ड, नेप्से, सिडिएससी	पूँजी बजार गतिविधिमा

	(Technology-driven Capital Market) को विकास	२. API आधारित Capital Market Ecosystem तयार गर्ने तर्फ प्रारम्भिक कार्य गर्ने ३. राफसाफ व्यवस्था सुधार गर्ने ४. Cyber Security Operation Center स्थापना गर्ने आवश्यक तयारी गर्ने ५. Digital KYC तथा पूर्णतः Paperless Capital Market विकास गर्दै लैजाने ।	आधुनिक प्रविधिको प्रयोग गर्ने बनाउनुका साथै सोको सुरक्षा व्यवस्था मिलाउने ।			सूचना प्रविधिको प्रयोग बढेको हुने ।

७.वित्तीय साक्षरता तथा अध्ययन/अनुसन्धान (Financial Literacy and Study/Research)

प्राथमिकता	मुख्य कार्यक्रम	क्रियाकलापहरू	उद्देश्य	जिम्मेवार निकाय	सहजीकरण गर्ने निकाय	प्रमुख कार्यसम्पादन सूचक
वित्तीय साक्षरता बढाउने ।	सैद्धान्तिक र अभ्यासमूलक लगानीकर्ता शिक्षा संचालन गर्ने ।	१. पूँजी बजार साक्षरता फ्रेमवर्क (Capital Market Literacy Framework) तयार गरी लागू गर्ने ।	वित्तीय शिक्षाका आधारमा लगानी निर्णय संस्कृतिको विकास गर्ने ।	बोर्ड	बोर्ड, नेप्से, सिडिएससी, बजार सहभागी	फ्रेमवर्क तयार भएको हुने ।
		२. नेपाल सरकार, शिक्षा मन्त्रालय तथा विभिन्न विश्व विद्यालयसँग समन्वय गरी शैक्षिक पाठ्यक्रममा वित्तीय शिक्षा सम्बन्धी विषय समावेश गर्न समन्वय तथा सहकार्य गर्ने । ३. लगानीकर्ताको शिक्षाकोस्तर, आम्दानी, बसोबास क्षेत्र लगायतका आधारमा वित्तीय शिक्षा संचालनका लागि क्षेत्रगत(व्यापारी, विद्यार्थी, लगानीकर्ता) र तहगत (सामान्य, मध्यम तथा उच्च) अनुरूप पाठयक्रम तयार गर्ने ।	शैक्षिक कार्यक्रमहरूमा वित्तीय क्षेत्र सम्बन्धी ज्ञान प्रदान गरी सुझवुझपूर्ण लगानी वातावरण बनाई बजारको स्थायित्वमा भूमिका हुने ।	बोर्ड	बोर्ड, नेपाल सरकार, शिक्षा मन्त्रालय, विश्व विद्यालयहरू	पाठयक्रम तयार भएको हुने।

		४. पूँजी बजार सम्बन्धी जनचेतना जगाई पूँजीबजारबाट वित्तीय साधन परिचालन गरेर लगानी प्रर्वद्धन गर्ने। ५. दुर्गम क्षेत्रहरूमा वित्तीय ज्ञान, सूचना प्रविधिको प्रयोग, जोखिम न्यूनीकरण सम्बन्धी तालिम तथा सचेतना कार्यक्रम संचालन गर्ने । ६. वित्तीय शिक्षा अभिवृद्धिका लागि माध्यामिक, स्नातक र स्नातकोत्तर तहमा अध्यापन गराउने शिक्षकहरूलाई ToT संचालन गर्ने । ७. वित्तीय शिक्षा प्रवाह गर्न बोर्डमा education.sebon.gov.np पोर्टलको विकास गरी संचालन गर्ने । ८. धितोपत्र बजार संचालक तथा धितोपत्र व्यवसायीहरूको सामाजिक उत्तरदायित्व अन्तर्गत देशव्यापी रूपमा वित्तीय सचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने	वित्तीय शिक्षाका आधारमा लगानी निर्णय संस्कृतिको विकास गर्ने ।	बोर्ड	बोर्ड, नेप्से, सिडिएससी, बजार सहभागी	वित्तीय साक्षरता कार्यक्रम संचालन भएको हुने ।
	राष्ट्रिय लगानीकर्ता शिक्षा अभियान (National Investor Education Mission-IE Mission) सञ्चालन गर्ने ।	राष्ट्रिय लगानीकर्ता शिक्षा अभियान संचालनका लागि देहायका कार्य गर्नेः १. विद्यालय तहमा वित्तीय शिक्षा २. विश्वविद्यालयमा Capital Market Curriculum ३. Digital Learning Platform ४. Women Investor Programme ५. Youth Investment Programme ६. Overseas Nepali Investor Education	नेपाल सरकार, SEBON, NEPSE, CDSC, बैंक, विश्वविद्यालय तथा निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय अभियान सञ्चालन गरिनुपर्छ।	बोर्ड	बोर्ड, नेप्से, सिडिएससी, बजार सहभागी	अभियान संचालन भएको हुने

	धितोपत्र बजारमा व्यवसायिक जनशक्ति तथा अध्ययन अनुसन्धान गर्ने संस्था स्थापना गर्ने ।	Capital Market Research and Policy Institute-CMRPI स्थापना कार्य अगाडि बढाउन नेपाल सरकार समक्ष प्रस्ताव गर्ने।	धितोपत्र व्यवसायीहरूलाई व्यवसायिक तालिम, वित्तीय साक्षरता र बजार सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम व्यवस्थितरूपमा संचालन गर्ने ।	नेपाल सरकार	बोर्ड	CMRPI को स्थापना प्रकृया अगाडि बढेको हुने ।
पूँजी बजार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने ।	अध्ययन/अनुसन्धानमा आधारित बजार विकास तथा सुदृढीकरण कार्य अगाडि बढाउने ।	१. Equity Crowd Funding, ग्लोबल डिपोजिटरी रिसिटको अभ्यास, आवश्यकता, सम्भाव्यता, औचित्यता र कानूनी तथा संरचनागत व्यवस्था पहिचानका लागि अध्ययन गर्ने ।	नयाँ उपकरणको विकासका लागि आवश्यक्ता पहिचान गर्ने	बोर्ड	बोर्ड	अध्ययन सम्पन्न भएको हुने ।
		२. प्रत्यक्ष नियमनकारी निकाय नभएका सूचीकृत क्षेत्रका कम्पनीहरूको संस्थापक समूहको धितोपत्र कारोबार व्यवस्थित गर्ने सम्बन्धमा Consultation paper तयार गर्ने ।	संस्थापक समूहको धितोपत्र कारोबारमा सम्बन्धी व्यवस्था सिफारिश हुने ।	बोर्ड	नेपाल सरकार	Consultation paper तयार हुने ।
कमोडिटी एक्सचेञ्ज (Commodity Exchange) सम्बन्धमा।	कमोडिटी एक्सचेञ्जमा हुने वस्तुको पहिचान गर्ने ।	१. नेपाली वस्तु(कृषि उपज र धातुजन्य वस्तु) हरूमा आधारित करार कारोबार हुने गरी कमोडिटी एक्सचेञ्ज संचालनका लागि अध्ययन गरी Consultation Paper तयार गर्ने ।	नेपालका कृषि, वस्तु तथा बहुमूल्य धातुको संगठित कमोडिटी बजार विकास गरी	बोर्ड	नेपाल सरकार	Consultation Paper तयार भएको हुने ।

			कृषकलाई उचित मूल्य, मूल्य जोखिम व्यवस्थापन, निर्यात प्रवर्द्धन र कृषि वित्तीयकरण व्यवस्था मिलाउने ।			

***